# अध्याय : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

वि.स. २०७२ सालमा जारी भएको नेपालको संविधानको भाग १७ र १८ मा स्थानीय कार्यपालिका, न्यायपालिका र ब्यवस्थापिका सम्वन्धि ब्यवस्थामा समावेशी सहभागीताको विषय उल्लेख गरेको छ । साथै स्थानीय तह निर्वाचनमा ५० प्रतिशत महिला उम्मेद्वारीको विशेष ब्यवस्था समेत गरेको छ । सामावेशी निर्वाचन सम्बन्धी ब्यवस्था तथा सहभागीता अनुसार निर्वाचन आयोगको काम, कर्तब्य र अधिकार सम्बन्धी ऐन, २०७३ को दफा ४२ ले निर्वाचन सम्बन्धी सम्पूर्ण काम कार्वाही र मानव श्रोत परिचालन समावेशी गर्नु पर्ने कर्तब्य निर्वाचन आयोगलाई तोकेको छ । (निर्वाचन आयोग नेपाल, २०७४) उक्त ब्यवस्था अनुसार निर्वाचन सम्बन्धी नीति निर्धारण गर्दा, कार्यक्रम संचालन गर्दा, कर्मचारी खटाउंदा, अनुगमन वा पर्यवेक्षण गर्दा वा गराउँदा लैङ्गिकमैत्री र समावेशी सिद्धान्तलाई अवलम्वन गर्नु पर्ने ब्यवस्था प्रष्ट गरेको छ ।

स्थानीय ब्यवस्थापिकामा महिला सहभागिता सम्बन्धी ब्यवस्थालाई हेर्दा स्थानीय तहको वडा एकाईमा ४ जना सदस्यमध्ये २ जना महिला (२ जना महिलामध्ये पनि १ जना दलित महिला हुनु पर्ने अनिवार्य ब्यवस्था छ) र बाँकी दुई जना सदस्य भने दलित वा अल्पसंख्यकबाट निर्वाचित हुनु पर्ने ब्यवस्था छ । यो ब्यवस्था नगर वडा र गाउँ वडा दुवैमा समान रहेको छ ।

गाउँ कार्यपालिका र नगर कार्यपालिकाको हकमा, गाउँपालिकामा ४ जना र नगर कार्यपालिकामा ५ जना महिला सदस्य निर्वाचित गर्ने ब्यवस्था गरिएको छ । त्यसै गरी जिल्ला समन्वय समितिमा जम्मा ९ जना पदाधिकारी मध्ये ३ जना महिला अनिवार्य रहने ब्यवस्था गरेको छ । वडा अध्यक्षमा महिला निर्वाचित हुने ब्यवस्थालाई अनिवार्य गरेको छैन । वडा अध्यक्षको हकमा उम्मेदवारी दिदा पनि महिलाका निमित्त कुनै विशेष ब्यवस्था गरेको छैन । एउटा राजनीतिक दलबाट प्रमुख पदहरू जस्तैः मेयर,उपमेयर, गाउँपालिका अध्यक्ष तथा उपाध्यक्ष पद मध्ये एक पदमा महिला अनिवार्य हुनु पर्ने भनी सिट आरक्षित गरिएको छ (नेपालको संविधान, २०७२) ।

म्याग्दी जिल्ला नेपालको बैदेशिक रोजगारमा बढी संलग्न रहने जिल्ला मध्येको एक हो । वि.स. २०६८ को जनगणना अनुसार म्याग्दी जिल्लाको १४००० भन्दा बढी मानिस बैदेशिक रोजगारमा बाहिरीएको देखिन्छ । प्राय पुरूषहरू बैदेशिक रोजगारमा जाने भएकोले महिलाहरूले घरपरिवार सम्हालेर घरमूलीको जिम्मेवारी निर्वाह गर्दै आएका छन् । २०६८ सालको जनगणना अनुसार यस जिल्लाको कुल जनसंख्या ११३६४१ मध्ये महिलाको जनसंख्या ६२२४६ (५४.७७ प्रतिशत) रहेको छ । महिला पुरूषको अनुपातलाई हेर्दा (प्रति सय महिलामा पुरूषको संख्या) ८२.६ रहेको छ । महिलाहरूको भूमिका घर धन्दामा उल्लेख्य मात्रामा रहे पनि समयको परिर्वतसंगसंगै उनीहरू पनि विभिन्न सामाजिक, राजनैतिक र आर्थिक क्रियाकलापहरूमा समेत संलग्न रहन थालेका छन् । अन्य जिल्लाको तुलनामा यस जिल्लाका महिलाहरू घर बाहिरको कार्यमा समेत उल्लेख्य मात्रामा भूमिका निर्वाह गर्दै शसक्त रूपमा अगाडी बढेका छन् ।

२०६८ सालको जनगणना अनुसार म्याग्दी जिल्लामा मानव विकास सूचकांङको हिसावले हेर्दा लैंङ्गिक सशक्तिकरण मापकमा ०.४१८ र लैङ्गिक विकास सूचकांङमा ०.४८६ रहेको छ (जि.वि.यो., २०७२ म्याग्दी) ।

यस जिल्लामा महिलाहरूको राजनैतिक क्षेत्रको अवस्था हेर्दा पछिल्लो समयमा राजनीतिक दलहरूमा महिलाको सहभागिताको अवस्था सुधारोन्मुख देखिन्छ । यदपि राजनीतिक दलहरूमा सहभागिता राम्रो देखिए पनि मुख्य पदहरूमा भने पुरूषकै प्रतिनिधित्व बढी रहेको छ । महिलाहरूले आफ्नो अधिकार खोज्नको लागि ठूलो सर्घष गरेको पाइन्छ । राष्ट्रिय रूपमा नै विकरालरूपमा रहेको पुरूषप्रधान सामाजिक, सांस्कृतिक सम्वन्ध र पद्धतीले म्याग्दी जिल्लामा पनि राजनीतिक क्षेत्रमा महिलाहरूलाई पछाडि पारेको छ । वि.स.२०४९ सालमा थममाया थापा र २०७० सालमा सामनुपातिक तर्फबाट नरदेबी पुनले उम्मेद्धारी प्राप्त गरेका थिए भने वि.स. २०५६ र २०६४ मा समेत महिलाले भाग लिएको पाइन्छ । त्यती हुदां हुदैं पनि यस जिल्लामा महिलाहरू धेरै लामो र ठूलो संर्घष गदै राष्ट्रिय राजनीतिमा समाहित हुन सकेका छन् । महिला राज्य मन्त्रिसम्म हुन सफल भई धौलागिरी अञ्चलमै पहिलो महिलाको रूपमा इतिहास कायम भएको छ । अतः जिल्लामा क्रियाशील राजनीतिक दल नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र र राष्ट्रिय प्रजातन्त्र पार्टी जस्ता मुख्य राजनीतिक दलहरूले महिला प्रतिनिधित्वलाई जिल्ला देखि क्षेत्र र राष्ट्रिय स्तर सम्म पुऱ्याउन सफल भएका छन् । वि.स.२०७४ बैशाख ३१ गते सम्पन्न

स्थानीय तह निर्वाचनलाई सफलापूर्वक सम्पन्न गराउनमा पनि यस जिल्लाको महिलाहरूको उल्लेख्य मात्रामा भूमिका रहेको छ । उक्त निर्वाचनमा जिल्लाकै दुर्गम गाउँपालिकाको रूपमा रहेको धौलागिरी गाउंपालिकामा १ जना जनजाती महिला थमसरा पुन मगरले अध्यक्ष पदमा विजय हासिल गरेकी छन् । त्यस्तै गरी नगरपालिका उप मेयरमा १ महिला, ४ गाउंपालिका उपाध्यक्षमा ४ जना महिला र २ वटा गाउंपालिकामा १/१ वडामा (मालिका गाउंपालिका ५ देविस्थानमा श्री पिपला बुढा मगर धौलागिरी गाउंपालिका वडा नं. ५ श्री खर्ककुमारी छन्त्याल) वडा अध्यक्ष पदमा विजय हासिल गर्नु भएको छ । यस जिल्लामा कुल निर्वाचित महिलाको संख्या १०३ गाउं कार्यपालिका तथा नगर कार्यापालिका समेत गरी ४१.२ प्रतिशत प्रतिनिधित्व कायम रहेको छ । (जि.नि.का,२०७४ म्याग्दी) स्थानीय तहमा निर्वाचित महिला जनप्रतिनिधिहरूको विवरणलाई हेर्दा अवसर पाए महिलाहरूले पनि विभिन्न समस्या र चुनौतीको समेत सामाना गर्दै नेतृत्व तहमा पुग्न सफल हुन सक्छन् भन्ने सावित गरेको हुन्छ ।

अतः यस जिल्लामा २०७४ बैशाख ३१ गते सम्पन्न स्थानीय तह निर्वाचनमा ७१४६३ जना मतदाताले सहभागिता जनाएका थिए । भने ती मध्ये ३७६७२ जना महिला, ३३७९० र १ तेस्रोलिङ्गी मतदाता रहेका थिए । जिल्लामा स्थानीय तहको निर्वाचनका लागि १२ वटा राजनैतिक दलहरूले निर्वाचन कार्यालयमा दल दर्ता गराएका थिए (जि.नि.का, २०७४ म्याग्दी) ।

## १.२ समस्याको कथन

महिलाको राजनीतिक सहभागिता र निर्णायक भूमिकामा लैंगिक समानता बेइजिङ्ग घोषणा पत्रद्धारा अन्तराष्ट्रिय रूपमा तय गरिएको एजेन्डा हो । विश्वमा सन् २०३० सम्ममा लैङ्गिक रूपमा समान सहभागिताको लक्ष्य निर्धारण गरिएको छ । यु एन विमोचनको रिपोर्ट अनुसार विश्वको सन् २०१६ सम्मको तथ्यांक हेर्दा जम्मा २२.८ प्रतिशत सांसद महिला रहेको, सन् २०१७ मा १० जना महिला राष्ट्र प्रमुख र ९ जना महिला सरकार प्रमुख रहेको देखिन्छ । एसियामा १९.२ प्रतिशत सांसद महिला छन् भने सबै भन्दा बढी नर्डिक देशहरूमा ४१.१ प्रतिशत सांसद महिला छन्। रुआन्डाको तल्लो सदनमा ६३.८ प्रतिशत र बोलिभियामा ५३.१ प्रतिशत छन् भने धेरै जसो देशमा ३० प्रतिशत सम्म महिला सहभागिता रहेको छ । धेरै जसो देशमा महिला आरक्षणको व्यवस्थाबाट नै महिलाको

प्रतिनिधित्व बढेको पाइन्छ । त्यस्तै गरी नेपालमा पनि ३३ प्रतिशत महिला आरक्षणको संवैधानिक ब्यवस्था भएपछि हाल संसदमा २९.८ प्रतिशत महिला प्रतिनिधित्व रहेको छ । तर अझै पनि कसैको श्रीमती कसैको नातोगोता प्रचलनले गर्दा होस् महिला दलका नेता मानिदैंनन् (रा.म.अ.मं, २०७४, काठमाण्डौं) ।

त्यसकारण महिलाको भूमिकालाई गम्भीरता साथ सबैले आत्मसाथ गरी समाज परिवर्तनका लागि महिला नेतृत्व अपरिहार्य छ भन्ने कुरामा विश्वास राखि सम्मान हौसला र गर्वका साथ लिनु पर्छ । अनि मात्र महिलाको प्रतिनिधित्व सक्रिय तथा अर्थपूर्ण हुन जान्छ ।

म्याग्दी जिल्लाका राजनैतिक दलमा आवद्ध रहेका महिलाहरूको इतिहास अध्ययन गर्दा उनीहरूलाई विभिन्न समयमा महत्त्वपूर्ण अवसरबाट महिलाहरूलाई बञ्चितीकरणमा पारेको देखिन्छ । वि.स. २०७१ सालमा जिल्लाको विभिन्न गा वि सहरूलाई समायोजन गरी बेनी नगरपालिका घोषण गरे लगतै जहाँ नगरपालिकामा राजनैतिक संयन्त्र गठन गर्दा समेत महिला प्रतिनिधी शून्य गराएको विरोधमा जिल्लामा क्रियाशिल राजनैतिक दलमा आवद्ध महिलाहरू र दलहरूको भातृ संगठनमा आवद्ध महिलाहरू एकजुट भई बेनी नगरपालिको कार्यालय घेराउ संयन्त्रको बैठक समेत अवरोध गदै नाराजुलुस गरी विरोध जनाएको इतिहास पाइन्छ । यस विषयमा राजनीतिक दलमा सक्रिय महिलाहरू नभएको कारण देखाएको थियो । यसले के एक सक्रिय महिला कार्यकर्ता तयार गर्नु राजनीतिक दलको भूमिका होइन ? महिलाको क्षमता विकास गराउनु राजनीतिक दलको कतर्ब्य होइन ? के अवसर दिए महिलाहरू पनि सक्रिय राजनीतिककर्मी कार्यकर्ता हुन सक्दैन र ? भन्ने प्रश्नहरू उब्जाउछ, अतः अवश्य पनि अवसर दिए महिलाहरू पनि पुरूष सरह राजनीतिक क्षेत्रमा अगाडि बढ्न सक्छन् । यसको बुलन्द उदाहरणको रूपमा नेपालकै वर्तमान राष्ट्रपतिको लिन सकिन्छ । म्याग्दी जिल्लामा पनि राजनीतिक क्षेत्रमा लामो समय सम्म सक्रीय रही २ जना महिला साम्सद् भएका थिए भने १ जना महिला राज्यमन्त्री समेत भै सकेकी छन् ।

नेपालमा करिव १९ वर्ष पछि २०७४ बैसाख ३१ गते पहिलो चरणमा स्थानीय तहको निर्वाचन सम्पन्न भयो । स्थानीय तह निर्वाचन ऐन २०७३ मा महिला सहभागिता सम्वन्धमा प्रत्येक नगरपालिकामा प्रमुख वा उपप्रमुख पद मध्ये १ पदमा महिला अनिर्वाय, प्रत्येक गाउँपालिकामा अध्यक्ष वा उपाध्यक्षमा १ पदमा महिला अनिवार्य रहने ब्यवस्था, गाउँ तथा नगरपालिकाहरूको वडामा पनि अनिर्वायरूपमा महिला उम्मेद्वारी उठाउने ब्यवस्था

भए पनि राजनीतिक दलहरूमा भने उम्मेद्वारीको बढी चर्चा परिचर्चा पुरूषकै सुनिएको थियो । यसले गर्दा म्याग्दी जिल्लामा महिला राजनीतिककर्मीहरूमा उम्मेद्वारीको दावेदारी गर्न उनीहरूमा हैसला ह्रास हुने, नैराश्यता छाउने, आफुलाई कमजोरी भएको महशुस गने, राजनीतिक दलहरू प्रति आक्रोसित हुने, विभिन्न गुट त्याग गर्ने,  अर्थात राजनीतिक दल प्रतिको झुकाव कम हुने जस्ता समस्या देखा परेको थियो ।

२१ औं शताब्दीमा आइ सक्दा पनि हाम्रो समाजमा पुरूषकै राजनैतिक प्रभुत्व बढी देखिन्छ । यो प्रभुत्व स्थानीय तह निर्वाचन २०७४ मा समेत देखा परेको छ । निर्वाचन सम्बन्धी वर्तमान संवैधानिक तथा कानूनी ब्यवस्थाले नेपालमा समाजबाद उन्मुख परिवर्तनको परिकल्पना गरेकोछ । समाजले पनि परिवर्तन खोजेको छ । महिला उम्मेद्वारीको सबैधानिक अधिकार भए पनि उपप्रमुख तथा उपाध्यक्ष पदमै किन ? प्रमुख तथा अध्यक्ष पदमा किन कम पदबाट उम्मेद्वारी (प्रतिनिधित्व) दिइयो ? यी विषयहरूले गर्दा समाजमा विद्यमान विभेदपूर्ण ब्यवहार र सोच अझै पनि समाज रूपान्तरणको चुनौतीका रूपमा देखिएको छ ।

तसर्थ यस अनुसन्धानले म्याग्दी जिल्लाको बेनी नगरपालिका भित्रको १ देखि १० नम्वर वडाका स्थानीय तह निर्वाचनमा निर्वाचित महिला प्रतिनिधिहरू, नगर उपप्रमुखमा निर्वाचित महिला र ५ गाउँपालिकाहरूमा सबै वडा र पालिकामा प्रतिनिधित्व गर्ने महिलामा पारेको राजनितिक, सामाजिक र आर्थिक प्रभावको वारेका अध्ययन गर्नु र महिला प्रतिनिधि गराउन राजनैतिक दल अर्थात महिलासंग सम्वन्धित निकायको भूमिका कस्तो रहेको थियो, उनिहरूको विचार र धारण कस्तो थियो भन्ने बारेमा अध्ययन गर्नको लागि यस विषयलाई समस्याको रूपमा छनौट गरिएको छ । किनभने म्याग्दी जिल्लामा हल सम्म यस शीर्षक अन्तर्गत कुनै पनि अध्ययन अनुसन्धान भएको छैन । त्यसैले "स्थानीय तह निर्वाचन २०७४ मा महिला प्रतिनिधित्वको अवस्था" शीर्षक अन्तरर्गतको अनुसन्धान कार्य निकै आवश्यक र महत्त्वपूर्ण छ ।

माथि उल्लेखित अध्ययन समस्याहरूले यस अनुसन्धानलाई निर्देशित गरेकोछ ।

**अनुसन्धानको प्रश्नहरू**

क)	के स्थानीय तह निर्वाचनमा महिलाहरूको सहभागिता सन्तोषजनक रहेको छ ?

ख)	के स्थानीय तहको निर्वाचनमा महिला उम्मेदवारी स्वइच्छाले भएको थियो ? कि कसैको दबाव र करकापमा भएको थियो ?

ग)	महिलाहरू चुनावी अभियानमा रहदा सामाजिक र आर्थिक हिसावले कतिको प्रभाव पारेको थियो ?

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको सामान्य उद्देश्य स्थानीय तहको निर्वाचनमा महिलाको सहभागिता कस्तो रहेको छ भनी अध्ययन गर्नु हो भने विशिष्टि उद्देश्यहरू निम्न छन् ।

क)	सहभागी महिलाको सामाजिक र आर्थिक अवस्थाको अध्ययन गर्नु ।

ख)	सहभागी महिलाको पारिवारीक पृष्ठभुमीको अध्ययन गर्नु ।

## १.४ अध्ययनको महत्त्व

नेपालको सन्दर्भमा लैङ्गिक दृष्टिकोणबाट हेर्दा पुरूष भन्दा महिला पछाडि परेको वा पारिएको अवस्था छ । हामी २१ औं शताब्दीमा आई सक्दा पनि किन महिला अझै पुरूष भन्दा पछाडि छनन् भन्ने विषयले कौतुहलता जगाएको छ । तथापी राज्य संचालन गर्ने निकाय मध्येको राजनीतिक परिवेशलाई हेर्दा हरेक निकायमा ५० प्रतिशत महिला सहभागिता अनिवार्य हुन उपयुक्त देखिन्छ । त्यसै अनुरूप हरेक स्थानीय तहमा अनिर्वायरूपमा ५० प्रतिशत महिला सहभागिता गराई स्थानीयतह संचालन गर्दा कार्य कुशलता, पारदर्शिता र सुशासनमुख भई जनताको चाहाना र इच्छा पुरा भई सर्म्बद्ध राज्य संचालन हुनमा थप टेपा पुग्ने छ।

हाम्रो समाज पुरूष प्रधान समाज भएको कारणले महिलाहरू माथि पुरूषले बढी मात्रामा हिंसा गरेको पाइन्छ, हिंसा मध्ये एक जल्दोबल्दो रूपमा रहेको राजनीतिक पक्षमा समेत हाल ब्यापक रूपमा हिंसात्मक घटनाहरू देखापरेका छन् । आधा आकाश भन्दा बढी जनसंख्या रहेको महिलाहरूको राजनीतिक क्षेत्रमा न्यून पहुँच रहेको छ । यसले महिलाहरूको आत्मबलमा ह्रास ल्याउनु स्वभाविकै हो । लैङ्गिकदृष्टिकोणबाट समान सहभागिता गराई राजनीतिक क्षेत्रमा पंहुच बृद्धि गराई सशक्तरूपमा अगाडि बढाउन राजनीतिक दलका प्रमुखहरूको महत्त्वपूर्ण भूमिका रहन्छन् । त्यसै अनुरूप २०७४ बैशाख ३१ को पहिलो चरणमा सम्पन्न स्थानीय तहको निर्वाचनमा महिला प्रतिनिधित्वको विषयमा राजनीतिक,

सामाजिक र आर्थिकरूपमा पारेको प्रभावको बारेमा अध्ययन तथा विश्लेषण गर्नु तथा महिला प्रतिनिधित्व गराउनमा राजनीतिक दल र अन्य महिलासंग सम्वन्धीत निकायहरूले खेलेको भूमिकाको विषयमा अन्वेषण गरी राजनीतिकमा महिलाहरूको स्थितिलाई सार्वजनिक गराउनु यस अध्ययन अनुसन्धानको महत्त्वपूर्ण पक्ष रहेको छ । यसरी राजनैतिक क्षेत्रमा महिलाको पहुँच तथा वास्तविक अवस्थालाई उजागर गर्दा भावि दिनमा यसले यस क्षेत्रमा हलिाको सक्रीय तथा अर्थपूर्ण सहभागिता बढाउन अत्यन्तै सक्रारात्मक भूमिका खेल्न सक्दछ ।

## १.५ अध्ययनको सिमा

अध्ययनको सिमा यसको अवस्था, चरित्र र समयका कारणबाट विभिन्न सिमाबन्दीहरू निर्मित भएका हुन्छन् । प्रायःराजनैतिक सामाजिक घटनाका अध्ययनहरू निश्चित सामाजिक अवस्था वा परिवेश भित्र लागु हुन सक्दछ । कुनै एक अध्ययनले धेरै विषयहरू समेट्न सक्दैन र सिमा भन्दा वाहिर उक्त अध्ययनको प्रभाव नपर्न पनि सक्छ । त्यसकारण यस अध्ययनमा म्याग्दी जिल्लाको १ नगरपालिका र ५ गाउँपालिकामा रहेको ४५ वटा वडाहरूमा सिमित रहने छन् । सिमित श्रोत, साधनको सिमाभित्र रही सोधपत्र तयार पार्दा यसमा उल्लेख हुनु पर्ने कतिपय विषयहरू छुट्न पनि सक्दछन् ।

अत : यस अध्ययनको सिमाहरू निम्न अनुसार रहेका छन् ।

- सिमित समय
- सिमित साधन र श्रोतको उपयोगबाट धेरै अध्ययन गर्नु पर्ने अवस्था
- यो अध्ययन शैक्षिक शोध पत्रको रूपमा प्रस्तुत गरिएको हुनाले यो अध्ययनबाट आएको नतिजालाई समान्यीकरण गर्न सकिने छैन ।

## १.६ अध्ययनको साङ्गठनिक ढाँचा

प्रस्तुत शोधपत्र ६ वटा अध्यायमा विभाजन गरिएको छ । अध्याय एक अन्तर्गत परिचय खण्ड राखीएको छ । जस अन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व, अध्ययनको सीमा, र अध्ययनको साङ्गठनिक ढाँचा रहेको छ भने अध्याय दुईमा सन्दर्भ साहित्यको समीक्षा रहेको छ जसमा सैद्धान्तिक समिक्षा,

पूर्व साहित्य समीक्षा रहेका छन् । त्यसै गरि अध्याय तीनमा अनुसन्धान विधि रहेको छ जस अन्तर्गत अध्ययन क्षेत्रको छनौटको औचित्य अध्ययन क्षेत्रको परिचय, सामाजिक तथा आर्थिक अवस्था, जसमा अध्ययन क्षेत्रको परिचय, स्थानीय निकाय र तहको निर्वाचनमा लैङ्गिक अवस्था, म्याग्दी जिल्लाको लैङ्गिक अवस्था अनुसन्धान ढाँचा, नमुना छनौट विधि, तथ्याङ्कको प्रकृति र श्रोत, तथ्याङ्क संकलन विधि, तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण रहेका छन् । अध्याय चारमा राजनीतिक नेतृत्वमा रहेका महिलाहरूको सामाजिक र आर्थिक, जात/जातीगत विवरण, स्थानीय तहको निर्वाचनमा २०७४ पूर्वको पेशा/व्यवसाय, स्थानीय तहको निर्वाचन २०७४ पछिको पेशा/व्यवसाय, सामाजिक क्षेत्रमा सक्रिय अवधि, उम्मेदवारी छनौटमा प्रभाव, चुनाव जित्नुमा सक्रिय योगदानको अवस्था, राजनैतिक पार्टीमा सहभागिताको अवस्था, घरपरिवारमा जग्गाजमिनको परिणामको अवस्था, भए नभएको अवस्था, मासिक आम्दानीको अवस्था, चलअचल सम्पत्ती किनबेचको प्रकृयामा संलग्नता लैङ्गिक अवस्था, बैंक निक्षेपको अवस्था, लैङ्गिक आधारमा घरभित्रको कामको बांडफाडं, लैङ्गिक आधारमा घरबाहिरको कामको बाडंफाडं, घरपरिवारको निर्णय प्रक्रियामा लैङ्गिक अवस्था, घुमफिर स्वतन्त्रताको अवस्था रहेको छ । अध्याय पाँचमा पारिवारीक पृष्ठभुमि रहेको छ, जसमा पारिवारिक संरचना, धार्मिक स्थिति, शैक्षिक अवस्था, उमेर अनुसार जनसंख्याको अवस्था, परिवार भित्रको नेतृत्व र परिवारको मुख्य पेशा राखिएका छन् । भने अध्याय छ मा साराशं, निष्र्कष र सुझाव रहेका छन् । जस अन्तर्गत साराशं, मुख्य प्राप्ती, निष्कर्ष र सुझावहरू रहेका रहेका छन् ।

# अध्याय : दुई

# सन्दर्भ साहित्यको समीक्षा

## २.१ सैद्धान्तिक समीक्षा

विकासमा महिला अवधारणा उदारवादी महिलाहरूले सन् १९७० को दशकपछि अघि सारेको अवधारणा हो, जसमा महिलाका समस्याहरूलाई केन्द्रमा राखेर समस्त विकास कार्यमा महिलाको सहभागितालाई जोड दिइयो । विकासको मूल प्रवाहबाट महिलाहरू वञ्चित भएका, महिला हक र अधिकारहरू कुन्ठित भएका तथा महिलाहरू स्वतन्त्रताका सवालमा बाधा उत्पन्न गराइएको जस्ता पक्षलाई बढी महत्त्व दिई कानुनी तथा प्रशासनिक कार्यमा सुधारलाई बढी जोड दिइएको छ । यसले आधुनिकीकरणको कारण परम्परागत पेशा विस्थापनमा परेको कारण आय तथा सामाजिक मर्यादा घट्दै आएको विषय उल्लेख गरेको छ । त्यसैले महिलाको सशक्तीकरणको लागि रोजगारी, तालिम सीप जस्ता विषयमा पहुँच बढाएर आर्थिक रूपमा महिलाको सक्षमतामार्फत समस्याको समाधान गर्ने विषयमा जोड दिइन्छ (रथगेवर ई. एम. १९९४) ।

महिलालाई पुरूष सरह विकास कार्यमा सहभागी बनाउनका लागि महिला सशक्तीकरणको धारणाको विकास १९८० मा भएको थियो । महिलाहरूको शिक्षा, रोजगारी तथा सार्वजनिक राजनीतिक जीवनमा सहभागिताको अध्ययन गर्दा महिला र पुरूष बीचमा ठूलो भिन्नता रहेको छ । भारतकी इन्दिरा गान्धी, इजरायलकी गोल्डा माएर, बेलायतकी मारगारेट थ्याचर अर्जेन्टिनाकी इसाबेला पेरोल लगायतका महिला नेतृहरूले पनि आफ्नो देशलाई उत्कृष्ट नेतृत्व प्रदान गरेका थिए । त्यसै गरी श्रीलंककाकी चन्द्रीका कुमारा तुंगा पाकिस्तानकी बेनेजर भुट्टो, बंगलादेशकी खालिदा जिया, शेख हसिष, इण्डोनेशियाकी मेघा वर्ति सुकार्नो, भारतकी सोनिया गांधी, अमेरीका की कन्डो लिजाराईस, हिलारी क्लिन्टन, म्यानमारकी आङ्ग साङ्ग सुची जस्ता नयाँ पुस्ताकी महिला नेतृहरू आज पनि विश्व इतिहासमा आफ्नो प्रभुत्तो जमाई रहेका छन् । यी तथ्यले महिलाहरू नेतृत्वका लागि पुरूष भन्दा केही कमी छैनन् भन्ने कुराको पुष्टि गर्दछ । लिङ्गको आधारमा पुरूष र महिलाबीच भेदभाव गर्ने प्रचलनको कारण महिलाहरू पुरूष भन्दा कमजोर हुन्छन् उनीहरूमा विचार गर्ने र निर्णय लिने क्षमता समेत पुरूष भन्दा कमजोर हुन्छ, त्यसैले उनीहरू सधैं पुरूषबाट

संरक्षित हुनुपर्छ भन्ने धारणाको कारण महिलाहरूले सधैं पछाडि पारिरहेको तथ्य हामी सामु रहेको छ । क्यानडा जस्तो विश्वकै विकसित देशको रूपमा चिनिने राष्ट्रमा समेत सन् १९३० सम्म महिलाहरू निर्वाचनमा मतदान गर्न र कुनै सरकारी ओहदा धारण गर्नबाट बञ्चित हुनुपरेको थियो । त्यहाँ बेलायतको प्रिभि काउन्सिलले एउटा मुद्दामा महिलाहरू पनि पुरूषसरह सिनेटमा नियुक्त हुन सक्छन् भनी निर्णय गरिसकेपछि मात्र त्यहाँका महिलाहरूले आफ्नो राजनैतिक अधिकारको प्रयोग गर्न पाएको थिए (अनलाइन खबर डट.कम, २०७५) ।

इतिहासलाई हेर्ने हो भने १८ औं शताब्दीमा बेलायतमा थालिएको सुधार र पुन जागरणको प्रभावपछि महिलालाई हेर्ने दृष्टिकोणमा भने केही परिवर्तन भएको पाइन्छ । यसैगरी साठीको दशकमा भएको महिला आन्दोलन देखि नै लैङ्गिक अध्ययनको आरम्भ भएको हो तर पनि महिला सम्बन्धी खासै पुस्तक, लेख, रचनाहरू भने प्रकाशित भएका थिएनन् । ततपश्चात सन् १९५९ मा फ्रान्सेस लेखिका 'सीमोन' को ' द सेकेन्ड सेक्स' नाम पुस्तिका प्रकाशत भयो । जसमा नारीत्व सम्बन्धी पुराना चिन्तनका विरुद्ध वर्णन गरिएको पाइन्छ । वास्तवमा यस पुस्तकलाई नै महिलाका विषयमा लिखित प्रथम एकेडेमीक बुक मान्न सकिन्छ । सन् १९६३ मा 'बेट्टी फ्रेडेन' को 'द फेमिनाइन मिस्टिक' प्रकाशित भयो जसमा तत्कालिन समाजमा व्याप्त रहेको महिला अधिनतालाई राम्रोसँग चित्रण गरिएको थियो । जसले नवीन हलचल नै मच्चायो साथै उक्त पुस्तकले महिलावादी आन्दोलनको महत्त्वपूर्ण जग बन्न पुग्यो यसले गर्दा घरभित्र गुम्सिएर रहेका महिलाहरूलाई घरबाहिर आएर आफ्नो अधिकारको लागि लड्नको लागि प्रोत्साहन समेत गऱ्यो जसको सन्दर्भमा विभिन्न किसिमका महिलावादी सिद्धान्तहरूको विकास भयो ।

### २.१.१ महिलावादी सिद्धान्तहरू

महिलावादी सिद्धान्त भन्नाले महिलाको सामाजिक परिवेश, हक, अधिकार आदिका बारेमा विभिन्न विद्वानहरू तथा विचारकहरूको मत हो महिलावादी सिद्धान्तले महिला र पुरूषको समाजमा हुने हैसियत र स्थानबारे व्याख्या र विश्लेषण गर्दछ ।

#### क) उदारवादी महिलावाद

उदार महिलावाद महिला मुक्तिका लागि विचार प्रवाह गर्ने महत्त्वपूर्ण सिद्धान्त हो । जसले महिला स्वतन्त्रता विकास र परिवर्तनलाई जोड दिन्छ । महिलाहरूमा गरिने विशेष गरी यौनजन्य हिंसा र शोषणका विरोधमा विचारको प्रवाह गर्दछ । महिलाहरूले कानूनमा नै

विभेद भोग्नु परेकाले त्यसको उन्मूलनलाई जोड दिन्छ । सामाजिक न्यायलाई समाजमा प्रतिस्थापित गराउनु गर्दछ भन्ने मान्यतालाई जोड दिन्छ जे.बर्नार्ड, एम.मोरिका फ्रेईडान, ऐलिसान केजर जस्ता विद्धान्तहरूको यसमा उल्लेखनीय योगदान रहेको छ ।

उदार महिलावादले समाजमा महिलाहरू महिला भएकै कारण शिक्षा लिनबाट वञ्चित धुमफिर माथिको स्वतन्त्रताहरूको बन्देज घरभित्रका कार्यमा बढी संलग्नता विवाह बालबच्चा जन्माउने कुरा राजनीति लगायतका यावत सवालमा महिलाहरू सामाजिक कारणबाट नै पुरूषको नियन्त्रणमा रहेको र महिलाहरूको स्वतन्त्रता लुटिएको बारेमा चर्चा गर्दछ । उदारवादले महिलाहरूको पुरूष प्रतिको परनिर्भरता बढेको तर्फ चर्चा गरिएको छ । खास गरी बेट्टी फ्रेडेनको सन् १९६३ मा प्रकाशित द फेमिनाइन मिस्टिकमा महिलाहरू प्रतिको सम्पूर्ण विभेदका बारेमा चर्चा गरिएको र महिलाहरू पुरूष सरह रहन सक्छन् भन्ने तार्किक व्याख्या गरेपछि महिलावादले बढी व्यापकता पाएको देखिन्छ । जसको आधारमा पश्चिमी स्वतन्त्रतासँगै विकास भएको थियो (रिटजर, १९९६) ।

उदारवादले महिलाहरूले आफ्नै कार्य रुचि रोजाई आकांक्षाको रोजाईबाट पुरुष सरह आफ्नो क्षमता प्रदर्शन गर्न सक्दछन् यस्तो समानतालाई आफै निरन्तर दिन सक्दछन् भन्दै राजनीतिक र कानुनी सुधारको माध्यमबाट महिला पुरूषमा समानता ल्याउन सकिन्छ भन्ने अपेक्षा गर्दछ । यसले महिला र पुरूष विच हुने व्यक्तिगत र स्वतन्त्र सम्बन्ध र अन्तरक्रियालाई समाजमा नारी पुरूषबीच लैङ्गिकसमानता ल्याउने सुरु र आधारविन्दु हो भन्ने मान्यताको आधारमा विश्लेषण गर्दछ । सबै महिलाहरूमा समाजमा लैङ्गिक समानता प्राप्त गर्ने सामर्थ्य हुन्छ । त्यसैले समाजको आधारभूत संरचना परिवर्तनमा नगरी नै समानता प्राप्त गर्न सम्भव छ भन्ने दावी गर्दछ (रिटजर, १९९६) ।

### ख) मार्क्सवादी महिलावाद

महिलावादी सिद्धान्तलाई उजागर गर्ने विभिन्न सिद्धान्तमध्ये एउटा सशक्त सिद्धान्त मार्क्सवादी नारीवाद हो । मार्क्सवादी महिलावादको अध्ययन र चर्चाको आरम्भ कार्लमाक्स र फ्रेडारिक एंगेल्सको कृतिबाट भएको मानिन्छ । मार्क्सवादी नारीवाद विकासको सन्दर्भलाई हेर्दा फ्रेडारिक एंगेल्सका कृति परिवार निजी सम्पत्ति र राज्य लिन सकिन्छ । जसमा समाजमा रहेको लैङ्गिक विभेदलाई विश्लेषण गरेको छ । महिलाहरू पुरूष सरह सबै काम गर्न सक्छन् तर महिला र पुरूषका बिच रहेको असमान शक्ति सम्बन्धका कारण स्रोतमाथि

पुरूषको नियन्त्रणले व्यापकता पाउँदै गरेको र यो क्रम पूँजीवादी अर्थव्यवस्थासम्म आइपुग्दा अझ बढी व्यापक बन्दै गयो । समाजको वर्गीय चरित्र नै महिला विभेदको मूल कारक तत्व हो भन्ने निष्कर्ष मार्क्सवादी महिलावादको रहेको छ ।

मार्क्सवादी महिलावादी सिद्धान्त त्यस्तो सिद्धान्त हो । जसले पूँजीवादी दासताबाट महिलालार्य मुक्ति तथा स्वतन्त्रता दिलाउने विधि तथा मार्गको व्याख्यामाथि ध्यान केन्द्रित गर्दछ । पूँजीवादको महिलाहरूलाई भोगविलासिता वस्तुका रूपमा रूपान्तरण गरेको छ । जुन वस्तुमा खरिद विक्री र व्यापार गरिने महिलाको अस्मिता र जीवनलाई मुक्तिको बाटो देखाउने सिद्धान्तका रूपमा स्थापित छ ।

मार्क्सवादी महिलावादको पूँजीवादलाई आर्थिक असमानता, चरम आर्थिक निर्भरतालाई जन्म दिने उनीहरूलाई राजनैतिक चेतना र अधिकारबाट बन्चित र विमुख गराउने र अन्त्यमा महिला र पुरूष बीचमा अस्वस्थ घिनलाग्दो सामाजिक सम्बन्धको सिर्जना गर्ने व्यवस्थाको रूपमा चित्रण गर्दछ । यसअनुसार पूँजीवादी व्यवस्था नै महिला माथिको दमन र उत्पीडन र महिला माथि पुरूषको बर्चस्वको प्रमुख जरो हो ।

मार्क्सवादी महिलावादले अघि सारेका सुधारात्मक रणनीतिहरू यस प्रकार छन् ।

- महिला विभेदको कारक तत्व पत्ता लगाउन समाजको वर्गीय विश्लेषणको खाँचो छ ।
- सम्पत्ति तथा स्रोत र साधन माथिका समान स्वामित्वले लैङ्गिक विभेद हटाउन सक्दछ ।
- पितृसत्ता पनि पूँजीवादलाई नै अघि बढाउने संस्था भएकोले यसको पुर्नव्याख्याको खाँचो छ ।

पूँजीवादी उत्पादन प्रणालीमा पूँजीपतिहरूले महिलालाई सन्तान उत्पादन गर्ने साधनका रूपमा लिने गरेको, कम वेतनमा परिवार स्तरबाटै शोषण गर्ने गरिएको विज्ञान र प्रचारमा महिलाहरूको शोषण गरिएको जस्ता अवस्था देखिएकोमा त्यसको अन्त्यमा जोड दिएको छ ।

सम्पूर्ण अवस्थाहरू सृजना हुनुमा मार्क्सवादी महिलावादका अनुसार कुनै जैविकीय र शारीरिक कारण नभै महिला र पुरूष बीच असमान विभेदपूर्ण शक्ति सम्बन्धको अवस्थामा

आर्थिक र सामाजिक रूपले महिलाहरू पछि परेका छन् त्यस्तै हरेक निर्णय प्रक्रिया प्रजनन्, अधिकार तथा सम्पत्ति र स्वतन्त्रताका कुराहरू महिलाहरूको पुरूष सरह प्राप्त गर्नका लागि शक्ति सम्बन्धको विवेचना गर्दै साधन र स्रोत तथा व्यक्तिगत सम्पत्ति माथि रहने असमानतालाई नहटाई समाजमा लैङ्गिकअसमानता हट्न सक्दैन ।

केही विद्वानहरू मार्क्सवादी महिलाहरको आलोचना गर्दै बढी आर्थिक पक्षलाई उजागर गरेपनि सामाजिक, सांस्कृतिक पक्षलाई उजागर गर्न नसकेको आरोप लगाउँछन् । समाजमा व्यक्तिगत सम्पत्तिको अन्त्य नगरी लैङ्गिकविभेदलाई फरक पार्ने भएकोले सामाजिक तौरतरिकाबाट विभेदको जरो खोज्नु पर्ने धारणा छ (रिटजर, १९९६) ।

**ग) समाजवादी महिलावाद**

समाजवादी व्याख्या आमूल नारीवाद र मार्क्सवादी नारीवादको सम्मिश्रणबाट जन्मेको नयाँ नारीवादी व्याख्या हो । यसले मूलतः लैङ्गिक दमन वर्गको कुरालाई उजागर गर्दछ । समाजवादी महिलावादले लैङ्गिक दमनलाई बुझ्नका लागि सामाजिक कारक तत्वको खोजीलाई जोड दिँदै महिला प्रतिको विभेद पुरूष र महिला स्वंयबाट भएको ठान्दछ साथै महिला भएका कारणले महिलाहरू उत्पीडित छन् । वर्गीय समाज व्यवस्था त्यसको एकमात्र स्रोत होइन भन्ने तर्क उनीहरूले गर्दछन् (शर्मा २०६६) ।

समाजवादी महिलावादको लैङ्गिक दमनलाई बुझ्नका लागि सामाजिक कारक तत्वको खोजीलाई जोड दिँदै महिला प्रतिको विभेद, पुरूष र महिला स्वंयमबाट भएको ठान्दछ । जसका पछाडि पितृसत्तात्मक सामाजिक ढाँचाका ठूलो भूमिका छ । समाजमा विद्यमान रहेको इकाइहरूको प्रकार्यले सामाजिक व्यवस्था संचालित हुने हुँदा त्यही संरचनाभित्र बसी लैङ्गिक सम्बन्धको विभेदका अवस्थालाई उठाइएको छ । सामाजिक, सांस्कृतिक व्यवस्थाका कारण लैङ्गिक विभेद सृजना हुने हुँदा त्यसतर्फ अध्ययनलाई जोड दिनु पर्दछ । सामाजिक व्यवस्थाभित्रका विभेदको अन्त्यका लागि महिला पुरूषबीचका समानताको आवश्यकतालाई औंल्याउँदै त्यसभित्रका अन्य कारक तत्वका विरुद्धमा सशक्तीकरणको प्रक्रियालाई जोड दिइन्छ । समाजका प्रत्येक तहमा महिलाहरू पुरूषकै अधिनमा रहन्छन् जसको कारण लैङ्गिक आधारमा श्रम विभाजन र त्यस अनुरूपको सामाजिक, सांस्कृतिक मान्यता हो (रिटजर, १९९६) ।

### घ) आमूल महिलावाद

सन् १९६० को दशक पछि देखा परेको नारीवादी दोस्रो धार र पश्चिम जगतमा देखा परेको नव महिला मुक्ति आन्दोलन सँगै आमूल महिलावादको उदय भएको हो । यस वादले महिला र पुरूष एक अर्कामा जैविक र मनोवैज्ञानिक विशेषताहरूले गर्दा फरक फरक रहेका छन् । समाजमा महिला र पुरूषको विचमा द्वन्द्व रहेको छ यस्तो द्वन्द्वको मुख्य कारण पुरूष र उसमा निहित शक्ति हो । परिवार दमनको केन्द्रविन्दु मान्दछ । परिवार यसले पितृसत्तालाई शक्तिको स्रोत मानेको छ । परिवार पितृसत्ताको महत्त्वपूर्ण एकाई हो । जसले पुरूषलाई महिलामाथि यौनिक, आर्थिक र मनोवैज्ञानिक दमन गर्न सहयोग गर्दछ । यस आमूल महिलावादले पितृ सत्तात्मक समाजलाई भत्काउनु पर्ने कुरालाई जोड दिँदै आफ्नो शरीरको नियन्त्रण गर्ने अधिकार स्वयम्मा हुनुपर्दछ भन्ने रहेको छ ।

क्रान्तिकारी महिलावादले महिलाहरूको उत्पीडन र महिलामाथि हुने दमनलाई पूँजीवाद नभै पूँजीवादी उत्पादन प्रणालीसँग सृजित पितृ सत्ता हो भन्दछन् । उनीहरूका अनुसार आधुनिक समाज र यसका कानून, धर्म राजनैतिक कला जस्ता कुराहरू महिलामाथि पुरूष वर्चस्वका परिणामहर हुन यी सामाजिक विशेषता पितृ सत्ताका चरित्र अनुसार यसका पक्षधरहरूको मान्यता महिला उत्पीडन गर्ने पितृ सत्ता पूँजीवादी प्रणालीभन्दा पृथक ढंगले विकास भएको असमानताको प्रणाली हो जुन पितृसत्ताले महिलाहरूको यौन श्रम माथि पुरूषको एकलौटी नियन्त्रण, तजवीज, र हैकम चलाउने चलन हुँदै अस्तित्वमा आएको हो । नारीहरूको पराधीनता पूँजीवाद विकासको परिणाम नर्भ पुरूषसत्ता हो भन्ने रहेको पाइन्छ (१९९६, रटजर) ।

## २.१.२ नेपालमा महिला आन्दोलनको इतिहास

“नेपालमा महिला आन्दोलनको इतिहास हेर्ने हो भने योगमाया न्यौपानेलाई छुटाउन मिल्दैन। योगमायले १९८९ असार ३१ मा लिएको जलसमाधि विद्रोहलाई महिला आन्दोलनको थालनीको रूपमा लिन सकिन्छ । २००३ सालमा रेमन्तकुमारी आचार्यको अध्यक्षतामा आदर्श महिला समाज भारतको जयनगरमा स्थापना भएको थियो। २००४ सालमा मंगलादेवी सिंहको अध्यक्षतामा काठमाडौंमा नेपाल महिला संघको गठन भयो। आदर्श महिला समाज र नेपाल महिला संघ दुवै संगठनले राणाशासन र समाजमा व्याप्त बालविवाह र अशिक्षा विरुद्ध दबाब दिने काम गरे। २००७ सालको परिवर्तनपछि मंगलादेवी

सिंहको अध्यक्षतामा रहेको नेपाल महिला संघ नेपाली कांग्रेसको विचारसँग नजिक रह्यो भने कामक्षदेवीको अध्यक्षतामा रहेको नेपाल महिला संगठन नेपाल कम्युनिस्ट पार्टीसँग आबद्ध हुन पुग्यो । त्यसैगरी २०१५ सालको पहिलो प्रतिनिधिसभाको निर्वाचनमा एक सय पाँच स्थानका लागि १५ जना महिला उमेदवार भएकोमा एकजना द्वारिकादेवी ठकुरानी मात्रै निर्वाचित भई नेपालको इतिहासमा पहिलो महिला मन्त्री बनेकी थिइन् । नेपालको मन्त्रिपरिषद महिलाको प्रतिनिधित्वको सुरुवात यही थियो। तीसबर्से पञ्चायती शासनमा निर्माण भएका मन्त्रिपरिषद्हरूमा एकजनाभन्दा बढी महिलामन्त्रीको सहभागिता भएको देखिँदैन। पहिलो र दोस्रो जनआन्दोलन बीच निर्माण भएका विभिन्न मन्त्रिमण्डलमा कुल ४६ जना महिलाको सहभागिता देखिन्छ" (अन्नपूर्ण पोष्ट खवर डटकम, २०७५) ।

नेपालको सन्दर्भमा महिला राजनैतिक इतिहासलाई हेर्दा नालापानीको देखि २००७, २०३६, २०४६ र २०६२/०६३ को जनआन्दोलको क्रममा शुरुका दिन देखि नै महिलाहरू संघर्षमा सक्रीय रूपमा अग्रपंक्तिमा भाग लिदैं आएको थिए । २००३ साल फाल्गुणमा विराटनगर जुटमिलमा भएको मजदुर आन्दोलनमा महिलाहरूको योगदान कथनीय छ । तर पनि महिलाहरू हरेक तह र ओहदामा पुग्नबाट बञ्चित हुनु परेको छ । साथै राज्यका नीति निर्माण तहमा नगण्यरूपमा सहभागी हुन पाएका छन् । तथापी महिला अधिकारकर्मीहरूको आन्दोलन चर्किरहेको छ, जसको प्रतिफल विस्तारै महिलाको अवस्था विगतमा भन्दा सुधारात्मक तवरले अगाडि बढेको छ । नेपालको संविधान जारी भए पश्चात् संवैधानिक व्यवस्था अन्तर्गत नेपालको राजनीतिक इतिहासमा पहिलो पटक राष्ट्र प्रमुखमा महिला (राष्ट्रपति) र व्यवस्थापिका संसदको सभामुखमा पनि महिलाको प्रतिनिधित्व भएको छ । त्यस्तै गरी न्यायपालिकाको प्रमुखमा पनि महिला पुग्ने अवसर मिल्यो । नेपालको राजनीतिक इतिहासको अध्ययन गर्ने हो भने नेपाल एकिकरण होस वा राणा विरुद्धको क्रान्ति, पञ्चायत विरोधी आन्दोलन, बाह्र वर्षे जनयुद्ध एवं गणतन्त्रको स्थापना लगायतका हरेक राजनीतिक परिर्वतनको लडाईमा महिलाको उल्लेख्य मात्रामा योगदान रहेको छ । वास्तवमा महिलाहरू मुलुकको आर्थिक सामाजिक विकास, राजनीतिक र सामाजिक रूपान्तरणमा पुरूष जस्तै समान हैसियतका नागरिक हुन । पुर्तिसत्तात्मक मानशिकता, धर्म र संस्कृतिका नाममा विधमान विभेद शासन र प्रशासनको निर्णायक तहमा महिलालाई पुग्नबाट अवरोध गर्नु जस्ता ब्यवहार लामो समय ब्यतित रह्यो । सामाजिक विचार, ब्यवहार, संस्कार लगायत समग्र चिन्तन नै महिला मैत्री हुन सकेन । केहि सिमित  महिला नेतृत्व तहमा पुगे पनि

समग्र महिलाहरूको सामाजिक जीवनमा नरूपान्तरण हुन सकेको छैन, नत उनीहरूमा अन्तर्निहित सक्षमताको सम्मान र सदुपयोग नै भएको छ ।

वि.सं. २०१५ मा १०५ निर्वाचन क्षेत्रमा भएको प्रथम आम निर्वाचनमा जम्मा १ जना महिला निर्वाचित भएका थिए । त्यस्तै गरी २०४७ सालको संविधानले प्रत्येक दलले निर्वाचनमा कम्तीमा ५ प्रतिशत महिला उम्मेद्वार उठाउनै पर्ने व्यवस्था गरेको थियो । जसमा २०४८ सालमा भएको आमनिर्वाचनमा विभिन्न दलहरूबाट ६ जना महिला निर्वाचित भएका थिए । त्यस्तै २०५१ को मध्यावधी निर्वाचनमा ७ जना र २०५६ सालको निर्वाचनमा १२ जना महिलाहरू निर्वाचित भएका थिए । नेपालको अन्तरिम संविधान, २०६३ को व्यवस्था अन्तर्गत २०६४ सालमा भएका पहिलो संविधान सभाको निर्वाचनमा संविधान सभा सदस्यको रूपमा १९१ जना महिला निर्वाचित र ६ जना महिला मनोनित भई जम्मा १९७ जनाले (३२.८ प्रतिशत) संविधान सभामा प्रतिनिधित्व गरेका थिए । दोस्रो संविधान सभाको निर्वाचनमा भने यो संख्या १७६ मा झरी यो संख्या २९.९ प्रतिशतमा खुम्चिन पुग्यो । २०५४ को स्थानीय निकायको निर्वाचनमा जिल्ला विकास समितिमा १९.५ प्रतिशत गाउँविकास समितिमा ६.७ प्रतिशत र नगरपालिकामा ६.७ प्रतिशत महिला प्रतिनिधित्व भएको थियो । हाल स्थानीय तह निर्वाचन २०७४ मा भने नेपालको संविधानमा व्यवस्था भए अनुरूप गाउंपालिका तथा नगरपालिकाको वडा सदस्यमा ४० प्रतिशत महिला सुनिश्चिता कायम भएको छ भने गाउपालिका र नरपालिका प्रमुख वा उपाध्यक्षमा ५० प्रतिशत महिला सुनिश्चित गरेको छ (अनलाइन खबर डट.कम., २०७५) ।

### २.१.३ नेपालमा महिला अधिकार सम्बन्धी व्यवस्था

राज्यले पछिल्लो समय महिलाको सहभागितामा जोड दिन थालेको छ । महिलाको सशक्तीकरण नगरी महिलाको विकास हुँदैन । सशक्तीकरणको लागि सहभागिताविना सम्भव छैन । त्यसैले, पछिल्लो समय महिलाको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक हरेक क्षेत्रमा विकासको बहस चल्न थालेको छ । यस्ता सहभागितामध्ये विकासमा महिला सहभागिता पछिल्लो समय पेचिलो बहसको विषय बनेको छ । नेपालको पहिलो लिखित कानुनको रूपमा वि.स. १९१० को मुलुकी ऐनालाई महिलाको विषयमा बोल्ने पहिलो कानुनको रूपमा लिइन्छ । भने नेपालमा महिला अधिकार सम्बन्धी भएका व्यवस्थाहरू

१. राणाकालको अन्त्यतिर पहिलो संवैधानिक लिखितको रूपमा जारी भएको नेपाल सरकारको बैधानिक कानुन २००४ ले प्रथम पटक सिमित मात्रामा नागरिकका आधारभुत मौलिक हक प्रदान गरियो ।

२. त्यस पछि जारी भएका वैयक्तिक स्वतन्त्रता सम्बन्धि ऐन २००६, अन्तरिम शासन विधान २००७, बन्दीप्रत्यक्षिकरण सम्बम्धि ऐन २००८ र नागरिक अधिकार ऐन २०१२ जस्ता केहिमहत्त्वपुर्ण कानुनद्वारा नागरिक अधिकारलाई संस्थागत गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ ।

३. नेपाल अधिराज्यको संबिधान २०१५, नेपालको संविधान २०१९ ले लिंगको आधारमा भेदभाब नगरिने साथै वालिग मताधिकारको व्यवस्था गरी महिला अधिकारलाई संवैधानिक र कानुनि संरक्षण दिने प्रयासको थालनी गरेको पाइन्छ ।

४. अन्तरिम संविधान २०६३ ले महिलाका अधिकारलाई मौलिक हकको रूपमा व्यवस्था गरी अन्तराष्ट्रिय अधिकारको मापदण्डलाई आत्मसात गरेको पाइन्छ ।(रा.म.अ.मंच, २०७४)

त्यसै गरी २०७२ सालमा जारी भएको नेपालको संविधानमा महिलाका अधिकारहरू देहायबमोजिम व्यवस्था गरिएको छ :-

१. समानुपातिक समावेशी र सहभागितामूलक सिद्वान्तका आधारमा समतामुलक समाजको निर्माण गर्ने, लैंगिक विभेद अन्त्य गर्ने ।

२. आमाको नामबाट नागरिकता प्राप्त गर्न सकिने लगायतका नागरिकता सम्बन्दी विषयमाथि नागरिकताको शिर्षक अन्तर्गत उल्लेख गरे बमोजिम हुने ।

३. सामान्य कानुनको प्रयोगमा उत्पति, धर्म, वर्ण, जात, लिङ्ग वा अन्य कुनै आधारमा भेदभाब नगरिने ।

४. सामाजिक वा संस्कृतिक दृष्टिले पिछडिएका महिला लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुन बमोजिम विशेष व्यवस्था गर्ने ।

५. महिलालाई लैंगिक भेदभावविना समान वंशीय, सुरक्षित मातृत्व र प्रज्नन् स्वास्थ्यको हक हुने ।

६. महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक, परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोविज्ञान वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने र त्यस्तो कार्य दण्डनीय हुने तथा पीडितले क्षतिपुर्ति पाउने ।

७. राज्यका सबै निकायमा महिलाको समानुपातिक समावेशी सिद्दान्तको आधारमा सहभागिता रहने ।

८. महिलाले शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधरमा विशेष अवसर प्राप्त गर्ने ।

९. सम्पति तथा पारिवारिक मामिलामा दम्पतिको समान हक हुने ।

१०. सामाजिक रूपले पछाडि परेका महिला समेतले समावेशी सिद्दान्तका आधारमा राज्यको निकायमा सहभागी हुन पाउन सामाजिक न्यायको हक हुने ।

११. आर्थिक रूपले विभिन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिलासमेतले सामाजिक सुरक्षा पाउने हक हुने ।

१२. मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, लैंगिक समानता सुनिश्चित गर्ने राज्यको राजनीतिक उदेश्य हुने ।

१३. प्रजनन् अस्वस्थ्यतामा आवश्यक सेवा सुविधाको उपभोगको सुनिचितता गर्ने ।

१४. आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने ।

१५. राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिङ्ग वा समुदायको हुने (नेपालको संविधान, २०७२) ।

### २.१.४ लैङ्गिक रणनीतिहरू

विगतका केही समयदेखि सामाजिक लिङ्ग (जेण्डर) विकासको शसक्त मुद्दाको रूपमा व्यापक मात्रामा अगाडी आएको छ । लैङ्गिक विषयलाई जोड दिँदै स्रोत तथा अवसरहरू मार्फत महिलाको पहुँच अधिकार तथा निर्णय प्रक्रियामा महिलाको उल्लेख्य भूमिकाका बारेमा पनि लैङ्गिक विकासमा जोड दिएको पाइन्छ । लैङ्गिक अवधारणा कसरी

विकासको मुद्दा बन्यो भन्ने कुरालाई प्रष्ट्याउनको लागि सन् १९६० पछिको विकासका रणनीतिको इतिहासलाई विश्लेषण गर्नुपर्दछ ।

“मुलुक संघीय संरचनामा गइसकेको छ । सात प्रदेशको मुख्यमन्त्रीमा एकजना महिला पनि परेनन् । प्रदेश ३ मा मात्रै प्रदेश प्रमुख अनुराधा कोइराला नियुक्त भइन्। अहिले संविधान र कानुनलाई दोष दिने कुनै ठाउँ नभएकाले दलभित्रको संरचना महिलामैत्री बन्न नसकेकाले यस्तो अवस्था आएको बताउँछन् राजनीतिक विश्लेषक कृष्ण खनाल। ‘संविधान निर्माण गर्ने बेलामा महिला पनि त्यहाँ उपस्थित रहेकाले सातमध्ये यति वटामा अनिवार्य महिला मुख्यमन्त्री हुनुपर्ने प्रावधान राख्न सकिन्थ्यो । त्यस्तै पार्टीले दिने तीन मुख्यमन्त्रीमा एक महिला हुनुपर्छ मात्रै भनेको भए पनि आज कहीं न कहीं त महिला मुख्यमन्त्री हुन्थे नि’ आज पनि प्रायः दलहरूमा पुरूषकै हालीमुहाली भएकाले समाजमा देखाउनकै लागि मात्रै उनीहरूले आफूसँग नजिक रहेकालाई मन्त्रिपरिषद् र अन्य स्थानमा लैजाने उनको बुझाइ छ। त्यसैगरी पार्टी संगठनभित्र पनि महिलाले कस्सिएर आफ्नो आवाज राख्ने अभ्यास कम भएको र भित्रभित्रै नेतालाई आफ्नो अनुकुल खुसी पार्ने प्रवृत्ति बढेकाले पनि यस्तो अवस्था आएको खनालको विश्लेषण छ। जिम्मेवारी बहन गर्न खोज्नेले चुनौतीको सामना नगरिनहुने भएकाले अनुनयका आधारमा मात्र पद पाउन खोज्नु गलत भएकाले महिलाले पनि आफ्नो क्षमता र व्यक्तित्व विकासमा अगाडि बढ्नुपर्ने सुझाव उनको छ ।” राजनीतिक सहभागिता नागरिकका ती कार्य वा गतिविधि हुन् जसद्धारा राजनीतिक व्यवस्थाको निर्णय प्रक्रिया प्रभावित वा निरुपित हुन्छ । नागरिकका ती सबै क्रियाकलापहरू, जो ह्विसात्कम वा अहिसात्मक कानूनी वा गैर कानूनी स्वतन्त्र वा परिचालित हुन सक्छन् । सरकारी नीतिलाई असर पार्दछन्  राजनैतिक सहभागिता अन्तर्गत पर्दछन् । प्रसिद्ध राजनीतिशास्त्री रोवर्ट ए.ड्यालले व्यक्तिमा निहित राजनीतिप्रति उदासिन, राजनीतिमा सहभागी, शक्ति आकाँक्षी र शक्तिशाली भन वर्गीकरण गरेका छन् (दाहाल, १९९६) ।

## २.२ पूर्व साहित्य समीक्षा

बेइजिङ्ग घोषणापत्र अनुरूप नेपालमा महिलाहरूको  सशक्तीकरण, सहभागिता र उत्थानको लागि कोही गतिविधिहरूलाई अगाडि बढाएको छ । आर्थिक  वर्ष २०५७/०५८ को बजेटमा महिला जागृत कार्यक्रम भनेर कार्यक्रम ल्याइएको थियो तर पनि सरकारी

क्षेत्रहरूले त्यस कार्यक्रममा महिलाहरूलाई सहभागी गराउने स्पष्ट दृष्टिकोण नल्याइएको हुँदा महिलाहरूको पहुँच पुग्न सकेन

महिलाहरूको बारेमा धेरै लेख रचना अनुसन्धानात्मक कार्य अध्ययनहरू भएको पाइन्छ । त्यस्तै ढकालले सातौं गाउँमा आमा समूहले सामुदायिक विकासमा महिला पुऱ्याएको योगदानका बारेमा उल्लेख गरेकी छन् । उनले महिलाहरूको उल्लेख्य सहभागिताले समुदायको विकास गर्न सकिने बताएकी छन् । उनले आफ्नो लेखमा विभिन्न सरकारी तथा गैर सरकारी निकायले पनि समुदायको विकासमा काम गरेको र समुदायको विकासमा वास्तविक उपलबिध हासिल गर्नको लागि महिला पुरूष दुवैको समान सहभागिता र दुवैको संयुक्त प्रयासले विकास दिगो र टिकाउ हुने निष्कर्ष निकालेकी छन् (ढकाल, २००७) ।

श्रेष्ठले कास्कीको घान्द्रुक गाउँमा संरक्षण र विकास कार्यक्रममा महिलाको सहभागिता र योगदान सम्बन्धी गरेको एक अध्ययन अनुसार संरक्षण र विकास कार्यक्रम प्रभावकारी एवम् सफल हुने कुरा उल्लेख गरेका छन् । त्यसैगरी महिलाहरूको सहभागिता र समर्पणमा घान्द्रुक एक्यापका कार्यक्रमहरू हुने पनि गरेका छन् (श्रेष्ठ, २०५९) ।

नेपाली महिला सम्बन्धी लेखिएको लेखमा सुवेदीले महिला विकासमा धेरै पक्षमा चर्चा गरेका छन् । पुरूष समान महिलाहरूको सहभागिता, हरेक क्षेत्रमा हुनुपर्दछ । महिलाको सहभागिता  स्थान, सामाजिक, आर्थिक विकासमा सशक्तिकरण गरी समतामूलक ढंगबाट सहभागिता हुनुपर्दछ । विविधतामूलक सहभागितामा विविधता देखिन्छ (सुवेदी, २०६९) ।

फोरम फर सस्टेनेवल डेभलपमेन्ट इन नेपालद्वारा प्रकाशित लेखहरूको संगालोमा सस्टेनेविलिटी द ब्रासटिङ्ग फ्यूलमा सुवेदी (२००३) ले आफ्नो लेख सस्टेनेवल डेभलपमेन्ट एण्ड बोमन्स कन्ट्रिव्यूसनमा महिलाहरूले समाज विकासको बारेमा पुऱ्याएको योगदानका बारेमा उल्लेख गरेकी छिन् (गिरी, २००३) ।

हाम्रो समाजमा विद्यमान विविधताहरू जस्तै सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक, धार्मिक, वैचारिक, शैक्षिक आदि पक्षहरूले पनि सामाजिक जीवनमा गहिरो प्रभाव पार्दछन् जो महिलाको सामाजिक जीवनसँग पनि सम्बन्धित छन् (दाहाल, २०६६) ।

महिला सहभागितालाई वृद्धि गर्न सरकारले महिला आयोग गठन गरी केही कार्य गर्ने प्रयत्न गरेता पनि निर्णायक तहमा महिलाहरूको उपस्थिति कम नै छ । त्यसैले जुन अवधारणा आयो त्यो त्यसै टक्रक्क बसेको छ (आचार्य, २०५८) ।

### २.२.१ लैङ्गिक विकास सूचाङ्क

मानव विकासको मुख्य तीन प्रकार प्राप्त गरिने उपलब्धीमा लैङ्गिक विकासले विद्यमान असमानता झल्काउछ । लैङ्गिक असमानता कम गर्ने नीति निर्माण तथा अनुगमनमा यो उपयोगी हुन सक्छ । मानव विकास सुचाङ्कमा जस्तै तरिकाबाट महिला र पुरूषका बीचको अनुपात निर्धारण मानको आधारमा निर्धारण गरिन्छ । जति यसको मान बढि हुन्त त्यती नै मात्रामा मानव विकासको आधारमा असमानता कम भएको बुझ्न सकिन्छ । लैङ्गिक विकास सूचाङ्कमा प्रदेश अनुसारको विवरण तलको तालिकामा निम्नानुसार देखाइएको छ ।

**तालिका २.१ : प्रदेश अनुसारको लैङ्गिक विकास सूचाङ्क**

| प्रदेश | प्रतिशत |
|---|---|
| सुदुरपश्चिम | ०.९०३ |
| कर्णालि प्रदेश | ०.९०२ |
| लुम्वीनी प्रदेश | ०.९०१ |
| गण्डकी प्रदेश | ०.८९६ |
| बागमती प्रदेश | ०.९२९ |
| प्रदेश नम्वर २ | ०.७८६ |
| प्रदेश नम्वर १ | ०.९०१ |

*श्रोतः (मानव विकास सूचाङ्क प्रतिवेदन, २०२०)*

नेपालको महिला मानव विकास सूचाङ्कमा ०.५४९ छ भने पुरूषको ०.६१९ छ । फलस्वरूप महिला विकास सूचाङ्को मान ०.८८६  र (फिग २.२) रहेको छ । यसबाट सग्रह मानव विकास सूचाङ्कमा लैङ्गिक असमानताको स्तर धेरै उच्च देखिदैन महिला मानव विकास सूचाङ्क मान पुरूषको भन्दा ११.३ मात्र प्रतिशत मात्र कम छ । प्रदेश स्तरमा हेर्दा प्रदेश २ मा असमानता उच्च भएको बुझ्न सकिन्छ । प्रदेश २ मा महिला विकास सूचनाङ्कमा मान ०.४३९, पुरूषको ०.५५० रहेको छ जसमा पुरूषको ०.१११ ले कमि

रहेकोछ । त्यसै गरि बाग्मती प्रदेशमा भने सबै भन्दा बढि लैङ्गिक विकास सूचाङ्क मान रहेकोछ । यसरी प्रदेश अनुसारको तथ्याङ्कलाई हेर्दा लैङ्गिक असमानताको मात्रा कम भएको बुझ्न सकिन्छ ।

**तालिका २.२ : भूगोल अनुसारको लैङ्गिक विकास सूचाङ्क**

| **विवरण** | **लैङ्गिक असमानता प्रतिशत** |
|---|---|
| तराई | ०.८७ |
| पहाड | ०.९२७ |
| हिमाल | ०.९०२ |
| शहर | ०.८८३ |
| ग्रामिण | ०.८८९ |
| कुल नेपालको | ०.८८६ |

*श्रोतः (मानव विकास सूचाङ्क प्रतिवेदन, २०२०)*

माथिको तालिका अनुसार भौगोलिक रूपमा हेर्दा मानव विकासमा लैङ्गिक असमानता तपाई क्षेत्रमा (०.८७) बढि देखिन्छ, त्यस्तै शहर र ग्रामीण क्षेत्रमा भने कम भिन्नता (०.८८३) र (०.८८९) देखिन्छ । त्यसै गरि विश्वको तथ्याङ्कमा सबै क्षेत्रमा पुरूष भन्दा महिलाको आयु भने बढि देखिन्छ । तथापी देशै भरी शिक्षा र आयमा भने महिलाको प्रतिशत न्यून छ । यसरी मानव विकास सुचाङ्गअनुसार लैङ्गिकअसमानता प्रदेश २ मा नै टड्कारो रूपमा विद्यमान छ । जहाँ महिलाको सूचाङ्क पुरूषको भन्दा शिक्षा र आयमा क्रमश १९ र ३७ प्रतिशतले कम छ (मानव विकास सूचाङ्क प्रतिवेदन, २०२०) ।

## २.२.२ विकासमा महिला सहभागिता

'महिला विकास' भन्नाले महिलासंग सम्वन्धित सम्पूर्ण पक्षहरूमा आउने सकारात्मक परिवर्तन भन्ने बुझिन्छ भने 'महिला र विकास' भन्नाले विकासका कार्यहरूमा महिलाहरूको भुमिका तथा सहभागिता भन्ने बुझिन्छ । आजको युगमा समाज र राष्ट्रको सर्वागीण विकासका लागि विकासका हरेक पक्षहरूमा महिलाहरूको समान सहभागिता अपरिहार्य मान्ने गरिएको छ । यसका लागि महिला विकास पुर्वशर्त हो ।

विकासमा महिला सहभागिता पछिल्लो समय चर्चामा आएको अवधारणा हो । महिलाको सहभागिताविना आधुनिक विकास अपूर्ण हुन्छ । मानवअधिकारमुखी विकास पद्धति नै आधुनिक विकास पद्धति हो । यो पद्धतिले सबै लिङ्ग वर्ग र क्षेत्रको विकासमा सहभागिताको सुनिश्चिता गर्दछ । समतामूलक समाज नै समन्यायिक विकासको आधार हो । आधुनिक मान्यता अनुसार विकास भनेको भौतिक संरचनाको निर्माण र आर्थिक वृद्धिदर मात्र होइन । बरू, सबै वर्ग र लिंगको सशक्तीकरण महत्त्वपूर्ण हो । महिलाको सन्दर्भमा महिलाको शिक्षा, स्वास्थ्य, सहभागिता, अधिकारको प्रत्याभूति र राजनीतिक सहभागिता आदि नै विकास हो । विकासमा जब हरेक वर्गको अपनत्व र हिस्सा हुन्छ, तबमात्र विकासको अर्थ हुन्छ । विकासको प्रक्रियामै सहभागी नभएसम्म विकासमा हिस्सा र अपनत्व हुँदैन ।

विकास र अधिकार एकअर्काका परिपूरक हुन् । विकास मानवअधिकार भएकाले विकासमा सहभागी हुन पाउने सबैको अधिकार हो । महिलाले विकासको प्रतिफलमा मात्र होइन, प्रक्रियामा पनि सहभागी हुन पाउनुपर्छ । प्रक्रिया र परिणाम विकासका उत्तिकै महत्त्वपूर्ण पाटा हुन् । विगतमा विकास प्रक्रियामा महिलालाई सहभागिता नगराएकै कारण नेपालले विकासमा अपेक्षाकृत फड्को मार्न सकेन । महिलालाई दोस्रो दर्जाको नागरिक मानेका कारण नै विकासमा महिला सहभागिता भएन । सहभागिता नभएका कारण महिलाको सशक्तीकरण पनि भएन । आधाभन्दा बढी जनसंख्या ओगट्ने महिला विकासको मूलधार बाहिर रहेपछि देश पनि विकासमा पछाडि पर्नु स्वाभाविक हो ।

नेपाल विकासको क्रान्ति गर्नुपर्ने अवस्थामा रहेको मुलुक हो । विश्व अर्थतन्त्रसँग प्रतिस्पर्धामा उत्रन नेपालले निकै ठूलो फड्को मार्नु आवश्यक छ । तर, विकासमा महिलालाई सहभागी गराए मात्र मुलुकले यो फड्को मार्न सक्तछ । एक पांग्राले रथ गुड्दैन । विकासका काममा पुरूष मात्र सहभागी भएर विकासको रथ पनि गुड्दैन ।

महिलाहरू जैविक रूपमा फरक हुन्, तर लैंगिक रूपले पुरूष समान हुन् । त्यसैले, महिलालाई पुरूषसँगसँगै अगाडि बढाउनुपर्छ । समाजमा सामाजिक न्याय र समानता कायम गर्न, विकास कार्यमा महिला वर्गलाई सिर्जनशील कार्यमा लगाउन, घरपरिवारमा सहयोग, सामञ्जस्यता र सहकारिताको भावना विकास गर्न, विकासमा महिला वर्गको विशेष अनुभव र सीपको उपभोग गर्न, महिलालाई परिवर्तनको संवाहकका रूपमा स्वीकार गर्न, महिला वर्गलाई सबलीकरण र सशक्तीकरण गर्न, अधिकारको सिद्धान्तलाई आत्मसात् गर्न, महिला वर्गको नेतृत्व क्षमताको विकास गरी नीति निर्माणमा पहुँच पुऱ्याउन विकासमा

महिला सहभागिता आवश्यक छ । यहाँ 'विकास' शब्द महिलासंग गांसिएर आएको हुनाले महिलासंग सम्वन्धित सबै क्षेत्रहरूमा हुने इच्छाइएको बृद्धि तथा सक्रारात्मक परिवर्तनलाई नै यस सन्दर्भको अर्थात महिला विकासको अवधारणागत परिभाषा मान्न सकिन्छ यस अर्थमा महिलासंग सम्वन्धित विभिन्न क्षेत्रहरूमा भएका तथा आएका सक्रारात्मक परिवर्तन नै वास्तविक अर्थमा महिला विकास हो । विकास निरन्तर चलिरहने प्रक्रिया हो । मानव समाज निरन्तररूपमा परिवर्तनशिल भएको कारण मानवसंग सम्वन्धित हरेक क्षेत्रहरूमा एक पछि अर्को विषयहरूले प्रवेश पाइरहेका हुन्छन् र विकास तथा परिवर्तन निरन्तरता चलिरहन्छ । दिन प्रति दिन बढ्दो जागरण सिको र आवश्यकताले विकासको परिभाषा र दायरालाई पनि फराकिलो पार्दै लगी रहेको हुन्छ ।

महिला विकासको सन्दर्भलाई विगत र बर्तमानमा तुलना गरेर हेर्ने हो भने यस वीच निकै ठूलो अन्तर पाइन्छ । विगतमा महिला विकासका मुद्धाहरू केवल महिला स्वतन्त्रता र समानतामा मात्र सिमित थिए भने वर्तमान परिस्थतीमा महिला विकासका दायरा निकै फराकिला भएका छन् । जसका कारण महिला विकाससंग सम्वन्धित थुप्रै र विषय तथा मुद्धाहरू जस्तैः महिला स्वतन्त्रता, महिला समानता, महिला अधिकार, महिला सहभागागिता, महिला आरक्षण, महिला सशक्तिकरण आदि महिला विकास अन्तरर्गत समावेश गरिएका विषयहरू हुन् । यसका साथै बदलिदो परिस्थितीसंगै एक पछि अर्को गर्दै निरन्तर नयाँ नयाँ विषयहरू थपिदै गैरेहकाछन् । गर्भपतनको अधिकार, आफ्नो शरीरमाथिको अधिकार, कुनै पनि सेवामा महिलाको अनिवार्य सहभागिता, आदि महिला विकासका नयाँ र जल्द बल्दा मुद्दाहरू हुन् ।

## महिला विकासका पक्षहरू

**महिला विकास अन्तर्गत मुख्य रूपमा निम्न चार पक्षहरू पर्न आउँछन्**

महिला र सामाजिक पक्ष (धार्मिक, सांस्कृतिक)

⇓

महिला र आर्थिक पक्ष

⇓

महिला र शैक्षिक पक्ष

⇓

महिला र राजनीतिक पक्ष

⇓

अन्य पक्षहरू-प्रशासनिक, प्राविधिक, न्यायीक

महिलासंग सम्वन्धित यी विभिन्न पक्षहरू मध्ये विभिन्न अध्ययन तथा अनुसन्धानहरूले शैक्षिक पक्षलाई महिला विकास, जागरण तथा शसक्तिकरणको लागि पहिलो शर्तका रूपमा रहेको छ । त्यस्तै गरी शिक्षालाई उज्यालोको ज्योतिको रूपमा लिने गरिन्छ जसले महिलाहरूमा जागरण ल्याउनुका साथै सशक्तिकरण र सहभागिताका लागि सक्षम बनाउँछ । शिक्षा पछि दोस्रो शर्तका रूपमा सामाजिक पक्षलाई लिने गरिएको पाइन्छ । महिला र पुरूष विच गरिने र हुने सामाजिक भेदभाव तथा समानतालाई प्राकृतिक र धार्मिक नभई सामाजद्धारा बनाइएको कृतृम र एक पक्षिय नियम मान्ने गरिन्छ जो धर्म संस्कृति र परम्पराका आडमा जरा गाडेर रहेको छ । जवसम्म महिलाहरू यस्ता सामाजिक कुरितीहरूबाट मुक्त हुदैनन् तव सम्म महिला विकास, जागरण, शसक्तिकरण र सहभागिता सहज हुन सक्दैन । त्यस कारण पनि समाजले महिलाहरूलाई दोस्रो दर्जाको नागरिकको रूपमा ब्यवहार गर्ने गर्दछ, जव की पुरूषको भन्दा कयौं गुणा बढि जिम्मेवारी महिलाको काँधमा रहेको हुन्छ । तेस्रो शर्तका रूपमा आर्थिक पक्षलाई लिइएको पाइन्छ । जव सम्म महिला आर्थिकरूपले आत्मनिर्भर र सम्पत्तिमा अधिकार सम्पन्न हुन सक्दैनन् तव सम्म महिला विकास, जागरण र सशक्तिकरणको काम सजिलै गर्न सकिदैंन । महिलाहरूलाई

आर्थिक रूपले आत्मनिर्भर बनाउन मुख्य रूपमा राज्यद्धारा नियम कानुन र आर्थिक क्रियाकलाप तथा कार्यक्रमहरूको प्रमुख योगदान रहेको हुन्छ । यस्ता क्रियाकलाप तथा कार्यक्रमहरूलाई महिलामुखी तवरले निर्माण गरि सही ढंगबाट कार्यान्वयन गर्नु र गराउनु आजको आवश्यकता हो । महिला विकास जागरण र सशक्तिकरणका सन्दर्भमा राजनीतिक पक्षलाई चौथो शर्तका रूपमा मानिएको छ । समाजमा राजनितिलाई नीतिहरूको राजा मान्ने गरिन्छ । बास्तवमा राजनिति एक छुट्टै विषय नभएर यो विभिन्न विषयहरूो समिश्रण हो । राजनितिले नै समाज र देशलाई डोर्याको हुन्छ । राजनितिकै माध्यमबाट समाज र देश चलाउने नीति नियम योजना कानुन आदि बन्दछन् । देश चलाउने यस्ता नीति नियम योजना कानुन बनाउने तह सम्म महिलाहरूको पंहुच पुचाइनु पर्दछ । तव मात्र बास्तविक रूपमा महिला हक हित सम्वन्धि प्रभावकारी नीति नियम, योजना, कानुन र कार्यक्रम आदि सही ढंगबाट बन्न सक्छन् । राज्यका विभिन्न अंगहरूमा महिला सहभागिता बढाउन र महिला विकास, जागरण, सशक्तिकरण सहज रूपमा गर्न गराउन सकिन्छ । यसै गरी प्राविधिक, प्रशासनिक, न्यायिक आदि सहायक पक्षहरू समेतमा महिलाहरूको सहभागिता बढाउँदा उनीहरूको चौतर्फी विकासमा थप योगदान पुग्ने कसैको दुई मत छैन ।

यी महिलासंग सम्वन्धित विभिन्न पक्षहरू मध्ये कुनै एक पक्षमा मात्र आएको सकारात्मक परिवर्तनलाई महिला विकास र शसक्तिकरण भएको मान्न सकिदैन । वास्तवमा महिला विकास र सशक्तिकरण भनेको यी सबै पक्षहरूमा आउने सकारात्मक परिवर्तन तथा प्रगती हो । जसले महिलाहरूलाई सामाजिक, आर्थिक, शैक्षिक, राजनितिक, न्यायीक, प्रशासनिक आदि सबै किसिमले सक्षम र आत्मनिर्भर बनाउँछ ।

अतः राजनितिले नै समाज र देशलाई डोर्याएको हुन्छ । राजनिति कै माध्यमबाट समाज र देश चलाउने नीति नियम, योजना, कानुन आदि बन्दछन् । देश चलाउने यस्ता नीति नियम, योजना, कानुन बनाउने तह सम्म महिलाहरूको पहुँच पुर्याइनु आजको आवश्यकता हो । तव मात्र बास्तविक रूपमा महिला हक हित सम्वन्धि प्रभावकारी नीति नियम, योजना कानुन र कार्यक्रम सहि ढंगबाट बन्न सक्छन् । महिलालाई सो ठाउँ सम्म पुचाउने अहिलेको स्थानीय तह निर्वाचनमा सिट आरक्षण गरिएको थियो । तर महिलाहरूलाई प्रमुख पदमा उम्मेद्वारी गराउन राजनीतिक दलहरूले अझै पनि सकिरहेको देखिएन यदपी उप प्रमुख जस्तो दोस्रो स्थानमा भए पनि अधिकांस ठाउँहरूमा महिलाको नेतृत्व आएको छ, जहां न्यायीक निकायको जिम्मेवारी अधिकासं स्थानमा महिलाको जिम्मा

आएकोले महिलाहरूको अलिकति भए पनि आत्मबलमा बृद्धि भएको छ । जसको कारण महिलाहरूको न्यायिक निकायमा पहुँच बृद्धि हुनेछन् र महिलाहरू महिला विकास र महिला र विकास दुबै पक्षमा सुधार भई सशक्तरूपमा अगाडि बढ्ने छन् (भण्डारी, २०७५) ।

# अध्याय : तीन

# अनुसन्धान विधि

## ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

हाल नेपालमा राज्य पुनसंरचना हुदाँ ४ नं. प्रदेशमा पर्ने यस म्याग्दी जिल्ला एक पर्यटकीय क्षेत्र अन्तरर्गतको सुन्दर जिल्ला हो । यस जिल्लाको कुल जनसंख्या १,१३,६४१ मध्ये कुल महिलाको जनसंख्या ६२,२४६ (५४.७७ प्रतिशत) रहि पुरूषको तुलनामा महिलाको संख्या बढी रहेको छ । (जि.वि.स. ०७३/०७४, म्याग्दी) यसरी पुरूषको तुलनामा महिलाको जनसंख्या धेरै नै बढि हुँदा हुदै पनि राष्ट्रिय अन्तराष्ट्रिस्तरमा महिलाको सहभागितालाई हेर्दा अतिनै कमजोर रहेको पाइन्छ । राज्यले लिएको समावेशी सहभागिताको सम्वन्धमा विभिन्न अध्ययन अनुसन्धानहरू मार्फत समस्यालाई उजागत गर्दै समाधानको उपायहरूको खोजी गर्ने कार्य भईरहेको पाइन्छ । विशेष गरि सामाजिक र आर्थिक लगायतका पक्षमा जति सुधार हुनु पर्ने हो, सोचे जति सुधार आउन सकेको छैन । त्यसैले महिलाको सहभागिता सम्वन्धमा अझ बढि अध्ययन अनुसन्धान हुन आवश्यक छ भन्ने सोचका कारण र प्रस्तावित अध्ययन क्षेत्रमा प्रस्तावित विषयमा हाल सम्म एकदमै कम अध्ययन अनुसन्धानका कार्यहरू भएकाले यस क्षेत्रका महिलाहरूको अवस्थाको बास्तविक चित्रणका लागि अध्ययन क्षेत्रलाई छनोट गर्नु आवश्यक रहेको छ ।

हाम्रो देश अर्थात समाजको महिला र पुरूषलाई हेर्ने दृष्टिकोण फरक फरक छ । चाहे राजनितिमा होस्, चाहे कुनै सामाजिक कार्यमा होस्, चाहे कुनै संघ संस्थामा होस, चाहे कुनै सरकारी कार्यालयमा होस्, चाहे कुनै पनि क्षेत्रमा महिलालाई कोटा पुरा गर्ने माध्यम मात्र लिइएको छ । विशेष गरी देश चलाउने प्रमुख निकाय राजनीतिक क्षेत्रमा झन यस प्रकारको अवस्था व्यापक छ । म्याग्दी जिल्लामा २०७४, बैशाख ३१ गते सम्पन्न स्थानीय तहको निर्वाचनको सिलशिलामा चुनावको मिति घोषणासंगसंगै चुनावी बहशहरू चल्न शुरु गर्दा बखत देखिनै पुरूषकै नाम चर्चा परिचर्चा आएको सुनिथ्यो । विभिन्न चोक, बस्तीमा होस् वा राजनीतिक पार्टीमा होस् वा कुनै चिया पसलमा होस् वा त कतै यात्रा गर्ने सवारी साधनमा होस् प्रमुख पदमा फलाने पुरूष मान्छे उठ्ने रे, त्यो पार्टीले फलानो लाई उठाउने रे पैसा भएको आर्थिक रूपमा सम्पन्न मान्छे चाहियो रे त्यस ठाउंमा

फलानोलाई उठाए पार्टीलाई भोट आउछ रे, अर्को पार्टीसंग प्रतिस्पर्धा गराउनलाई भए पनि पुरूष नै उठाउनु पर्दछ रे, त्यो महिलालाई उठाएमा त चुनाव हारिन्छ, जनताले भोट दिदैन्, उसलाई उप प्रमुख नै पद ठिक हुन्छ जस्ता ब्यापक मात्रामा बहस हुने गरेको सुनिन्थ्यो । हरेक मानिसको मुखबाट पुरूष कै नामनामेसीहरू बहिर आउने गरेको थियो । जसकी यस प्रकारको समाजमा महिलाहरूको के लाग्ने पुरूषत्वले जडो गाडेको समाज र समुदायमा तर संविधानमा भएको ब्यवस्थाले मात्र महिलालाई उपप्रमुख पदमा नै भए पनि  प्रतिनिधि चुन्न राजनीतिक दलहरू बाध्य भएको पाइन्छ । जहाँ महिला बाहेक पुरूष प्रतिनिधि चुन्न पाउने ब्यवस्था नै थिएन् ।  पुरूष प्रधान समाजमा महिलालाई अवसर दिए गर्न सक्छन् अवसर नपाए र हो भन्ने कुनै सोच विचार नै हुदैंन, यदपी जुन महिला पुरूषसरह आफनो क्षमता दक्षता प्रर्दशन गर्न सक्छन् त्यस महिलालाई समेत प्रमुख पद दिएको पाइदैन, जहाँ अवसर पाए पुरूष नै अगाडी बढेको पाइन्छ । यहां सम्म सुनिए कि महिलासंग पैसा हुदैंन चुनाव लड्नलाई पैसा चाहिन्छ, महिलाहरू चुनावी अभियानमा हिड्न सक्दैन् चुनाव हारिन्छ, महिलालाई उम्मेद्वारी दिए जनताले भोट दिदैन्, जातीय हिसावले उसलाई भोट दिदैन्, फलानो जातको हुनु पर्दछ, अर्थात पुरूष प्रमुख पदमा भए महिला त जो जस्तो क्षमता भएको भए पनि हुन्छ, पालिका चलाउनलाई प्रमुख पदलाहि पुरूष नै हुनु पर्दछ, उप-प्रमुख पदमा त काम चलाउ महिला भए पनि हुन्छ किन भने प्रमुखले नै सबै काम गर्ने हो, त्यस कारण प्रमुख पदमा पुरूष लाई नै उम्मेद्वारी दिनु पर्दछ,  महिला जस्तो भए पनि हुन्छ कोटा मात्र पुरा गर्ने त होनी, महिलाको काम आखिर पुरूषले नै गर्ने त हो जस्ता कुराहरूको चर्चा हुने गरेकोले महिला माथि हुने यस प्रकारको हिंसा तथा अन्यायको बारेमा यस म्याग्दी जिल्लामा हालै स्थानीय तह निर्वाचनमा निर्वाचित महिलाहरूको अध्ययन विश्लेषण गर्न उपयुक्त ठानी यस क्षेत्रमा अनुसन्धान गरिएको हो ।

### ३.१.१ अध्ययन क्षेत्रको परिचय

नेपालको पश्चिमी भागमा २२९७ वर्ग कि.मी क्षेत्रफलमा फैलिएको म्याग्दी जिल्ला विश्वको मानचित्रमा ८३$^{0}$ ०८′ पूर्वी देशान्तर देखि ८३$^{0}$ ५३′ पूर्वी देशान्तर सम्म र २८$^{0}$ २०′ उत्तरी अक्षाँश देखि २८$^{0}$ ४७′ उत्तरी अक्षांशसम्म फैलिएको एक महत्त्वपूर्ण जिल्ला हो । जिल्लाको अस्तित्व शुरु भएको बेलामा २१ गाउँ पंचायत (वि.स. २०१८) हुँदै २०३१ सालमा सिमाना परिवर्तन भए संगै मुस्ताङ्ग र पर्वत जिल्लाको २० गा.वि.स. यहाँ गाभिएका

थिए । वि.स. २०१८ साल देखि शुरु भएको स्थानीय निकायको संरचनामा क्रमशः २०३१ म परिवर्तन भई २१ बाट गा.वि.स.को संख्या ४० पुग्यो भने म्याग्दीमा रहेको मालिका गाउँपालिका बाग्लुङमा गाभिन पुगेको थियो । साविकको शिख गा.वि.स. २०५६।५७ मा शिख र घार २ गा.वि.स. घार स्थापना भई जिल्लामा ४१ गा.वि.स.कायम भएको पाइन्छ ।

जिल्लाको नामाकरणलाई हेर्दा एकथरी मानिसहरूको भनाइ अनुसार म्याग्दी नदीको पुरानो नाम माया नदी रहेकोमा अपभ्रशं भई मायाङ्दी हुँदै म्याग्दी भएको भन्ने पाइन्छ भने, अर्का थरीको विचारमा जिल्लामा मगरहरूको बाहुल्य भएको र मेङ उपथरका मगरहरूको नदी मेङ्दी भनिदै आएको (मगरहरूको जनजिब्रोमा अद्यापि अधिकांश मेङदी भनेर भनिन्छ) र अर्काथरीको भनाई अनुसार मगर भाषामा म्याङ्के भनेको स्वादिलो र डी भनेको पानी अर्थात स्वादिलो पानी भन्ने हुने, नदी किनारमा बासिन्दाले केही वर्ष अगाडिसम्म म्याग्दी नदीको पानी स्वादिलो मानेर पिउने गरेकोबाट पनि म्याङ्केबाट के हराई म्याग्दी हुँदै त्यहीबाट रूपान्तरित भएर नदीको नाम म्याग्दी रहन भई यही नदीको नामबाट जिल्लाको नाम म्याग्दी रहन गएको पाइन्छ ।

पूर्वमा कास्की, पर्वत र मनाङ पश्चिममा वाग्लुङ र रुकुम, उत्तरमा डोल्पा र मुस्ताङ तथा दक्षिणमा बाग्लुङ जिल्लाबाट वेष्टित यो जिल्ला विश्वप्रख्यात सातौ अग्लो चुचुरो धवलागिरी (८१६७ मि.) गहिरो गल्छी अन्धगल्छी, लाली गुराँसको धेरै थरिको फूल फुल्ने ठूलो जङ्गल भएको जिल्ला हो । समुद्र सतहदेखि ७९३ मिटर रत्नेचौर देखि ८१६७ मिटर (धवलागिरी हिमाल चुचुरो) मा अवस्थित यस जिल्लाको हावापानी, बास्पति, कृषि उत्पादन लगायत प्रायः विषयमा विविधता पाइन्छ । यिनै विविधताका बिच जिल्लामा एकता र समृद्धिको लागि मानवीय प्रयास भईरहेको छ ।

राजनैतिक रूपमा म्याग्दी एउटा मात्र निर्वाचित क्षेत्र (प्रतिनिधि सभा) भएको तर भौगोलिक क्षेत्रफलको दृष्टिकोणबाट हेर्दा ठूलो जिल्लाको कोटीमा पर्दछ । नेपालको कुल क्षेत्रफल १,४७,१८१ वर्ग कि.मी. मध्ये २२९७ वर्ग कि.मी. अर्थात १.५६ प्रतिशत क्षेत्र ओगटेको छ । यस जिल्लाको खौंच, दुन,बेसी, पहाड, हिमाल मिलेर बनेको यस जिल्लामा प्रायः उच्च हिमाली क्षेत्रको बाहुल्य छ । यहाँका मुख्य नदीनालालाई आधार मान्ने हो भने भौगोलिक पहिचान गर्न सजिलो हुन सक्दछ । उत्तर दक्षिण चिरेर सुदुर उत्तरको मुस्ताङ्ग जिल्ला हुँदै म्याग्दीको उत्तरी क्षेत्र दाना भित्रिदैं दक्षिण तर्फ बेनी बजार हुँदै दक्षिण दिशा तर्फ बग्छ काली गण्डकी । यस क्षेत्रमा प्रायः गल्छी छन्, खौंच पनि प्रशस्त छन् । जिल्लाको

पश्चिमोत्तर भूभाग धौलागिरी हिमश्रृखलाबाट उत्पति भई बग्दै आउने म्याग्दी नदी मुदी हुँदै बेसी तथा समथर दुन बनाउदै बेनी बजार नेर कालीगण्डकीमा मिल्दछ, आफ्नो बहाव क्षेत्रमा कृषि उर्वरभूमी बनाएको यो जलप्रवाह बस्ती र जनसंख्याका हिसावले घना र बढी पनि छ । जिल्लाको बीचबाट बहने रघुगंगगा पनि धवलागिरी हिम श्रृखलाबाट उत्पति भई बेनी नजिक गलेश्वरमा कालिगण्डकीमा मिल्दछ । यस जल प्रवाहबाट पनि खोँच निर्माण भएको पाइन्छ । यहाँको भू स्वरूपलाई हेर्दा  बेसी क्षेत्र ८ प्रतिशत उच्च पहाडी क्षेत्र ५६ प्रतिशत र हिमाली क्षेत्र ३६ प्रतिशत रहेको छ ।

यो जिल्ला पर्यटकीय दष्टिकोणले प्रशस्त संभावना बोकेको जिल्लाको श्रेणीमा पर्दछ । शालीग्राम बाहिनी कालीगण्डकी, विश्वको सवभन्दा ठूलो लागि गुँरास बन क्षेत्र भएको घोरेपानी, गलेश्वर शिवालय जस्ता विभिन्न मठ मन्दिरहरू, रूपसे झर्ना, पुनहिल, सिंगा र भुरुङतातोपानी लगायतका विभिन्न स्थान र स्तरका तातोपानी कुण्डहरू, धालागिरी र गुर्जा जस्ता उच्च हिम शिखरहरू, दानामा पर्ने विश्वकै गहिरो अन्धगल्छी, गुर्जाको ढोरपाटन आरक्षण, टोड्को क्षेत्र आदि स्थानहरू देशी विदेशी पर्यटकहरूको मन तान्न सदा सर्वदा हाजिर छन् ।

### ३.१.२ स्थानीय तहको परिचय

म्याग्दी जिल्लाको ६ वटा स्थानीयहरूको प्राकृतिक संरचनालाई नियाल्दा क्षेत्रफलको हिसावले सबै भन्दा ठूलो धवलागिरी गाउँपालिका हो, जहाँ धवलागिरी हिमश्रृखला पर्दछ । उच्च हिम शिखर (८१६७ मी) धवलागिरी पनि यही पालिकामा पर्दछ । ताकमको उच्च समस्थली, गुर्जाको गुचुमुच्चु बस्ती अपार भण्डार, जडिबटी र ढोरपाटन शिकार आरक्ष, प्रचुर स्रोत आदि यस क्षेत्रका पर्यटकीय महत्त्वका विशेषता छन् । बेनी नगरपालिका जिल्लाकै केन्द हो । यो पर्यटकीय, प्रशासकिय, ब्यापरिक एवं कृषिको पकेट क्षेत्र मानिन्छ । मालिका गाउँपालिका कृषिको उर्वर भूमि, तामा खानी ढुङ्गा खानी, बेसी क्षेत्र, जडीबुटी, पर्यटन र छिमेकी जिल्ला बाग्लुङ्गको समेत ब्यापारिक बेन्द्रको रूपमा स्थापीत छ । मंगला गाउँपालिका पनि कृषिका लागि समथर भूमि बेसीको बाहुल्य भएको क्षेत्र हो भने विभिन्न साना उद्योगको लागि पनि उपयुक्त थलोको रूपमा पाइन्छ । पर्यटन प्रवर्द्धन गर्न सकिने प्रशस्त संभावना यहाँ देखिन्छ । यसै गरि रघुगंगा गाउँपालिका कृषि, पर्यटन, लघुजलविद्युत, लघु उद्यम जस्ता विविध क्षेत्रको प्रचुर संभावन बोकेको पालिका हो । भने जिल्लाको

अन्नपूर्ण गाउँपालिका विश्वकै गहिरो अन्धगल्छि, नेपालकै लामो रूप्से झरना, पुनहिल टावर, अन्नपूर्ण र निलगिरी जस्ता हिमालको काखमा अवस्थित पर्यटकिय क्षेत्रहरूले नेपालमै चिरपरिचित रहेको पालिका हो साथै कृषि, लघुउद्यम तथा जलस्रोत यस क्षेत्रका संभावना बोक्ने विकासका पूर्वाधारको रूपमा लिन सकिन्छ । यस जिल्लाका ६ वटा स्थानीय तह छुटाछुट्टै पहिचान र अस्तित्व बोकेका विकासका संभाव्य क्षेत्रहरू मानिन्छन् । कुशल नेतृत्व र सही कार्यान्वयनबाट यी संभावनाहरूको उपयोग गर्न सकिनेमा दुईमत छैन । तथापी विकास योजनाका पहिचान र कार्यान्वयन गर्ने सम्वन्धित विषयको जानकार जनशक्ति अत्यावश्यक हुन्छ । बनजंगल, खानी, जनस्रोत, पर्यटन, कृषि, जडीबुठी आदिको समुचित उपभोग भएमा आर्थिक बृद्धिका साथै सामाजिक राजनैतिक विकासमा जोड दिएर अगाडी बढेमा यस जिल्लाको सर्वाङ्गिण विकास हुने आशाका किरणहरू देखिन्छन् ।

**तालिका ३.१ : स्थानीय तहको परिचयात्कम विवरण**

| स्थानीय तह | मतदाता | क्षेत्रफल वर्ग (कि.मी | केन्द्र | वडा संख्या | जनसंख्या |
|---|---|---|---|---|---|
| श्री बेनी नगरपालिका | १८३४५ | ७६.५७ | बेनी | १० | ३४८७६ |
| श्री मालिका गाउँपालिका | १०६४४ | १४७ | दरवाङ्ग | ७ | १९२०८ |
| श्री मंगला गाउँपालिका | ११०५८ | ८९ | बाबियाचौर | ५ | १६३३४ |
| श्री धवलागिरी गाउँपालिका | ९३३४ | १०३७ | मुना | ७ | १४११२ |
| श्री रघुगंगा गाउँपालिका | ११५६३ | ३७९ | पाखापानी | ८ | १५७७२ |
| श्री अन्नपूर्ण गाउँपालिका | १०५१९ | ५५६.४१ | पोखरेबगर | ८ | १३३३७ |
| कुल जम्मा | ७१४६४ | २२८४.९८ | | ४५ | ११३६३९ |

*श्रोत: निर्वाचन  कार्यालय, म्याग्दी*

माथिको तालिका अनुसार कुल ११३६४१ जनसंख्या रहेको जिल्लाको ६ स्थानीय तहहरू म ४५ वटा वडाहरू रहेका छन् भने कुल मतदाता संख्या ७१४६४ रहेको छ त्यसै गरी कुल क्षेत्रफल २२८४.९८ रहेको छ ।

### ३.१.३ धार्मिक र पर्यटकिय क्षेत्रमा म्याग्दी

म्याग्दी एक बुहुजातीय, बहुभाषिक जिल्ला हो । यो ऐतिहासिक रूपमा प्रख्यात पनि हो । धार्मिक दृष्टिकोणले हेर्दा यो जिल्ला पावन मानिन्छ । हिन्दु तथा बौद्धहरूको आस्थाको

मिश्रण रहेको अति पवित्र मुक्तिनाथको प्रवेदद्धारको रूपमा यस जिल्लालाई लिइन्छ । दोस्रो पशुपतिनाथको रूपमा हिन्दु जगतले मानि बएको गलेश्वर क्षेत्र जुन पुराण वर्णित तपस्वी जडभरतको तपस्थली हो र जसको सन्तिकट जगन्नाथ मन्दिर, पुलह पुलस्त्याश्रम क्षेत्र, गायत्री मन्दिर आदि महत्त्वपूर्ण धार्मिक मठ मन्दिरहरू छन् । मालिका मन्दिर, रिखार जस्ता पवित्र भूमिले जिल्लाका विकट भूगोलको शोभा बढाइरहेका छन् । शालिग्रामबाहिनी गण्डकी र रघुनदीको सगम एवं कालीगण्डकी र म्याग्दी नदीको संगम (वेणी) लाई अपभ्रंश भएर बेनी भनिदै आएकोले पनि सदरमुकामको समेत धार्मिक महत्त्व कम छैन । वि.सं. १७०० मा निर्मित शिवालय पौवा, महारानी थान, जगन्ननाथ मन्दिर आदि धार्मिक स्थानले ऐतिहासिक महत्त्व समेत बोकेका छन् । खरिवराह, गिद्देश्वर मन्दिर, ताकमकोट, खयर बराहताल, भालेबास्ने ताल जस्ता अन्य धार्मिक संरचना धेरै मात्रामा जिल्लामा विद्यमान रहेकाले यो जिल्ला पौराणिक र ऐहासिक महत्त्व बोकेको पवित्र जिल्ला हो ।

२०६८ सालको जनगणना अनुसार ११३६४१ जनसंख्या मध्ये ८७.१६ प्रतिशत हिन्दु,१०.३३ प्रतिशत बौद्ध, १.३३ प्रतिशत क्रिश्चियन, ०.७८ प्रतिशत प्रकृति धर्म, ०.१६ प्रतिशत इस्लाम र अन्य धर्मावलम्वी ०.२५ प्रतिशत रहेको छ । जिल्लाको धार्मिक सहिष्णुता उदाहरणीय छ ।

### ३.१.४ जातीगत भाषाभाषीमा म्याग्दी

भाषाको क्षेत्रमा हेर्दा ९४.२४ प्रतिशत नेपाली भाषी, २.२१ प्रतिशत मगर भाषी, १.०१ प्रतिशत खाम भाषी, ०.९४ प्रतिशत छन्त्याल भाषी, ०.६२ प्रतिशत नेवार भाषा भाषी र अन्य ०.९८ प्रतिशत रहेको देखिन्छ । भने जातीगत रूपमा हेर्दा मगर ३९.४६ प्रतिशत, क्षेत्री १७.१७ प्रतिशत, कामी १५.३१ प्रतिशत, ब्राह्मण ८.०४ प्रतिशत, दमाइ ५.७६ प्रतिशत, छन्त्याल ३.४५ प्रतिशत, सार्की ३.३३ प्रतिशत, ठकुरी २.०५ प्रतिशत, नेवार १.३८ प्रतिशत, गुरुङ ०.९९ प्रतिशत थकाली ०.८८ प्रतिशत, मुसलमान ०.१६ प्रतिशत र अन्य सबै १.८२ प्रतिशत रहेका छन् ।

### ३.१.५ विकासका दृष्टिमा म्याग्दी जिल्ला

भौतिक पूर्वाधारका क्षेत्रमा भौगोलिक विकटता र विविधताका कारण यतायात नै प्रमुख आबश्यकताका रूपमा रहेको छ । भूबनोट तथा धरातलीय रुवरूपले सडक निर्माण

गर्दा आधुनिक प्रविधिको साथ वातावरण मैत्री विधि अपनाउनु पर्ने देखिन्छ । खानेपानी र विद्युतीकरणको संभावना प्रचुर छ । जलस्रोतको धनी यस जिल्लामा धरातलीय अवस्थाले गर्दा कम लगानीमा बढी विद्युत उत्पादन गर्न सकिने प्राकृतिक पूर्वाधार छन् । नदीनाला प्रशस्त र प्रतिइकाइ कम लागत गर्ने भू– स्वरूपले गर्दा विद्युतको मनग्ये उत्पादन हुन सक्ने जिल्ला हो यो । कृषिमा आधुनिकीकरण भूगोल र माटो सुहाउँदो मल, विउ विजन, प्रविधि तथा सिप ज्ञान एवं बजार ब्यवसथापन गरी ब्यवसायिकता तिर जाने, आवश्यकतालाई प्राथमिकताका आधारमा हरेक विषयमा अगाडि बढेमा स्वतःस्फूत रूपमा आर्थिक, शैक्षिक समृद्धि र रोजगारी तर्फ उन्मुख भई अपेक्षाकृत विकास संभव देखिन्छ । जनजातीको बाहुल्यता रहेको र अन्य जातीमा भन्दा यस जातिमा महिलालाई शक्ति प्रदान वा शक्तिको रूपमा मान्यता दिएका हुनाले लैङ्गिकसशक्तिकरणमा ११ औं स्थानमा पर्दछ । विभिन्न सूचकाङ्कलाई हेर्दा साहै नराम्रो मान्न मिल्दैन भने मानव विकास सूचकाङ्गलाई हेर्दा खेरि यहाँको स्थिति राम्रो नै रहेको पाइन्छ । यसलाई तिनका सूचकका आधारमा हेर्दा देखिने स्थितिलाई यसरी लिन सकिन्छ ।

### ३.१.६ स्थानीय निकाय र तहको निर्वाचनमा लैङ्गिक अवस्था

नेपालमा सम्पन्न भएको वि.स.२०५४ सालको स्थानीय निकाय निर्वाचनको परिणामलाई आधार मानी निर्वाचित महलिाको प्रतिशत हेर्दा महिलाका लागि आरक्ष गरिएको वडा समितीको सदस्य एउटै पदमा मात्र भए पनि संख्या धेरै हुँदा महिलाको प्रतिनिधित्व उल्लेख्य रहेको थियो । महिला प्रतिनिधित्वका लागि आरक्षण गरिएका यस्ता पदमा स्वभाविक रूपमा उनीहरूको प्रतिनिधित्व शतप्रतिशत रहयो । वि.स २०५४सालको स्थानीय निकाय निर्वाचनमा वडा समितिको सदस्य एक पदमा मात्र महिलालाई आरक्षण खिइएकोमा वि.स.२०७४ सालको स्थानीय तह निर्वाचमा वडा स्तरमा महिलाको प्रतिनिधित्वलाई दोब्बर बनाएर महिला सदस्य र दलित महिला सदस्य गरी महिलाका लागि २ वटा पद आरक्षण गरिएको थियो ।

यस निर्वाचनमा नगरपालिकाको उपप्रमुख र गाउँपालिकाको उपाध्यक्ष पदमा निर्वाचित महिलाको संख्याले महिला प्रतिनिधित्वमा उल्लेख्य परिवर्तन भएको देखिएको छ । वि.स.२०५४ सालमा सम्पन्न स्थानीय निकाय निर्वाचनमा एक प्रतिशत भन्दा कम महिला उपप्रमुख र उपाध्यक्ष पदमा निर्वाचित भएका थिए भने वि.सं.२०७४ सालमा सम्पन्न

स्थानीय तह निर्वाचनमा ती पदमा निर्वाचित महिलाको प्रतिनिधित्वि बढेर झन्डै ९३ प्रतिशत पुगेको छ । वि.स.२०५४ सालमा सम्पन्न भएको स्थानीय निकाय र वि.स. २०७४ सालमा सम्पन्न भएको स्थानीय तहको निर्वाचनमा विभिन्न पदमा विजयी भएका महिलाको प्रतिशतमा तलको तालिकामा देखाइएको छ ।

**तालिका ३.२ : स्थानीय निकाय र स्थानीय तहको निर्वाचन विवरण**

| विवरण | वि.स. २०५४ | | वि.स.२०७४ | |
|---|---|---|---|---|
| | महिला प्रतिशत | पुरूष प्रतिशत | महिला प्रतिशत | पुरूष प्रतिशत |
| प्रमुख तथा अध्यक्ष | ०.३१ % | ९९.६९% | ४०.७५ % | ५८.८ |
| उपप्रमुख तथा अध्यक्ष | ०.३९ % | ९९.६1% | ९२.९६% | ७.०४ |
| वडा अध्यक्ष | ०.८८% | १९.१२ % | ०.९२ % | ९९.०७ |
| वडा सदस्य | १.९५ % | ९८.०५% | ९८.०३% | ०.९६ |
| महिला सदस्य | ९९.०५ | | ९९.९५% | |

*स्रोत: (निर्वाचन आयोग, २०७४ निर्वाचनमा लैसस)*

स्थानीय तह निर्वाचनमा भागलिने दलले नगरपालिकाको हकमा प्रमुख र उपप्रमुख तथा गाउँपालिकाको हकमा अध्यक्ष र उपाध्यक्ष दुवै पदमा उम्मेदवारी दिँदा कम्तीमा एक जना महिलालाई अनिवार्य रूपमा उम्मेदवार बनाउनु पर्ने कानूनी प्रावधानका कारण यसरी निर्वाचित महिलाको संख्या बृद्धि हुन पुगेको हो । स्थानीय तहका उच्च पदमा महिलाको प्रतिनिधित्व बृद्धि हुनुमा नगरपालिकाका प्रमुख/उपप्रमुख र गाउँपालिका अध्यक्ष/उपाध्यक्ष पदमा उम्मेदवारी दिने राजनीतिक दलले एक एक जना महिला उम्मेदवार अनिवार्य रूपमा दिनु पर्ने कानूनी प्रावधानको प्रभाव रहेको देखिन्छ । यद्यपी स्थानीय तहको नेतृत्वगर्ने नगरपालिकामा प्रमुख र गाउँपालिकामा अध्यक्ष पदमा भने महिलाको प्रतिनिधित्व झिनो रूपमा मात्र बृद्धि भएर ०.३ प्रतिशतबाट बृद्धि भएर २.४ प्रतिशतमा पुगेको देखिन्छ ।

स्थानीय तहमा निर्वाचित हुने महिलाको प्रतिनिधित्वमा यसरी उल्लेख्य बृद्धि हुनुमा कानूनी प्रावधानले महत्त्वपूर्ण मार्ग निर्देशन गरेको देखिन्छ । यस किसिमको परिर्वतनले महिलाको प्रतिनिधित्वलाई करिव २० प्रतिशतबाट बढाएर ४१ प्रतिशतसम्म पुचाएको छ । यद्यपी हाल स्थानीय तहको संख्या घटेको अवस्थामा निर्वाचित भएका महिलाको

अङ्कगणितीय कुल संख्या भने पहिलाको तुलनामा घट्न गएको देखिन्छ । वि.स. २०७४ सालको स्थानीय तह निर्वाचनमा स्थानीय तहमा महिला तथा पुरूष दुवै निर्वाचित हुनु पर्ने कुल पद संख्या ३३,२२१ रहेको थियो भने वि.स.२०७४ सालमा सम्पन्न स्थानीय निकाय निर्वाचनमा निर्वाचित हुने एक्लो महिला वडा सदस्यको पद संख्या मात्र पनि जम्मा वडा संख्याको आधारमा ३६,०५६ थियो ।

### ३.१.७ म्याग्दी जिल्लाको लैङ्गिक अवस्था

लैङ्गिकको आधारमा पुरूषको तुलनामा पछि परेको र पारिएको महिला वर्गको स्थानीय तहको निर्वाचनमा सहभागिता, पेशागत रूपमा महिलाको सहभागिता, प्रशासनिक क्षेत्रमा महिला पुरूषको अनुपात, आयमा हुने स्थितीलाई समेत म्याग्दी जिल्लाको विवरण यस प्रकार देखिन्छ । जसलाई तालिकाद्धारा तल देखाइएको छ ।

**तालिका ३.३ : म्याग्दी जिल्लाको लैङ्गिक अवस्था**

| विवरण | पश्चिम पहाड | म्याग्दी |
|---|---|---|
| स्थानीय तह निर्वाचन २०७४ मा महिला सहभागिता (%) | | ४१.२ % |
| स्थानीय निकाय निर्वाचन २०५४ मा महिला सहभागिता (%) | १९.९ | २२.५३ % |
| पेशागत क्षेत्रका कार्यरत महिला | २१.३० | १५.२२ |
| प्रशासनिक क्षेत्रमा कार्यरत महिला | १३.४० | २०.२७ |
| पुरूष र महिलाको आयको अनुमानित अर्थात आयमा महिलाको हिस्सा | ०.३८९ | ०.४१८ |
| मापन | | ०.४१८ |
| श्रेणी | | ११औं |

*स्रोतः (पुन नरदेवी, २०६८)*

यसरी माथिको तालिकालाई नियाल्दा पश्चिम पहाडी भेगमा अन्यत्रको तुलनामा म्याग्दी जिल्लामा यसका ४ वटा सूचकहरू मध्ये पेशागत क्षेत्रमा कार्यरत महिला बाहेक अरु ३ वटा सूचकमा म्याग्दी अगाडि नै देखिन्छन् । स्थानीय तहको निर्वाचन २०७४ मा ४१ प्रतिशत तथा स्थानीय निकाय निर्वाचन पनि महिलाको २२.५३ प्रतिशत सहभागिता देखिन्छ भने प्रशासनिक क्षेत्रमा २०.२६ प्रतिशत देखिन्छ । आयमा महिलाको हिस्सा ०.४१८ देखिन्छ जुन पश्चिम नेपालको भन्दा बढी छ । यसरी हेर्दा समग्र नेपालको स्थितिलाई तुलना गर्दा

सािवकको म्याग्दी ७६ जिल्ला मध्ये ११ औं स्थानमा पर्नु राम्रो मान्न सकिन्छ । हामीले उल्लेख गर्नै पर्ने कुरा म्याग्दी जिल्लामा महिलाहरूको बाहुल्यता रहेको जिल्ला हो र कुल जनसंख्याको ५४.७७ प्रतिशत महिलाले ओगटेको हुनाले यस सूचकाङ्कको पनि सोही अनुपातको अंश ओगट्छ भन्ने मान्यता राख्दछु ।

**तालिका ३.४ : लिङ्गका आधारमा उम्मेदवार, निविरोध, निर्वाचित पदगत संख्यात्मक विवरण**

| पद | कुल पद संख्या | उम्मेदवार संख्या | | निविरोध निर्वाचित संख्या | | कुल विजयी संख्या | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरूष | महिला | पुरूष | महिला | पुरूष |
| अध्यक्ष | ६ | १ | २० | ० | ० | १ | ५ |
| उपाध्यक्ष | ६ | १२ | ५ | ० | ० | ५ | १ |
| वडा अध्यक्ष | ४५ | ४ | ११० | ० | १ | २ | ४३ |
| महिला सदस्य | ४५ | ११४ | ० | ३ | ० | ४५ | ० |
| दलित महिला सदस्य | ४५ | १०६ | ० | ४ | ० | ४५ | ० |
| अन्य वडा सदस्य | ९० | ६ | २२८ | ० | २ | ३ | ८७ |
| दलित वा अल्पसंख्यक सदस्य | १३ | ३ | १२ | २ | ६ | २ | ११ |
| कुल जम्मा | २५० | २४६ | ३७५ | ९ | ९ | १०३ | १४७ |

*स्रोत: (निर्वाचन कार्यालय, म्याग्दी)*

माथि तालिकामा उल्लेखित लिङ्गको आधारमा उम्मेदवार, निविरोध, निर्वाचित पदगतरूपमा संख्यामा देखिएको तथ्याङ्कले म्याग्दी जिल्लामा कुल पद संख्पा १५० रहेको देखिन्छ जसमा उम्मेदवार तर्फ महिला २४६ र पुरूष उम्मेदवार ३७५ जनाले उम्मेद्धाराको दाबेदार गरेको पाइन्छ । त्यसै गरि निविरोध तर्फ महिला ९ जना र पुरूष ९ जना रहेको देखिन्छ भने कुल विजय प्राप्त संख्या तर्फ महिला १०३ जना र पुरूष १४७ जनाले विजय प्राप्त गरेको देखिन्छ । यस तथ्याङ्कलाई हेर्दा म्याग्दी जिल्लाको कुल जनसंख्या महिलाको रहेता पनि  स्थानीय तहको निर्वाचन २०७४ मा विभिन्न पार्टीहरूले उम्मेदवार दर्ता गराउद धेरै मात्रामा पुरूषलाई प्राथमिकता दिएको देखिन्छ । त्यसै गरि निविरोध उम्मेदवार तर्फ समान संख्या रहेको देखिन्छ भने विजय प्राप्त गरेको कुल संख्यालाई हेर्दा बढ्ढि पुरूषले

विजय प्राप्त गरेको तथ्याङ्क देखिन्छ । माथिको तथ्याङ्क अनुसार म्याग्दी जिल्लामा सग्रहरूपमा स्थानीय तहको निर्वाचन २०७४ को तथ्याङ्क अध्ययन गर्दा उम्मेदवार दिने बेलामा महिला पुरूष दुवैलाई समान दृष्टिकोणले हेरिएको देखिदैन बढी महत्त्व पुरूषलाई दिएको  देखिएको छ ।

## ३.२ अनुसन्धान ढाँचा

मुलतः अनुसन्धानको उद्देश्यको आधारमा तथ्याङ्क संकलन गर्दा वर्णनात्मक र ब्याख्यात्मक अनुसन्धानको ढाँचामा आधारित रहेको छ ।

## ३.३ नमुना छनौट विधि

स्थानीय तह निर्वाचन २०७४ मा म्याग्दी जिल्लाका ६ वटा स्थानीय तह हरूबाट उम्मेद्वार बनेका जम्मा २८६ जना महिलाहरू उम्मेद्वार बनेका थिए । ती सबै उम्मेदवारहरूलाई अध्ययनको इकाई मानि प्राथमिक तथ्याङ्क संकलन गर्न समय र खर्चको हिसावले असम्भव प्राय हुने भएकाले जम्मा महिला उम्मेद्वार संख्या २४६ को ३५ प्रतिशतले हुन आउने ८६ जना उम्मेद्वारहरूलाई गोलाप्रथाबाट छनौट गरि अध्ययन गरिएको थियो । ती ८६ जना उत्तरदाताहरू मध्ये ५३ जना विजय प्राप्त गरेका र बाँकी ३३ जना विजय प्राप्त गर्न नसकेका उम्मेद्वारहरूलाई गोला प्रथाबाट छनौट गरि उक्त छानिएका उत्तरदाताहरूलाई अन्तर्वाता अनुसूचीको माध्यमबाट आवश्यक पर्ने प्राथमिक तथ्याङ्क संकलन गरिएको थियो ।

## ३.४ तथ्याङ्कको प्रकृति र स्रोत

यस अध्ययनमा प्राथमिक र द्धितिय स्रोतबाट तथ्याङ्क तथा सूचनाहरू संकलन गरेको छु । प्राथमिक स्रोत अन्तरर्गत अन्तवार्ता अनुसूची, मुख्य जानकार ब्यक्तिहरूसंगको छलफल र बैयक्तिक अध्ययनबाट सूचना संकलन गरिएको छ भने द्धितिय स्रोत अन्तरर्गत सूचना संकलन गर्न पूर्व प्रकाशित विभिन्न लेख रचना पुस्तकहरू अन्य सम्वन्धित साहित्य, शोध पत्रहरू तथा इन्टरनेट इमेल आदिको सहयोग लिइएको छ ।

## ३.५ तथ्याङ्क संकलन विधि

कुनै पनि विषयमा अध्ययन अनुसन्धान गर्नको लागि विभिन्न तथ्याङ्कहरू संकलन गरिने विधिहरू अवलम्वन गर्नु पर्ने हुन्छ । त्यसै अनुरूप यस अध्ययन विधिमा पनि प्राथमिक र द्धितिय खालका स्रोलाई अधार मानी प्राथमिक स्रोत अन्तरर्गत निम्नानुसारको विधि अपनाइएको छ ।

### ३.५.१ अर्न्तवार्ता अनुसूची

यस अध्ययनमा तथ्याङ्क संकलन गर्दा अन्तरर्वाता लिई आवश्यक तथ्याङ्क वा सूचना लिइएको छ । यसको लागि अध्ययन क्षेत्रमा गई छनौट भएका उत्तरदाताहरूसंग खुल्ला प्रश्न उत्तरको माध्यमबाट अन्तरर्वाता लिइएको छ ।

साथै म्याग्दी जिल्लामा स्थानीय तह निर्वाचनबाट निर्वाचित भएका र पराजित भएका गरि कुल ८६ जना महिलाहरूलाई मात्र अन्तर्वातामा समावेश गरिएको छ । भने अन्य प्रतिनिधिहरूलाई आवश्यकता अनुसार खुल्ला छलफलको माध्यमबाट अन्तर्वाता गरि सूचना प्राप्त गरिएको छ ।

### ३.५.२ मुख्य जानकार व्यक्तिहरूसंगको छलफल

सामान्यतय कुनै पनि विषयबस्तुमा गहनरूपमा अध्ययन गर्नका लागि सम्वन्धित विषय विज्ञसंग कुराकानी गरेर तथ्य संकलन गर्ने प्रविधि मुख्य जानकार ब्यक्तिसंगको अन्तर्वाता हो । यस अध्ययना जिल्लामा सक्रिय महिला अधिकारकर्मीहरू (महिला अधिकार मंच, राजनीतिक क्षेत्रमा जिल्ला देखि केन्द्र सम्म प्रतिनिधित्व गरेका महिला राजनैतिककर्मीहरू, शिक्षिका र गैरसरकारी संस्थामा क्रियासिल महिला) लाई मुख्य जानकार ब्यक्तिको रूपमा लिइएको छ । मुख्य सूचनादातासंग उत्तरदाताहरूबाट अन्तर्वाता कार्यतालिकामा समावेश प्रश्नहरूमा अन्तर्वाता गरिसके पश्चात उक्त विषयहरूको बारेमा किन, कसरी, छ, छैन जस्ता पक्षहरूमा ब्यक्तिगत तथा सामूहिक छलफल गराई प्रश्न उत्तरको माध्यमबाट अन्तरर्वाता लिई तथ्य संकलन गरिएको छ ।

### ३.५.३ वैयक्तिक अध्ययन

तथ्याङ्क संकलनको एक मुख्य साधन वैयक्तिक अध्ययन हो । महिलाहरूको पहिलेको अवस्था र अहिलेको अवस्थामा आएको परिर्वतनको बारेमा ब्याख्या गर्नको लागि यो विधि अपनाइएको हो । स्थानीय तहको निर्वाचनमा सहभागी महिलाहरू मध्ये निर्वाचित भएका २ जना र पराजय भएका २ जना गरि कुल ४ जनाको विवरणात्मक तथा विश्लेषणात्मक गहन तथा सूक्ष्म अध्ययन गरी उनीहरूले कसरी नेतृत्वदायी भूमिका खेलेका छन् भन्ने विषयमा बढी केन्द्रित रहेको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण

संकलन गरिएका तथ्याङ्कलाई एमएक्स एक्सल प्रयोग गरी तालिका र चित्रहहरूमा रूपान्तरण गरी विश्लेषण गरिएको छ । त्यसै गरी प्राप्त सूचनाहरूलाई पनि तथ्यांकीय विश्लेषणसंगसंगैं एकिकृत रूपमा ब्याख्या तथा विश्लेषण गरेको छ ।

# अध्याय : चार

# राजनीतिक नेतृत्वमा रहेका महिलाहरूको सामाजिक र आर्थिक अवस्था

## ४.१ पालिका अनुसार उत्तरदाता

गण्डकी प्रदेश अन्तर्गत पर्ने म्याग्दी जिल्लामा १ नगरपालिका र ५ गाउँपालिका गरि ६ स्थानीय तह रहेका छन् । यस शोधपत्रको अध्ययनको कार्यक्षेत्र ६ वटै पालिकाहरूमा रहेको छ । जसमध्ये अध्ययनका लागि छनौटमा परेका निर्वाचित र पराजित हुने उत्तरदाताहरूको विवरण निम्नानुसार रहेका छन् ।

**तालिका ४.१ : निर्वाचित र पराजित उम्मेदवारहरूको विवरण, २०७४**

| स्थानीय तहको नाम | निर्वाचित | | पराजित | | कुल संख्या |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| बेनी नगरपालिका | १६ | ३०.१८ | १२ | ३६.३६ | २८ |
| मंगला गाउँपालिका | ५ | ९.४३ | ३ | ९.०९ | ८ |
| मालिका गाउँपालिका | ६ | ११.३२ | ६ | १८.१८ | १२ |
| धवलागिरी गाउँपालिका | १४ | २६.४१ | ५ | १५.१५ | १९ |
| अन्नपूर्ण गाउँपालिका | ८ | १५.०९ | ५ | १५.१५ | १३ |
| रघुगंगा गाउँपालिका | ४ | ७.५४ | २ | ६.०६ | ६ |
| कुल संख्या | ५३ | १०० | ३३ | १०० | ८६ |

*स्रोतः क्षेत्र अध्ययन, २०७७*

माथिको तालिकामा रहेका तथ्याङ्कमा म्याग्दी जिल्लामा रहेका ६ वटा स्थानीय तहहरू मध्ये निर्वाचित भएका ५३ जना महिला जनप्रतिनिधिहरू र पराजित भएका ३३ जना उम्मेदवारहरू रहेका छन् । बेनि नगरपालिकामा सबैभन्दा बढी उत्तरदाता रहेका छन् भने सबैभन्दा कम उत्तरदाता रघुगंगा गाउँपालिकामा रहेका छन् । जसमध्ये बेनि नगरपालिकामा निर्वाचित ३०.१८ प्रतिशत र पराजित हुने ३६.३६ प्रतिशत, धवलागिरी गाउँपालिकामा निर्वाचित २६.४१ प्रतिशत र पराजित हुने १५.१५ प्रतिशत, अन्नपूर्ण गाउँपालिकामा निर्वाचित १५.०९ र पराजित हुने १५.१५ प्रतिशत, मालिका गाउँपालिकामा निर्वाचित

११.३२ प्रतिशत र पराजित हुने १८.१८ प्रतिशत, मंगला गाउँपालिकामा निर्वाचित ९.४३ प्रतिशत र पराजित हुने ९.०९ प्रतिशत र रघुगंगा गाउँपालिकामा निर्वाचित हुने ७.५४ प्रतिशत र पराजित हुने ६.०६ प्रतिशत रहेको पाइयो । साथै अन्य जानकार ब्यक्तिहरूबाट प्राप्त सूचना र माथिको तालिकाबाट प्राप्त हुने सूचनालाई एकै शीर्षकमा एक अर्कामा अर्न्तसम्वन्धित हुने गरी छुट्टा छुट्टै ब्याख्या तथा विश्लेषण गरिएको छ ।

## ४.२ जात/जातीगत अवस्था

यस म्याग्दी जिल्ला बहुजातीय मानव जातीको बसोबास रहेको जिल्ला हो । जुन जातीहरू मध्ये मगर समुदायको बसोवास बढि रहेको छ । म्याग्दी जिल्लामा मगर समुदायको जिल्ला भनेर पनि चिनिन्छ । यहाँ अधिकांश भु–भाग मगर समुदायको रहेको छ । भने नेपालकै दुलर्भ जातीको रूपमा चिनिने छन्त्याल जातीको बसोवास पनि म्याग्दी जिल्लामै रहेको छ । उत्तरदाताहरू मध्ये जातीगत विवरणलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.२ : महिला उम्मेदवारको जातीगत विवरण**

| स्थानीय तहको नाम | उत्तरदाता संख्या | दलित | जनजाती | बाहुन क्षेत्री |
|---|---|---|---|---|
| बेनी नगरपालिका | २८ | ११ | ९ | ८ |
| मंगला गाउँपालिका | ८ | २ | ३ | ३ |
| मालिका गाउँपालिका | १२ | ६ | ४ | २ |
| धवलागिरी गाउँपार्गालिका | १९ | ९ | ६ | ४ |
| रघुगंगा गाउँपालिका | ६ | २ | ३ | १ |
| अन्नपूर्ण गाउँपालिका | १३ | ४ | ८ | १ |
| कुल संख्या | ८६ | ३४ | ३३ | १९ |

*स्रोतः क्षेत्र अध्ययन, २०७७*

यसरी माथिको तथ्याङ्कको विश्लेषण गर्दा जिल्लाको १ नगरपालिका र ५ गाउँपालिकाहरू मध्ये उत्तरदाता संख्या ८६ रहेकोमा जस मध्ये दलित जाती उत्तरदाताको संख्या ३४, जनजाती उत्तरदाताको संख्या ३३ जना र ब्राह्मण क्षेत्री उत्तरदाताको संख्या १९ रहेका छन् । यी उत्तरदाताहरूको जातीगत विवरणलाई अध्ययन गर्दा सबै भन्दा बढि

उत्तरदाता दलितको देखिन्छ त्यस पछि जनजाती रहेको छ भने सबै भन्दा कम उत्तरदाता बाहुन क्षेत्री रहेको देखिन्छ । यसो हुनुमा नेपालको संविधान २०७२ र राज्यले गरेको कानूनी व्यवस्था अनुसार आरक्षणमा परेका कारण दलित, जनजातीहरूको संख्या बढि देखिन्छ । जनजातीको जिल्ला भनेर चिनिने म्याग्दी जिल्लामा सो अनुसारको उम्मेदवारी र निर्वाचित संख्या अझै कमी देखिन्छ भने दलितहरूको संख्या चाहि आरक्षमा परेको कारणले गर्दा बढी देखिएको अध्ययनको क्रममा यस प्रकारको कुराहरू आएका थिए ।

## ४.३ स्थानीय तहको निर्वाचन २०७४ पूर्वको पेशा/व्यवसाय

हाम्रो समाजको विशेष गरि ग्रामिण क्षेत्रमा बसोवास गर्ने महिलाहरू विभिन्न क्षेत्रमा संलग्न रहेका हुन्छन् । त्यसै गरी आफ्नो मुख्य पेशा संगसंगै सामाजिक कार्यमा जुटेमा हुन्छन् । अहिले सम्मको समाजको अभ्यासलाई हेने हो भने एउटा महिलाको हरेक थरीका जिम्मेवारी सम्हाल्नु पर्ने हुन्छ । अझै म्याग्दी जिल्लाको हकमा हेर्दा प्रत्येक घरका छोरा मान्छे बैदेशिक रोजगारीमा गएका छन् । जसको कारण घरमा रहेको महिलाले धेरै भन्दा धेरै जिम्मेवारी सम्हालिकन पनि सामाजिक र राजनैतिक जिम्मेवारी समेत सम्हालेको पाइन्छ । जुन अवस्थालाई निम्नानुसार तालिकामा देखाइएको छ ।

**तालिका ४.३ : निर्वाचनमा आउनु भन्दा पहिलाको पेशागत संरचना (बहुउत्तर)**

| स्थानीय तहको नाम | कृषि | गृहणी | ब्यापार ब्यवसाय | नोकरी | सामाजिक तथा साजनितिक | उत्तरदाता कुल |
|---|---|---|---|---|---|---|
| बेनी नगरपालिका | १५ | १० | ५ | १ | १९ | २८ |
| मंगला गाउँपालिका | ७ | ७ | ० | १ | ५ | ८ |
| मालिका गाउँपालिका | ११ | ९ | १ | १ | ८ | १२ |
| धवलागिरी गाउँपाालिका | १८ | १५ | १ | १ | १५ | १९ |
| रघुगंगा गाउँपालिका | ६ | ३ | ० | ० | ६ | १३ |
| अन्नपूर्ण गाउँपालिका | १० | ९ | ३ | ० | ८ | ६ |
| कुल संख्या | ६७ | ५३ | १० | ४ | ६१ | ८६ |

*स्रोत: क्षेत्र अध्ययन, २०७७*

उल्लेखित तालिका अनुसार ८६ जना उत्तरदाताहरू मध्ये स्थानीय तह निर्वाचन २०७४ मा आउनु भन्दा पहिला कृषि पेशमा संलग्न ६७ जना, गृहणी ५४ जना, व्यबपार व्यवसाय गर्ने १० जना, नोकरी गर्ने ४ जना, सामाजिक तथा राजनीतिक क्षेत्रमा संलग्न ६१ जना रहेका छन् । जुन ६१ जना उत्तरदाता मध्ये अन्य रामाजिक संघसंस्था लगायतको क्षेत्र बाहेक राजनीतिक क्षेत्रमा मात्र संलग्न रहेका २३ जना पाइएको छ । भने अधिकांश उत्तरदाताहरू कृषि, गृहणी र सामाजिक तथा राजनीतिक क्षेत्रहरूमा संलग्ल रहि बहुजिम्मेवारी सम्हालि रहेको पाइन्छ । बहुउत्तर प्रश्न भएकोले उत्तरपनि बुहउत्तरनै आएको छ । यस तथ्याङ्क अनुसार महिलाहरू राजनीतिक जिम्मेवारी भन्दा बढी अन्य जिम्मेवारीमा बढी रहेको देखिन्छ । उत्तरदाताको सबै भन्दा धैरै जिम्मेवारी कृषि क्षेत्रमा रहेको छ । एउटा महिलाले घर भित्रको काम संगै घर बाहिरको काम पनि जिम्मेवारी बहन गरेको अवस्था अध्ययनको क्रममा देखिएको छ । जसलाई माथिको तालिकामा स्पष्टरूपमा देख्न सकिन्छ भने राजनीतिक क्षेत्रमा स्थानीय तहको निर्वाचन २०७४ मा आउनु भन्दा पहिला एकदमै कम मात्रामा देखिन्छ । यसो हुनुको कारण राज्यले व्यवस्था गरेको आरक्षणको लागि राजनीतिक क्षेत्रमा प्रवेश नगरेका महिलाहरूलाई पार्टीहरूले बाध्य भएर टिकट दिएको जस्तो देखिन्छ जहाँ नयाँ क्षेत्रबाट राजनीतिक क्षेत्रमा संवैधानिक बाध्यकारी व्यवस्थाले गर्दा मात्र महिलाहरूलाई समावेश गराइएको हो जस्तो देखिन्छ ।

## ४.४ स्थानीय तहको निर्वाचन २०७४ पछिको पेशा/व्यवसाय

महिलाहरूलाई राजनिकि क्षेत्रमा प्रवेश गर्न त गार्हो छैन तर पनि प्रवेश गरेता पनि राजिनिकि क्षेत्रबाट समाजको सेवा गर्छु भन्ने महिलाहरूलाई बहुक्षेत्रिय जिम्मेवारीको कारण निरन्तररूप राजनीतिक जिम्मेवारी निर्वाह गर्न धौ धौ भई अवस्था रहेको देखिन्छ । तथापी जिम्मेवारी प्राप्त गरेका महिलाहरूले इमान्दारीतापूर्वक जिम्मेवारी निर्वाह गरेका छन् । अवसर प्राप्त गरेका महिलाहरू विभिन्न जिम्मेवारीहरू सम्हालिकन राजनिति क्षेत्रमा समेत सफताको शिखरमा पुगेको पाइन्छ । हालको नेपालको परीवेशमा हेर्दा देशकै उच्चस्थ पद राष्ट्रपतिमा महिला हुनु हुन्छ त्यसै गरी देशको विभिन्न उच्चस्तरीय स्थानहरूमा महिला पुगी सफलतापूर्वक आफ्नो जिम्मवारी निर्वाह गरेका छन् । त्यसै सन्दर्भमा म्याग्दी जिल्लाको स्थानीय तहको निर्वाचन २०७४ पछिको निर्वाचिन महिला जनप्रतिनिधिहरूले

निर्वाचन पश्चात सम्हालेका जिम्मेवारीहरूलाई तलको तालिकामा निम्नानुसार देखाइएको छ ।

**तालिका ४.४ : निर्वाचन पछिको पेशागत संरचना** (बहुउत्तर)

| स्थानीय तहको नाम | कृषि | गृहणी | ब्यापार ब्यवसाय | नोकरी | सामाजिक तथा राजनितिक | अन्य | कुल उत्तरदाता |
|---|---|---|---|---|---|---|---|
| बेनी नगरपालिका | १३ | १० | ६ | ० | २२ | | २८ |
| मंगला गाउँपालिका | ७ | ७ | ० | ० | ६ | | ८ |
| मालिका गाउँपालिका | १० | ९ | ६ | ० | ९ | | १२ |
| धवलागिरी गाउँपालिका | १८ | १५ | १ | ० | १४ | | १९ |
| रघुगंगा गाउँपालिका | ६ | ३ | ० | ० | ४ | १ | ६ |
| अन्नपूर्ण गाउँपालिका | १० | ९ | २ | ० | ७ | | १३ |
| कुल | ६४ | ५३ | १५ | ० | ६२ | १ | ८६ |

*स्रोतः क्षेत्र अध्ययन, २०७७*

उपयुक्त तालिका अनुसार स्थानीय तहको निर्वाचन २०७४ पश्चातको उत्तरदाताको अवस्थालाई हेर्दा कृषि पेशमा ६४ जना गृहणी ५३ जना, ब्यापार ब्यवसायमा १५ जना र सामाजिक तथा राजनीतिक क्षेत्रमा सक्रिय ६१ जना रहेको पाइन्छ । माथिको तथ्याङ्क अनुसार २४ जना महिलाहरू पराजय भए पश्चात राजनीतिक क्षेत्रमा निस्क्रिय रहेका छन् । बिजय भई जनप्रतिनिधिको जिम्मेवारी ५३ जना उत्तरदाताहरूले पालिकाको जिम्मेवारीसंगै कृषि, गृहणी, ब्यापार ब्यवसाय जस्ता बहुजिम्मेवारीहरू सम्हाल्दै आएको पाइन्छ । विशेष गरि स्थानीय तहको निर्वाचन भन्दा पहिला उत्तरदाताहरू सामाजिक संघ संस्थामा क्रियाशिल रहेको थिए भने निर्वाचन पश्चात पार्टीको जिम्मेवारी पदमा रहि राजनीतिक क्षेत्रमा समेत क्रियासिल रहेको पाइयो । बुहउत्तर प्रश्न भएकाले उत्तर पनि बहुउत्तर नै प्राप्त भएका छन्, भने १ जना महिलाले अन्य अर्थात सन्तानोत्पादनको जिम्मेवारी समेत बहन गर्नु भएको अन्तर्वाताको कममा भेटिएको छ । माथिको तालिकामा रहेको तथ्याङ्क अनुसार पालिकाको महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्नु पर्ने अवस्था रहेता पनि महिला भएकै कारण अन्य पारिवारीक कामको समेत जिम्मेवारी आफैलेनै सम्हाल्नु पर्ने अवस्था रहेको पाइएको छ ।

## ४.५ सामाजिक क्षेत्रमा सक्रिय अवधी

हाम्रो समाज विभिन्न समुदाय, जातजाती मिलेर बनेको छ । जहाँ विभिन्न प्रकारका धर्म, संस्कार संस्कृतिले विविधाता युक्त छ र यस प्रकारको समाजमा मानिसहरू कुनै कुनै सामाजिक क्षेत्रमा संलग्न रहि आफ्नो सक्रियता जनाएका हुन्छन् । म्याग्दी जिल्लाको हकमा हेर्दा सानो जिल्ला भईकन पनि विभिन्न थरीका समुदाय बसोवास रहेको जिल्ला हो भने यस जिल्लामा विभिन्न प्रकारको सामाजिक क्षेत्रहरू छन् त्यस क्षेत्रमा कहिन कतै महिलाहरू संलग्न रहि सकिय भुमिका निर्वाह गरिरहेका छन् । अर्थात यस अध्ययनमा सामाजिक क्षेत्रमा कति वर्ष अनुभव बतुलेका महिलाहरूले स्थानीय तहको निर्वाचन २०७४ मा उम्मेदवारी पाएका थिए भन्ने कुरा उल्लेख गर्न खोजिएको हो । मैले आफ्नो अध्ययन क्षेत्रको क्रममा उत्तरदाताहरूलाई सामाजिक क्षेत्रमा कहिले देखि सक्रिय रहनु भएको थियो भनी अन्तर्वातामा सोधिएको थियो जसको उत्तर निम्नानुसार तालिकामा देखाइएको छ ।

**तालिका ४.५ : सामाजिक क्षेत्रमा सक्रिय अवधी**

| स्थानीय तहको नाम | ५ वर्ष भन्दा कम | ५–१० वर्ष | १०–१५ वर्ष | १५–२० वर्ष | २०–२५ वर्ष | २५ भन्दा माथि |
|---|---|---|---|---|---|---|
| बेनी नगरपालिका | ५ | ५ | ४ | ३ | २ | ० |
| मंगला गाउँपालिका | १ | २ | १ | १ | ० | ० |
| मालिका गाउँपालिका | १ | २ | ३ | ० | १ | १ |
| धवलागिरी गाउँपालिका | ३ | ५ | २ | २ | २ | १ |
| रघुगंगा गाउँपालिका | ३ | २ | १ | ० | ० | ० |
| अन्नपूर्ण गाउँपालिका | २ | २ | २ | १ | १ | ० |
| कुल अवधि | २२ | ३५ | १३ | ८ | ६ | २ |

*स्रोतः क्षेत्र अध्ययन, २०७७*

माथिको तालिकामा अनुसार अध्ययन क्षेत्रका उत्तरदाताहरूको सामाजिक क्षेत्रमा संलग्नता अवधि सम्वन्धि तथ्याङ्कमा ५ वर्ष भन्दा कम अवधिमा २२ जना, ५-१० वर्षको अवधिमा ३५ जना, १०-१५ बर्षको अवधिमा १३ जना १५-२० वर्षको अवधिमा ८ जना, २०-२५ वर्ष अवधिमा ६ जना र २५ वर्ष भन्दा माथिको अवधिमा २ जना उत्तरदाताहरू

रहेको पाइयो । उल्लेखित तथ्याङ्क अनुसार सबै भन्दा बढि समाजिक क्षेत्रमा अनुभव भएका ३५ जना उत्तरदाताहरू ५–१० बर्ष भित्र परेका छन् जस अनुसार महिलाहरू सामाजिक क्षेत्रमा सकिय हुन लागेको १० वर्ष हुन लागेको रहेछ त्यस भन्दा अघि महिलाहरू घर भित्रको काममा मात्र समिति भएका रहेछन् भन्ने कुरा बुझाउद छ ।

## ४.६ उम्मेदवारी छनौटमा प्रभाव

नेपालको संविधानमा भएको ब्यवस्था अनुसार राज्य पुनसंरचनाको कार्यान्वयन गर्ने सिलसिलामा स्थानीय तहको निर्वाचन २०७४ मा म्याग्दी जिल्लामा उम्मेदवारी दिदाँ कसरी प्रोत्साहन भएको थियो भन्ने विषयमा उत्तरदातासंग अन्तर्वाता गर्दा निम्नानुसार तथ्याङ्क उपलब्ध भएको छ जसलाई तालिकामा निम्नानुसार देखाइएको छ ।

**तालिका ४.६ : उम्मेदवारी छनौटको अवस्था**

| **विवरण** | **उत्तरदाताहरूको संख्या** | **प्रतिशत** |
|---|---|---|
| स्व इच्छाले | १४ | १६.२८ |
| परिवारको कुनै सदस्यले भनेर | २२ | २५.५८ |
| आफू संलग्न पार्टीको मान्छेले भनेर | ४१ | ४७.६७ |
| अन्य कुनै ब्यक्तिले भनेर | ९ | १०.४७ |
| कुल | ८६ | १०० |

*स्रोत: क्षेत्र अध्ययन, २०७७*

माथिको तालिका अनुसार स्थानीय तहको निर्वाचन २०७४ मा उम्मेदवारीमा प्रोत्साहन कसरी भएको थियो भन्ने कुरा देखाइएको छ । जसमा ८६ जना उत्तरदाताहरूको अनुसार स्व इच्छाले उम्मेदवारी भएकोमा १४ जना हुनु  हुन्छ जसको प्रतिशत १६.२८ रहेको छ, त्यसै गरी परिवारको कुनै सदस्यले भनेर २२ जना रहेका छन् जसको प्रतिशत २५.५८ रहेको छ, आफू संलग्न पार्टीको मान्छेले भनेर ४१ जना हुनु हुन्छ जसको प्रतिशत ४७.६७ रहेको छ र अन्य कुनै ब्यक्तिले भनेरमा ९ जना हुनु हुन्छ जसको प्रतिशत १०.४७ रहेको छ । उपरोक्त तालिका अनुसार उत्तरदाता महिलाहरू स्वतफूर्त रूपमा उम्मेदवारी दिन नसकेका र आफू संलग्न पार्टी र घरपरिवारका मान्छेले भनेको हुनाले उम्मेदवारी

दिएको अवस्था रहेको देखिन्छ। यस तथ्याङ्कबाट के कुरा स्पष्ट हुन्छ भने महिलाहरू राजनैतिक क्षेत्रमा अझै पनि आफै सशक्त भई सकेका छैन भन्ने अवस्था देखाउछ ।

## ४.७ चुनाव जित्नुमा सक्रिय योगदानको अवस्था

चुनाबी मैदानमा रहदा कसैले विजय प्राप्त गर्नु र कसै पराजय हुनु सर्वब्यापी मान्यता हो । यसै क्रममा मैले आफ्नो अध्ययनकाको सिलसिलामा म्याग्दी जिल्लामा स्थानीय तह निर्वाचन २०७४ को चुनावमा विजय हासिल गर्ने अर्थात निर्वाचित जनप्रतिनिधिहरूले विशेष गरि कसको योगदानमा विजय हासिल गरेका थिए त भन्ने विषयमा उत्तरदाताहरूसंग गरेको अन्तर्वाता अनुसारको तथ्याङ्क निम्नानुसारको तालिकामा देखाइएको छ ।

**तालिका ४.७ : चुनाव जित्नुमा सक्रिय योगदानको विवरण**

| स्थानीय तहको नाम | आप्नै कारण | घर परिवार | छरछिमेकी | पार्टी | महिला अधिकार कर्मी | अन्य कोही |
|---|---|---|---|---|---|---|
| बेनी नगरपालिका | २ | २८ | १४ | २६ | ३ | ० |
| मंगला गाउँपालिका | ० | ७ | ३ | ८ | ० | ० |
| मालिका गाउँपालिका | १ | १२ | ७ | ११ | २ | ० |
| धवलागिरी गाउँपार्लिलिका | १ | १९ | ११ | १९ | २ | ० |
| रघुगंगा गाउँपालिका | ० | ६ | ३ | ६ | ० | ० |
| अन्नपूर्ण गाउँपालिका | ० | १३ | ६ | १३ | ० | १ |
| कुल | ४ | ८५ | ४४ | ८३ | ७ | १ |

*स्रोत: क्षेत्र अध्ययन, २०७७*

माथिको तालिकामा उल्लेख गरिएका तथ्याङ्क अनुसार स्थानीय तह निर्वाचन २०७४ मा निर्वाचित जनप्रतिनिधिहरूको विजय गर्नुमा सक्रिय योगदान क कस्को रहेको थियो भन्ने विषयमा पालिकागतरूपमा स्पष्टरूपमा देखाइएको छ । जस अन्तर्गत उत्तरदाताका अनुसार आफ्नै कारणले विजय हासिल गरेको ४ जना, घरपरिवारको सहयोगमा ८५ जना, छरछिमेकीको सहयोगले ४४ जना, पार्टीको सहयोग ८३ जना, महिला अधिकारकर्मीको सहयोगले ७ जना र अन्य कारणले १ जना रहेका देखिएकोछ । उपरोक्त तथ्याङ्क अनुसार

सबै भन्दा बढि सहयोग घर परिवारबाट र त्यस पश्चात पार्टीबाट भएको भन्ने बुझिन्छ । त्यसै गरि आफै सक्रियतामा एकदमै कम देखिन्छ । यसो हुनुमा महिलाहरूको राजनीतिक क्षेत्रमा सक्रिय नरहेको भन्ने बुझिन्छ । विभिन्न पार्टीहरूले महिलाहरूलाई अवसर कम दिएको र महिलाहरू घर भित्रकै काममा सिमित रहेको हुनाले राजनीतिक क्षेत्रमा महिलाहरू पछिपरेको अवस्था अध्ययनको क्रममा उत्तरदाताहरूबाट आएको थियो ।

## ४.८ राजनैतिक पार्टीमा सहभागिताको अवस्था


नेपालको परिवेशमा हेर्दा राजनीतिक पार्टीहरूमा महिलालाई एकदमै कम मात्रामा समावेश गराइएको अवस्था देखिन्छ । पछिल्लो समयमा नेपालको संविधान र राज्यको कानूनी ब्ययवधानका कारण मात्र राजनीतिक क्षेत्रमा महिलाको सहभागिता बृद्धि भएको देखिन्छ । यसै सहभागीको सन्दर्भमा अध्ययन गर्दा ८६ जना उत्तरदाताहरूले अन्तर्वाताको क्रममा देखिएको अवस्थालाई तपशिल अनुसार देखाइएको छ ।

**तालिका ४.८ : राजनैतिक पार्टीमा सहभागिताको विवरण**

| सहभागिताको अवस्था | उत्तरदाताहरूको संख्या | प्रतिशतमा |
|---|---|---|
| धेरै राम्रो | ५ | ५.८१ |
| ठिकै | ६२ | ७२.०९ |
| चित्त बुझ्दो | १९ | २२.०९ |
| कुल संख्या | ८६ | १०० |

*स्रोतः क्षेत्र अध्ययन, २०७७*

**चित्र ४.१ : राजनैतिक पार्टीमा सहभागिताको विवरण**



माथिको तालिका र चित्रमा ८६ जना उत्तरदाताका अनुसार आफू संलग्न रहेको पार्टीमा महिलाको सहभागिताको अवस्थालाई हेर्दा धेरै राम्रो सहभागितामा ५ जना उत्तरदाता हुनुहुन्छ जसको प्रतिशत ५.८१ रहेको छ भने ठिकै छ भन्नेमा ६२ जना हुनुहुन्छ जसको प्रतिशत ७२.०९ रहेको छ त्यसै गरी चित्त बुझ्दो रहेको छ भन्नेमा १९ जना उत्तरदाता हरेका छन् जसको प्रतिशत २२.०९ रहेको छ । यस अवस्थाले के देखाउदछ भने म्याग्दी जिल्लामा क्रियासिल पार्टीहरूमा महिलाको सहभागिताको अवस्था एक भएको धेरै राम्रो अवस्था नरहेको भन्ने बुझिन्छ । अवको दिनहरूमा पार्टीले महिला सहभागिताको अवस्थालाई बृद्धि गर्नमा ध्यान पुर्याउनु पर्ने देखिन्छ । अन्तर्वाताको क्रममा सबै पार्टीका उत्तरदाताहरूले महिला सहभागिता कम रहेको प्रतिक्रिया दिनु भएको थियो ।

## ४.९ निर्वाचित भए पश्चात काम गर्दा हुने सहयोग र सद्भावको क्षेत्र

एक नगरपालिका र पाँच वटा गाउँपालिकाबाट निर्वाचित जनप्रतिनिधिहरू मध्ये ५३ जना उत्तरदाताहरूलाई निर्वाचित भई हाल जनप्रतिनिधिको जिम्मेवारी सम्हालि काम गर्दै गर्दा भएको सहयोग र सदभावको विषयमा अर्न्वाता गर्दा निम्नानुसारको विवरण उपलब्ध भएका छन् जसलाई तालिकाको माध्यमबाट देखाईएको छ ।

**तालिका ४.९ : निर्वाचित भए पछि काम गर्दा हुने सहयोग र सदभावको अवस्था**

| विवरण | संख्या | प्रतिशतमा |
|---|---|---|
| घरपरिवारका | ४८ | ५५ |
| छरछिमेकीको | २५ | २९ |
| आफन्तजनको | ४२ | ४८.८३ |
| पार्टीको | ४५ | ५२ |
| कसैको पनि पाएको छैन | १७ | १९.७६ |
| कुल | १७७ | २०४.५९ |

*स्रोतः क्षेत्र अध्ययन, २०७७*

माथिको तालिकामा उल्लेख गरे अनुसार स्थानीय तह निर्वाचन २०७४ मा निर्वाचित भई हाल जनप्रतिनिधिको रूपमा कामगर्दा ५३ जना उत्तरदाताका अनुसार घरपरिवारका सदस्यहरूको सहयोग ४८ जसको प्रतिशतमा ५५ रहेकोछ, त्यसै गरि छरछिमेकीको सहयोग

२५ जसको प्रतिशत २९ रहेको छ, आफन्तजनको सहयोग ४२ जसको प्रतिशत ४८.८३ रहेकोछ, पार्टीको ४५ जसको प्रतिशत ५२ रहेको छ र कसैको पनि पाएको छैन भन्नेमा १७ जसको प्रतिशत १९.७६ रहेकोछ । यो अन्तर्वातामा बहु उत्तरहरू आएका थिए त्यस कारण यसमा संख्या धेरै देखिएको छ । सबै भन्दा धेरे सहयोग र सदभाव ५५ प्रतिशत घरपरिवारबाट भएको छ भने सकैको पनि सहयोग नभई आफै एकक्लै जिम्मेवारी सम्हालिरहेकोमा १९.७६ प्रतिशत रहेको छ । सुरुमा चुनावी अभियानमा रहने बेला र हाल निर्वाचन भए पश्चातको तथ्याङ्कमा फरकता देखिएको छ ।

## ४.१० घरपरिवारमा जग्गाजमिनको परिणामको अवस्था

कृषि पेशामा आधारीत हाम्रो समाजमा जग्गाजमिनको अति नै महत्त्व रहेको हुन्छ । जग्गाजमिन बाटै आर्थिक स्थितिको मापन समेत गर्ने गरिन्छ । यस अध्ययनको उद्देश्य अनुसार उत्तरदाताको आर्थिक स्थितीलाई समेत अध्ययन गर्ने रहेकोले अन्तर्वाताको क्रममा परिवारमा रहेको जग्गाजमिनको परिणामको अवस्थालाई अध्ययन गरिएको थियो । जसलाई तलको तालिकामा निम्नानुसार उल्लेख गरिएको छ ।

**तालिका ४.१० : घरपरिवारको जग्गाजमिनको विवरण**

| विवरण | उत्तरदाताहरू संख्या | प्रतिशतमा |
|---|---|---|
| ५ रोपनी भन्दा कम | ७ | ८ |
| ६–१० रोपनी सम्म | १३ | १५ |
| ११–१५ रोपनी सम्म | ४१ | ४८ |
| १५ रोपनी भन्दा माथि | २५ | २९ |
| कुल | ८६ | १०० |

*स्रोतः क्षेत्र अध्ययन, २०७७*


माथि उल्लेखित तालिकामा रहेको उत्तरदाताको परिवारिक जग्गा जमिनको परिणाम अध्ययन गर्दा कुल ८६ जना उत्तरदाताहरूको अनुसार ५ रोपनी भन्दा कम जग्गा जमिन भएका ७ जना जसको प्रतिशत ८ रहेको छ, त्यसै गरि ६ देखि १० रोपनी सम्म जग्गा जमिन रहेको १३ जसको प्रतिशतमा १५ रहेको छ, ११ देखि १५ रोपनी सम्म जग्गाजमिन रहेको ४१ जना जसको प्रतिशत ४८ रहेको छ त्यस्तै १५ रोपनी भन्दा माथिको जग्गाजमिन

रहेको २५ रहेकोमा जसको प्रतिशत २९ रहेको छ । उपरोक्त अनुसार सबै भन्दा बढी ११ देखि १५ रोपनी सम्म जग्गाजमिन रहेको देखिन्छ । यो तथ्याङ्कले घरपरिवारलाई खेती किसान गरि खान प्रशस्तै जग्गजमिन रहेको तर परिवारको संख्या अनुसार र पहाडी क्षेत्रको जग्गाजमिन भएको कारण अधिकाशं उत्तरदाताको परिवारमा उत्पादित अन्नबाली बढि भई विक्रिवितरण गरि आर्थिक आयआर्जन गर्न सकिने अवस्था कम देखिन्छ ।

## ४.११ अचल सम्पत्तीमा महिलाको स्वामित्व

परिवारको चलअचल सम्पती महिलाको नाममा रहेको अवस्था एकदमै न्यून अवस्थामा देख्न पाइन्छ । महिलाहरूलाई आफ्नो नाममा जग्गाजमिन रहदा सम्पती सुरक्षित रहेको महसुस हुने गर्दछ । अचल सम्पतीको रूपमा रहेको जग्गाजमिन कानूनी रूपमा आफ्नो स्वामित्वमा हुँदा महिलाहरूलाई मानसिक रूपमा सक्रारात्मक प्रभाव पर्नुको साथै आत्मविश्वास समेत बृद्धि हुन्छ । यस विषयमा अध्ययन गर्दा अध्ययन क्षेत्रका उत्तरदाताहरूको आफ्नो नाममा जग्गाजमिन भए नभएको अवस्थालाई तलको तालिकामा निम्नानुसार देखाइएको छ ।

**चित्र ४.२ : आफ्नो नाममा जग्गा जमिन भए/नभएको विवरण**




माथिको चित्रबाट अनुसार कुल उत्तरदाता ८६ मध्ये उत्तरदाताको नाममा जग्गा जमिन भएको संख्या २३ रहेको छ जसको प्रतिशतमा २७ प्रतिशत उत्तरदाताको आफ्नो स्वामित्वमा जग्गाजमिन रहेको देखिन्छ । त्यसै गरी ६३ जना उत्तरदाता अर्थात ७३ प्रतिशत जग्गाजमिन परिवारको अन्य सदस्यको स्वामित्वमा रहेको तथ्याङ्क पाइन्छ । उत्तरदाताले

अन्तरर्वाताको क्रममा भने अनुसार २७ प्रतिशत जग्गाजमिन आफ्नो नाममा देखिनुमा महिलाको नाममा जग्गाजमिन पास गर्दा राजश्व लगायतको कर छुट हुने भएको र श्रीमान्हरू विदेशमा रहेको कारण बाध्यताले महिलाको नाममा जग्गाजमिन आफ्नो नाममा पास गर्नु परेको अवस्था रहेको उत्तर पाइएको थियो ।

## ४.१२ मासिक आम्दानीको अवस्था

परिवारको मासिक आम्दानीले महिलाको जिवनस्तरमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । जुन परिवारको आर्थिक स्थिती बलियो छ त्यस परिवारको शैक्षिक अवस्था लगायतका अन्य आवश्यकताहरू सहजरूपमा परिपुर्ति हुने गर्दछन् भने समाजले हेर्ने दृष्टिकोष समेत फरक हुन्छ । जसको कारणले गर्दा महिलाहरू सामाजिक र राजनैतिक क्षेत्रमा अगाडि बढ्नमा सबै साथ र सहयोग रहने गरेको हाम्रो समाजको परिपेक्षमा देख्न सकिन्छ । त्यसै सन्दर्भलाई हेर्नका लागि अध्ययन क्षेत्रका उत्तरदाताहरूबाट प्राप्त भएको मासिक आम्दानीको अवस्था विवरणलाई तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ४.११ : मासिक आम्दानीको विवरण**

| विवरण | उत्तरदाताहरूको संख्या | प्रतिशतमा |
|---|---|---|
| १० हजार भन्दा कमि | १२ | १४ |
| १० हजार भन्दा माथि | १७ | २० |
| २० हजार भन्दा माथि | ३६ | ४२ |
| ३० हजार भन्दा माथि | २१ | २४ |
| कुल | ८६ | १०० |

*स्रोत: क्षेत्र अध्ययन, २०७७*

माथिको तालिकामा देखाइएका उत्तरदाताको मासिक आम्दानीको अवस्था सम्वन्धमा ८६ जना उत्तरदाताहरूको अनुसार १० हजार भन्दा कमि आाम्दानी हुने संख्या १२ जसको प्रतिशत १४ रहेको छ, त्यसै गरि १० हजार भन्दा माथि २० हजार भन्दा कमि आम्दानी हुने संख्या १७ जसको प्रतिशत २० रहेको छ, २० हजार भन्दा माथि ३० हजार भन्दा कम आम्दानी हुने संख्या ३६ रहेको छ जसको प्रतिशत ४२ रहेको छ भने ३० हजार भन्दा माथि आम्दानी हुने संख्या २१ रहेकोमा जसको प्रतिशत २४ रहेको छ । उपरोक्त तथ्याङ्क अनुसार उत्तरदाताहरूको मासिक आम्दानी हुने संख्या २० हजार भन्दा बढि आम्दानी हुने मा ३६

जना ४२ प्रतिशत रहेको छ । यस अध्ययनबाट उत्तरदाताको मासिक आम्दानी मध्यम खालको रहेको देखिन्छ ।

## ४.१३ अचल सम्पत्ती किनबेचको प्रकृयामा संलग्नता


परिवारलाई कुन गतिमा दोह्ाउने हो, त्यो घरको एउटा असल महिलाको हालमा हुन्छ । हाम्रो जस्तो विभिन्न जातजातीको बसोवास रहेको समुदायमा जग्गा किनबेच लगायतका निर्णायक तहको कुरामा पुरूषको एकल निर्णय बढि हुने गरेको पाइन्छ । कहि कतै महिलाको देखिन्छ भने कहि कतै दुवैको सरसल्लाह अनुसारको निर्णय भएको पाइन्छ । भने अध्ययनको क्रममा उत्तरदाताको परिवारमा अचल सम्पत्ती किनबेचको निर्णयमा सहभागीता तथा संलग्नताको अवस्थालाई निम्नानुसार तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.१२ : अचल सम्पत्ती किनबेचको प्रकृयामा संलग्नताको विवरण**

| विवरण | उत्तरदाताहरूको संख्या | प्रतिशत |
|---|---|---|
| महिलाको संलग्नता | ११ | १२.७९ |
| पुरूषको संलग्नता | ५५ | ६३.९५ |
| आपसी सहमती | २० | २३.२६ |
| कुल | ८६ | १०० |

*स्रोत: क्षेत्र अध्ययन, २०७७*

**चित्र ४.३ : अचल सम्पत्ती किनबेचको प्रकृयामा संलग्नताको विवरण**




उल्लेखित तालिका र चित्रमा देखाइए कुल ८६ जना उत्तरदाताका अनुसार परिवारमा अचल सम्पत्ती किनबेच गर्दा हुने सहभागीता तथा संलग्नतालाई देखाइको छ । जस अन्तर्गत महिलाको मात्रै संलग्नतामा ११ जना रहेको छ जसको प्रतिशत १२.७९ रहेको छ, त्यसै गरि पुरूषको मात्रै संलग्नतामा ५५ जना रहेको छ जसको प्रतिशत ६३.९५ रहेको छ र दुवैको सरसल्लाह तथा आपसी समभ्रुदारीमा हुने हुने निर्णयमा २० जना रहेका छन् जसको प्रतिशतमा २३.२६ रहेको छ । माथिको तथ्याङ्क अनुसार उत्तरदाताको परिवारको जग्गा किनबेचको निर्णयमा लैङ्गिक अवस्थामा पुरूषको निर्णय बढी रहेको देखियो । जहाँ जग्गा किनबेचमा ६३.९५ प्रतिशत पुरूषको एकल निर्णयमा हुने गरेको पाइन्छ ।

## ४.१४ बैंक निक्षेपमा महिलाको अवस्था

मानिसको जिवनमा आर्थिक स्थिती अर्थात पैसा अपरिहार्य चिज हो । जुन चिज विना मानव जिवन सहज तवरबाट जिउन सकिदैन । हाम्रो देशको लैङ्गिक परिपेक्षमा भन्नु पर्दा आर्थिक सशक्तिकरणको पाटोमा महिला एकदमै पछि परेको अवस्था समाजमा विद्यमान रहेका छन् । हाम्रो समाजमा कार्यबोभ्रुको अवस्थालाई हेर्दा महिला वर्ग बढी बोभ्रिलो देखिन्छ भने आफनो नाममा धन सम्पती रहेका महिलाहरू एकदमै कमै मात्रामा पाइन्छन् । त्यसैको कारण महिलाहरू विभिन्न प्रकारको हिंसाको सिकार बनि राखेका हुन्छन् । यसै सन्दर्भको क्रमलाई अध्ययन गर्नको लागि उत्तरदाताहरूको बैंक निक्षेपको अवस्था कस्तो रहेको छ भन्ने विषयलाई निम्नानुसार चित्रमा देखाइएको छ ।

**चित्र ४.४ : बैंक निक्षेपको विवरण**



माथिको चित्र अनुसार उत्तरदाताको बैंक निक्षेप अर्थात बैंकमा आफ्नो नाममा रहेको ब्यालेन्सलाई अध्ययन गर्दा कुल ८६ जना उत्तरदाता मध्ये १० जना वा ११.४९ प्रतिशत उत्तरदातासंग मात्र बैंक निक्षेप रहेको देखिन्छ । भने ७६ जना वा ८७.३६ प्रतिशत उत्तरदाताहरूमा बैंकमा निक्षेप नहुने उत्तरदाताहरू रहनु भएको छ । उपरोक्त तालिका अनुसार महिलाहरूको नाममा बैंकमा निक्षेप एकदमै न्युन मात्रमा मात्रै रहन्छ भन्ने कुरा बुझ्न सकिन्छ । महिलाहरूलाई राजनीतिक क्षेत्रमा होस अर्थात अन्य क्षेत्रमा होस सशक्तरूपमा अगाडि बढ्नको लागि बैंक निक्षेपको आवश्यकता पर्ने हुन्छ । फिल्ड अध्ययनको क्रममा आम्दानी भएको पैसा खर्च भए जाने र बाँकी बचत रहेको पैसा पुरूषकै स्वामित्वमा रहने कुरा अन्तवार्ताको क्रममा आएका छन् । जुन कुरा हाम्रो समाजको परिवेशमा हेर्दा बास्तविकतामा आधारित रहेको छ ।

## ४.१५ लैङ्गिक आधारमा घरायसी कामको बाँडफाँड

मानिसको दैनिकी विभिन्न प्रकारका क्रियाकलापहरूमा संलग्नता रहेर बितेका हुन्छन् । विशेषत बिहान, बेलुका र दिन गरी तीन चरणमा कार्य विभाजन गरी दैनिकी गुजारा चलि आएको हुन्छ । जस अन्तर्गत बिहान र बेलुका बढी मात्रामा घरायसि कार्यहरू हुने गर्दछन् भने दिनमा बढी मात्रामा घर बाहिरको कार्य हुने गर्दछन् । घर भित्रको कार्य र घर बाहिरको कार्यलाई लैङ्गिक दृष्टिकोणबाट हेर्दा घर भित्रको काममा अत्याधिक मात्रामा महिलाको सहभागिता रहने गरेको पाइन्छ । हाम्रो समाजमा लिङ्गकै आधारमा कार्य विभाजनमा समेत हिंसा भएको पाइन्छ । जस्तै आम्दानी हुने कार्यमा पुरुषको सहभागी रहेको हुन्छ भने घरायसी काम जहाँ कार्य मूलाङ्कन हुँदैन त्यहाँ बढी मात्रामा महिलाको सहभागीता रहेको हुन्छ । यसरी लैङ्गिक रुपमा हुने विभेदलाई हेर्नका लागि घरायसी कार्यको बाँडफाँडलाई तलको तालिकामा निम्नानुसार देखाइएको छ ।

तालिका ४.१३ : लैङ्गिक आधारमा घरायसी कामको विवरण (बहुसहभागीता)

| कामको विवरण | उत्तरदाता आफै | श्रीमान् | साशु आमा/आमा | सशुरा /बाबा | सबै मिलेर | अन्य कसैले |
|---|---|---|---|---|---|---|
| तरकारी केलाउने | | | | | | |
| खर्चपर्च तयारी गर्ने | | | | | | |
| खाजा नास्ता तयारी गर्ने | | | | | | |
| खाना पकाउने | | | | | | |
| पुजा गर्ने | | | | | | |
| भाडा सफा गर्ने | | | | | | |
| पानी ल्याउने | | | | | | |
| घर लिपपोत गर्ने | | | | | | |
| घर सरसफाई गर्ने | | | | | | |
| बालबच्चालाई हेरचाह गर्ने | | | | | | |
| बालबच्चालाई खाना खुवाउने | | | | | | |
| कपडा धुने | | | | | | |
| कपडा मिलाउने | | | | | | |
| बेड बिस्तारा मिलाउने | | | | | | |

*स्रोतः क्षेत्र अध्ययन, २०७७*

माथिको तालिका अनुसार ८६ जना उत्तरदाताहरूको लैङ्गिक आधारमा घरायसी कामको वाडँफांडको सम्वन्धमा रेजा चिन्ह प्रयोग गरि देखाएको छ । घरभित्र हुने मुख्य मुख्य १३ वटा कार्यहरूमा सबै भन्दा बढि रेजा चिन्न उत्तरदाता आफैमा लगाइएको छ । त्यस पछिको बढि रेजा चिन्ह आमा वा साशु आमामा लगाइएको छ । यसबाट के बुझिन्छ भने घरायसी काममा महिलाको सहभागीता अत्याधिक मात्रामा रहेको छ र महिला मध्ये पनि घरको बुहारीको रुपमा रहेको महिलाले बढि घरायसी काम गर्नुपर्ने बाध्यता रहेको पाइन्छ । एउटै काम कहिले कसले कहिले कसले गर्ने भएको कारण उत्तरमा एउटै कामलाई दुई तीन जनाले गर्ने भनि रेजा लगाइएको छ भने लिङ्कको आधारमा पछि परेको र पारिएको महिला वर्गले घर भन्दा बाहिरको जिम्मेवारी संगसंगै घरभित्रको कामको पनि उत्तिकै जिम्मेवारी निर्वाह गर्दै आएको पाइन्छ ।

## ४.१६ लैङ्गिक आधारमा घरबाहिरको कामको बाँडफाँड

लैङ्गिक आधारमा घरवाहिरको काम विशेषता हाम्रो समाजमा पुरूष वर्गले गरेको पाइन्छ । भने केहि कतै कुनै कुनै परिवारमा घर बाहिरको काम महिलाले गरिरहेको र पुरूषले घरभित्रको काम गरिरहेको अवस्था पनि देखिन्छ । विशेष गरि जनजातीको बसोबास रहेको म्याग्दी जिल्लाको समुदायमा महिलाहरू घर बाहिरको कामको नेतृत्व गरिरहेको देखिन्छ । लैङ्गिक आधारमा घरबाहिरको कामको वांडफांड जातजातीको आधारमा पनि फरक पार्दछ । यस विषयलाई हेर्नका लागि ८६ जना उत्तरदाताहरूसंग गरिएको अर्न्तवार्तालाई निम्नानुसारको तालिकामा हेर्न सकिन्छ ।

**तालिका ४.१४ : लैङ्गिक आधारमा घरबाहिरको कामको विवरण** (बहुसहभागीता)

| कामको विवरण | उत्तरदाता आफै | श्रीमान् | सासु आमा/आमा | सशुरा/बाबा | सबै मिलेर | अन्य कसैले |
|---|---|---|---|---|---|---|
| गाईबस्तु हेरचाह गर्ने | | | | | | |
| गाई बस्तुलाई घाँस काट्ने | | | | | | |
| खेती किसान गर्ने | | | | | | |
| तरकारी लगाउने | | | | | | |
| तरकारी बारी गोड्मेल गर्ने | | | | | | |
| डाउरा काट्ने | | | | | | |
| गाई बस्तुको भकारो सफा गर्ने | | | | | | |
| गाई भौसीको गोठ बनाउने | | | | | | |
| खेतीबाली स्याहार सुसार गर्ने | | | | | | |
| फलफूल खेती हेरचाह गर्ने | | | | | | |
| अर्मपर्म जाने | | | | | | |
| भ्कारा जाने | | | | | | |
| समूहको बैठक भेलामा सहभागी हुने | | | | | | |
| विभिन्न सभा सम्मेलनमा भाग लिने | | | | | | |
| विबाहवर्तन, काजक्रियामा सहभागी हुने | | | | | | |

*स्रोत: क्षेत्र अध्ययन, २०७७*

माथिको तालिका बमोजिम ८६ जना उत्तरदाताहरूका अनुसार लैङ्गिक आधारमा घरबाहिरको कामको वांडफांडलाई रेजा चिन्हद्धारा देखाईको छ । जसमा मुख्य मुख्य १५ वटा कार्यहरू मध्ये सबैभन्दा बढी उत्तरदाता आफैको सहभागीता रहेको देखिन्छ भने कुनै कुनै काम मिलेर गर्ने गरेको पाइयो र कुनै काम चाहि आलोपालो गर्ने गरेको देखिन्छ । म्याग्दी जिल्ला श्रीमान् अर्थात पुरुषहरू बढी मात्रामा वैदेशिक रोजगारको शिलशिलामा विदेश जाने गरेको कारणले गर्दा घर बाहिरको काममा महिलाको सहभागीता बढी रहेको अध्ययनको क्रममा पाइएको छ ।

## ४.१७ घर परिवारको निर्णय प्रक्रियामा लैङ्गिक अवस्था

कुनै पनि काम सफलापुर्वक सम्पन्न गर्नका लागि सहि निर्णय र निर्णयकर्ताले भुमिका महत्त्वपूर्ण हुन्छ । सहि निर्णयले सहि मार्गनिदिष्ट गरेको हुन्छ । ब्यक्तिगत कुराको निर्णय होस्, संस्थाको संस्थागत निर्णय होस् अर्थात परिवारिक निर्णय होस् विशेष विशेष ब्यक्तिको सर सल्लाह लिई गरिने गरिन्छ । तथापी सरसल्लाह गरि गरेर गरेता पनि अन्तिममाा खास निर्णय कुनै एक ब्यक्ति, लिङ्ग, जाती र वर्गले निकालिएको कुनै शब्दमा रहेर निर्णय टुक्रयाइन्छ । यस अध्ययनमा उत्तरदाताको घरपरिवारमा विशेष खाले निर्णय प्रक्रियामा लैङ्गिक अवस्था कस्तो छ भन्ने विषयमा गरिएको छ । जसमा ८६ जना उत्तरदाताहरूको अनुसार निम्नानुसारको विवरण तल प्रस्तुत गरिएको छ ।

**तालिका ४.१५ : घरपरिवारको निर्णय प्रक्रियामा लैङ्गिक विवरण**

| विवरण | उत्तरदाताहरूको संख्या | प्रतिशतमा |
|---|---|---|
| महिला | १० | ११.६३ |
| पुरूष | ६९ | ८०.२३ |
| दुवै | ७ | ८.१४ |
| कुल | ८६ | १००.०० |

*स्रोत :क्षेत्र अध्ययन, २०७७*

माथिको तालिका अनुसार उत्तरदाताको घरपरिवारमा विशेष खाले निर्णय प्रक्रियामा लैङ्गिक अवस्था कस्तो रहेको छ भनि हेरिएको छ । जसमा ८६ जना उत्तरदाताका अनुसार निर्णय प्रक्रियामा महिलाको सहभागिता संख्या १० रहेको छ जसको प्रतिशतमा ११.६३ रहेको छ भने पुरूष सहभागिता संख्या ६९ रहेको जसको प्रतिशत ८०.२३ रहेको र दुवैको

सरसल्लाहमा तथा सहभागितामा निर्णय हुने संख्या ७ मात्र रहेको छ जसको प्रतिशतमा ८.१४ रहेको छ । उपरोक्त तथ्याङ्कलाई हेर्दा घरपरिवारको विशेष खाले निर्णय प्रक्रियामा लैङ्गिक हिसावले महिला पछि परेको अवस्था देखिएको छ । जहाँ ८० प्रतिशत पुरूषको एक निर्णय हुने गरेको पाइन्छ ।

## ४.१८ घुमफिर स्वतन्त्रताको अवस्था

नेपालको संविधानमा व्यवस्था भएको मौलिक हक जाहाँ जुन सुकै ब्यक्तिलाई पनि आफ्नो ब्यक्तिगत स्वतन्त्रता खुल्ला रहेको छ । स्वतन्त्र रूपमा जिउन पाउनु हाम्रो मौलिक हक अधिकारको कुरा हो । भने मानिसको जिवनमा मोरञ्जन एक अपरिहार्य चिज हो जसले जिव जिउनमा सहजता प्राप्त गराइरहेको हुन्छ । मनोरञ्जनको एक महत्त्वपूर्ण पाटो हो घुमफिर, हाम्रो समाजमा केहि विकृति विसंगती नभएका पक्कै पनि होइनन, त्यस प्रकारको विकृति विसंगतिहरूलाई न्यूनिकरण गर्दा स्वतन्त्ररूपमा बाच्नु र जिन्डगीमा घुमफिरको आन्दन लिनु आजको आवश्यकता पनि हो । सो सम्वन्धमा उत्तरदाताहरूसंग लिएको अन्तवार्ताको तथ्याङ्कलाई तलको तालिकामा निम्नानुसार उल्लेख गरिएको छ ।

**तालिका ४.१६ : घुमफिर स्वतन्त्रताको विवरण**

| विवरण | उत्तरदाताहरूको संख्या | प्रतिशत |
|---|---|---|
| स्वतन्त्र छु | ६५ | ७५.५८ |
| स्वतन्त्र छैन | २१ | २४.४२ |
| कुल | ८६ | १००.०० |

*स्रोत: क्षेत्र अध्ययन, २०७७*

उपरोक्त तालिकामा उल्लेखा गरेको ८६ जना उत्तरदाताहरूको तथ्याङ्क अनुसार घुमफिर स्वतन्त्रमा महिला स्वतन्त्र छु भन्नेमा ६५ जना रहेको छ जसको प्रतिशतमा ७५.५८ रहेको छ भने स्वतन्त्र छैन भन्नेको संख्या २१ रहेको छ जसको प्रतिशत २४.४२ रहेको छ । माथि उल्लेखित विवरण अनुसार ७५.५८ प्रतिशत उत्तरदाताहरू स्वतन्त्ररूपमा घुमफिर गर्न पाउनु राम्रो कुरा रहेको  देखिएको छ ।

## ४.१९ सारांश

राजनीतिक नेतृत्वमा रहेका महिलाहरूको  सामाजिक र आर्थिक अवस्थाको विषयमा यस अध्यायमा ब्याख्या र विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रको उत्तरदाताको रुपमा रहेका ८६ जना ब्यक्तिहरूलाई प्रत्यक्षरुपमा भेटि अन्तर्वाताको माध्यमबाट उनीहरूको सामाजिक/राजनीतिक र आर्थिक अवस्थाको अध्ययन गरिएको छ । उक्त विषयमा गरिएको अध्ययनको क्रममा उत्तरदाताको जात/जातीगत अवस्था, राजनितिक पार्टीमा सहभागीताको अवस्था, लैङ्गिक आधारमा घरभित्र र घरबाहिरको कामको जिम्मेवारी, त्यस्तै सामाजिक क्षेत्रमा सक्रिय रहेको अवस्था, चल अचल सम्पत्तीमा स्वामित्व, उम्मेदवारी घनौटमा प्रभाव, चुनाव जित्नुमा सक्रिय योगदान, घरपरिवारको जग्गाजमिनको अवस्था, आम्दानीको श्रोत तथा अवस्था, घरपरिवारको निर्णय प्रक्रियामा लैङ्गिक अवस्था, घुमफिरमा स्वतन्त्रताको अवस्था लगायतका विषयबस्तु समेटी अध्ययन गरिएको छ ।

त्यसैगरी स्थानीय तहको निर्वाचनमा आउनु पूर्व २३ जना उत्तरदाताहरू मात्र राजनीतिक क्षेत्रमा सक्रिय रहेको र ३८ जना अन्य सामाजिक क्षेत्रमा सक्रिय रहि सामाजिक र राजनैतिक क्षेत्रमा क्रियासिल ६१ जना रहेका थिए भने स्थानीय तहको निर्वाचन २०७४ पश्चात ६२ जना उत्तरदाताहरू विभिन्न सामाजिक संघ संस्थाहरू छोडेर राजनितिक क्षेत्रमा सक्रिय रहि क्रियासिल रहेको पाइन्छ । जसका कारण स्थानीय तहको निर्वाचन २०७४ मा प्रमुख/उपप्रमुख र अध्यक्ष/उपाध्यक्षमा ५० प्रतिशत महिला, महिला वडा सदस्य र दलित महिला सदस्यमा  अनिर्वाय महलिा हुने ब्यवस्था भएको कारण राजनितिक क्षेत्रमा महिलाको सहभागीता बृद्धि भएको मान्न सकिन्छ । त्यसै गरि टोल समाजमा हुने विभिन्न बैठकहरूमा महिलाको सहभागीता धेरै मात्रामा बढेको पाइएको छ । घुमफिरको स्वतन्त्रता ७५.८५ प्रतिशत रहेको छ, परिवारको मुख्य पेशा कृषि रहेको कृषिको माध्यमबाट आत्मनिर्भरता, जग्गाजमिन लगायत चल अचल सम्पती प्रसस्त मात्रामा रहेको पाइयो । यो एक सक्रारात्मक पक्ष हो । भने घरपरिवारको विशेषखाले निर्णयमा पुरुषको अत्यधिक मात्रामा सहभागीता रहेको छ, घरबाहिरको सामाजिक कार्यमा हुने विभिन्न खाने बैठक भेलाहरूमा हुने निर्णयमा महिलाको पहुँच एकदमै कम मात्रामा भएको पाइएको छ  । साथै चल अचल सम्पत्तीमा समेत स्वामित्व कम मात्रामा रहेको पाइएको छ ।

५४.७७ प्रतिशत जनसंख्या महिलाको रहेको यस जिल्लामा अधिकांश घरका पुरुषहरू बैदेशिक रोजगारमा रहेका छन् । जसको कारण पनि महिलाहरूले बुहुजिम्मेवारी सम्हाल्दै आइरहेको पाइन्छ । विभिन्न संस्कृति र पुरुषप्रधान संस्कार रहेको हाम्रो समाजमा लिËको आधारमा घरभित्रको कामको जिम्मेवारी महिलाकै हो भन्ने मानसिकता भएको कारण पनि होला यस अध्यायको अध्ययन क्षेत्रमा उत्तरदाताहरूले घरभित्रको धेरै जिम्मेवारी सम्हालिकन पनि घर बाहिरको काम र राजनीतिक क्षेत्रमा समेत आफूलाई दिइएको जिम्मेवारी सफलतापूर्वक सम्पन्न गर्दै आएको पाइन्छ ।

# अध्याय : पाँच

# राजनीतिक नेतृत्वमा रहेका महिलाहरूको पारिवारीक पृष्ठभुमि

## ५.१ पारिवारिक संरचना

परिवार नजिकको घरेलु समूह हो । जुन आपसमा रगतको नाता, यौन सम्वन्ध तथा कानून बन्धनबाट जोडिएको हुन्छ । यो अत्यन्तै आधारभुत एवं शुक्ष्म सामाजिक समूह हो । जसले समाजको महत्वपूर्ण तथा प्रारम्भिक अंशको रुपमा विधमान हुन्छ । "सामाजिक तथा बैध योन सम्वन्ध एवं एकदमै क्लिष्ट र बाल बच्चाको जन्म तथा लालनपालनको जिम्मेवारी बोध तथा बहन गर्ने समूह नै परिवार हो । (म्याक्लभर) त्यसै गरि "रगतको नाता तथा सम्वन्धबाट जोडिएको श्रीमान्, श्रीमती र बाल बच्चाहरूको समूह नै परिवार हो ।" (उलिएट एण्ड मेरील) परिवारले मानवजातिको आत्मा संरक्षण सम्वर्द्धन तथा मानव जिवनलाई निरन्तरता प्रदान गर्दछ । परिवारले सामाजिकरणको माध्यमबाट एउटा मानवलाई पूर्ण सामाजिक मानव बनाउने कार्य गर्दछ । परिवारबाट नै मानवले माया ममता सुरक्षा प्रदान गर्दछ ।

मुख्य तया परिवार ३ प्रकारका हुन्छन् जस्तैः एक परिवार, संयुक्त परिवार र विस्तृत परिवार । बाबा आमा र तीनका छोराछोरी मात्र रहेका परिवारलाई एकल परिवार भनिन्छ, त्यसै गरि एउटै छानामुनी बस्ने, एउटै चुलोमा भान्छा बनाई खाने श्रीमान् श्रीमती, छोरा छोरी र आमा बाबा तथा साशु सशुरा रहेको परिवारलाई संयुक्त परिवार भनिन्छ । भने श्रीमान् श्रीमती, छोरा छोरी, बाबा आमा, दाजुभाउजु, भाई बुहारी र तिनीहरूको छोराछोरी सहित एकै भान्छामा खाने परिवारलाई विस्तृत परिवार भनिन्छ । यी तीन प्रकारका परिवारको आकार परिवारको सदस्यको आधारमा हुन्छन् । म्याग्दी जिल्लाको ६ स्थानीय तहभित्रका ८६ जना उत्तरदाताहरूको घर परिवारहरूमा रहेका घरपरिवारको प्रकारलाई तालिकद्धारा देखाइएको छ ।

तालिका ५.१ : पारिवारको प्रकार

| विवरण | संख्या | प्रतिशत |
| --- | --- | --- |
| ४ जना सम्म सदस्य भएको परिवार | ३७ | ४३ % |
| ४-७ जना सम्म सदस्य भएको परिवार | ४० | ४७ % |
| ७-१० जना सम्म सदस्य भएको परिवार | ९ | १० % |
| जम्मा | ८६ | १००% |

*स्रोत: क्षेत्र अध्ययन, २०७७*

माथिको तथ्याङ्क अनुसार ८६ जना उत्तरदाताको पारिवारिक आकारलाई तीन प्रकारबाट हेरिएको छ, उक्त आकारलाई प्रतिशतमा देखाईएको छ। एकल परिवार अर्थात ४ जना सम्म परिवार सदस्य रहेको ३७ जना उत्तरदाताहरू जसको प्रतिशतमा ४३ रहेको छ, त्यसै गरि ४ देखि ७ जना सम्म परिवार सदस्य रहेको परिवार जुन परिवारलाई संयुक्त परिवार भनिन्छ, यसमा ४० जना उत्तरदाताको प्रतिशत ४७ रहेको छ। त्यसै गरि ७ देखि १० जना सम्म परिवार संख्या रहेको ९ जना देखिएको छ जसको प्रतिशत १० रहेको छ। यसरी माथिको तालिकाको तथ्याङ्क हेर्दा सबै भन्दा बढि संयुक्त परिवार ४७ प्रतिशत रहेको पाइयो भने सबै भन्दा न्यु परिवार संख्या ९ रहेको विस्तृत परिवारमा १० प्रतिशत रहेको पाइयो।

## ५.२ धार्मिक स्थिति

धर्म एक अदृश्य शक्ति माथिको विश्वास हो। यस्तो अदृश्य शक्तिको बिश्वास विश्व भरीका मानव जातिले प्राचिन काल देखि नै स्वीकार गर्दै आएको पाइन्छ। धर्मले मानिसलाई अनुशासित र नैतिकवान बनाउनमा ठूलो भूमिका खेलेको हुन्छ। नेपालमा भिभिन्न प्रकारको धर्म मान्ने गरिएको छ जुन फरक फरक जातजातिमा निर्भर रहेको पाईन्छ। जस्तै हिन्दु, बौद्ध, ईसाई, इस्लाम आदि। विभिन्न धर्म माथि आस्था गर्ने व्याक्तिहरू बसोबास गर्ने भएकोले धर्म नेपालको संविधान २०७२ मा धर्म निरपक्ष राष्ट्र घोषणा गरेको छ। यसै गरी अध्ययन गरिएका उत्तरदाताहरूको धार्मिक स्थितिलाई तल तालिकाबाट देखाउन खोजिएको छ।

**तालिका ५.२ : धर्म अनुसारको विवरण**

| स्थानीय तहको नाम | हिन्दु धर्म | बौद्ध धर्म | इसाई धर्म |
|---|---|---|---|
| बेनी नगरपालिका | २१ | ४ | ३ |
| मंगला गाउँपालिका | ८ | ० | ० |
| मालिका गाउँपालिका | ७ | २ | ३ |
| धवलागिरी गाउँपाालिका | १२ | २ | ५ |
| रघुगंगा गाउँपालिका | ४ | १ | १ |
| अन्नपूर्ण गाउँपालिका | ८ | ४ | १ |
| कुल संख्या | ६० | १३ | १३ |

*स्रोतः क्षेत्र अध्ययन, २०७७*

माथिको तालिकामा उल्लेख गरिएका ८६ जना उत्तरदाता अनुसार हिन्दु धर्म मान्ने सबै भन्दा धेरै ६० जना त्यसै गरि बौद्ध धर्म मान्त्रे १३ जना र इसाई धर्म मान्ने १३ जना रहेका छन् । जसमा बौद्ध धर्म र क्रियसन धर्म मान्ने उत्तरदाता समान रहेको देखिन्छ । म्याग्दी जिल्लामा जनजाती विशेष गरि मगर समुदायको बसोवास रहेता पनि हिन्दु परापूर्वकाल देखिनै हिन्दु धर्म मान्दै आएको कारणले गर्दा धेरै संख्यामा हिन्दु धर्म मानी परम्पराकालको रितिरिवाज धर्म संस्कृति प्रतिको महिमा देखिन्छ ।

## ५.३ शैक्षिक अवस्था

सर्वचेतन प्राणी हामी मानव जातीको जीवनमा शैक्षिक क्षेत्र एक अरिहार्य चिज हो । शिक्षालेनै एक एक मानव जीवनको भविष्य निर्धारण गरेको हुन्छ । जन्म देखि नमन्जेल सम्म कहि कतै शिक्षाको आवश्यक पर्ने हुन्छ त्यस कारण यस अध्ययनको सिलशिलामा उत्तरदाताहरूको परिवारमा पारिवारीक शैक्षिक अवस्थालाई महत्त्व दिदै अध्ययन गरिएको छ । जसलाई तलको तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका ५.३ : शैक्षिक विवरण

| स्थानीय तहको नाम | निरक्षक | साक्षर | १ देखि ५ सम्म | ६ देखि १२ सम्म | क्याम्पस |
|---|---|---|---|---|---|
| बेनी नगरपालिका | ० | ४ | ७ | १५ | २ |
| मंगला गाउँपालिका | ० | २ | १ | ४ | १ |
| मालिका गाउँपालिका | ० | ३ | १ | ७ | १ |
| धवलागिरी गाउँपार्लिलिका | ० | २ | ३ | १३ | १ |
| रघुगंगा गाउँपालिका | ० | ० | १ | ५ | ० |
| अन्नपूर्ण गाउँपालिका | ० | १ | ० | १२ | ० |
| कुल | ० | १२ | १३ | ५६ | ५ |

*स्रोतः क्षेत्र अध्ययन, २०७७*

माथिको तालिकामा स्थानीय तह अनुसार उत्तरदाताको अवस्थालाई हेरिएको छ । जसमा ८६ जना उत्तरदाताहरू मध्ये निरक्षक संख्या ०, साक्षर संख्या १२ जना, कक्षा १ देखि ५ कक्षा सम्म अध्ययन गरेका १३ जना, कक्षा ६ देखि १२ सम्म अध्ययन गरेका ५६ जना, क्याम्पस अध्ययन ५ जना रहेका छन् । यसरी हेर्दा अर्थात फिल्ड अध्ययन गर्दा उम्मेदार भएका र हाल जनप्रतिनिधिको पदधारण गरेका महिलाहरूको शैक्षिक अवस्था सन्तोषजनक देखिएको छैन । ८६ जना उत्तरदाताहरू मध्ये जम्मा ५ जनाले मात्र क्याम्पस तहको अध्ययन गरेको पाइयो भने सो उत्तरदाताहरू मध्ये ५६ जनाले मात्र कक्षा ६ देखि १२ सम्म अध्ययन गरेको पाइयो भने ६ कक्षा देखि १२ सम्मको पनि धेरै जसो १० कक्षा भन्दा तल अध्ययन गरेर पाइएको छ। घर समाज समुदाय र देश जलाउने र नीतिगत निर्णय गर्ने तहमा पुगेका जनप्रतिनिधिहरूको शैक्षिक अवस्था नाजुक रहेको यस तथ्याङ्क विश्लेषण गर्दा ।

## ५.४ उमेर अनुसार जनसंख्याको अवस्था

उमेर जनसंख्याको एक महत्त्वपूर्ण आधार हो । उमेर कै आधारमा हैसियत निर्धाण हुने गर्दछ । मावन जिउने क्रममा विभिन्न अबस्थाहरू चाहेर होस वा नचाहेर सबै मावनजातिले बालक, युवा, प्रौढ र वृद्ध अबस्थालाई पार गर्नु पर्ने हुन्छ । सोहि अनुसार बालक र वृद्ध समुहलाई आश्रित उमेर समुहमा लिने गरिन्छ भने युवा र प्रौढ समुहलाई भने कार्यबाहक उमेर समुहको रूपमा लिईन्छ । तलको तालिकामा उत्तरदाताहरूको उमेर विवरण देखाउन खोजिएको छ ।

तालिका ५.४ : उमेर अनुसार जनसंख्या विवरण

| स्थानीय तहको नाम | २५ वर्ष सम्म | २६ -३५ वर्ष सम्म | ३६–४५ वर्ष सम्म | ४६–५५ वर्ष सम्म | ५६ वर्ष वा सो भन्दा माथि |
|---|---|---|---|---|---|
| बेनी नगरपालिका | ५ | ६ | १३ | ३ | १ |
| मंगला गाउँपालिका | २ | ४ | ० | २ | ० |
| मालिका गाउँपालिका | २ | ६ | ४ | ० | ० |
| धवलागिरी गाउँपाालिका | १ | ६ | १२ | ० | ० |
| रघुगंगा गाउँपालिका | ४ | १ | ० | १ | ० |
| अन्नपूर्ण गाउँपालिका | ० | ४ | ९ | ० | ० |
| कुल | १४ | २७ | ३८ | ६ | १ |

*स्रोत: क्षेत्र अध्ययन, २०७७*

माथिको तालिकामा ८६ जना उत्तरदाताहरू मध्ये १८ वर्ष देखि २५ वर्ष सम्मको उमेर समूहमा १४ जना, २६ वर्ष देखि ३५ वर्ष सम्मको उमेर समूहमा २७ जना, ३६ देखि ४५ वर्ष उमेर समूहमा ३८ जना, ४६ देखि ५५ वर्ष उमेर समूहमा ६ जना र ५६ देखि ६५ वर्ष उमेर समूहमा १ जना उत्तरदाता रहेका छन् । तालिकामा प्रस्तुत गरिएको तथ्याङ्क अनुसार सबै भन्दा बढी उमेर समूह ३६ देखि ४५ वर्षकोमा रहेको छ जसमा ३८ जना उत्तरदाता हुनु हुन्छ । भने सबै भन्दा कम उमेर समूहको ५६ वर्ष देखि ६५ बर्ष सम्मकोमा जम्मा १ जना हुनु हुन्छ । यस तथ्याङ्कलाई हेर्दा अर्थात विश्लेषण गर्दा उत्तरदाताहरू विशेषत युवा अवस्थामा युवा जोस र जागरमा रहेको अवस्था देखिन्छ ।

## ५.५ परिवार भित्रको नेतृत्व

प्रत्येकको घरमा फरक फरक परिवार सदस्य रहेका हुन्छन् । जुन सदस्य मध्ये १ जनाले घरको नेतृत्व गरेको हुन्छ । लिङ्गको आधारमा घर भित्रको नेत्तृत्वलाई अध्ययन गर्ने क्रममा ८६ जना उत्तरदाताहरूको घरपरिवारमा कस्को नेतृत्व रहेको छ भन्ने कुरालाई तलको तालिकामा देखाइएको छ ।

तालिका ५.५ : परिवार भित्रको नेतृत्व विवरण

| स्थानीय तहको नाम | उत्तरदाता संख्या | पुरूषले | महिला | |
|---|---|---|---|---|
| | | | आफै | परिवारको अन्य महिला सदस्यले |
| बेनी नगरपालिका | २८ | २२ | ५ | १ |
| मंगला गाउँपालिका | ८ | ५ | ३ | ० |
| मालिका गाउँपालिका | १२ | ७ | ४ | १ |
| धवलागिरी गाउँपालिका | १९ | १२ | ७ | ० |
| रघुगंगा गाउँपालिका | ६ | ३ | २ | १ |
| अन्नपूर्ण गाउँपालिका | १३ | ६ | ५ | २ |
| कुल संख्या | ८६ | ५५ | २६ | ५ |

*स्रोत: क्षेत्र अध्ययन, २०७७*


उल्लेखित तालिका अनुसार ८६ जना उत्तरदाताको परिवार भित्रको नेतृत्वलाई हेर्दा पुरूषले नेतृत्व गरेको ५५ घर र महिलाले नेतृत्व गरेको ३१ घर संख्या रहेको छ। जस मध्ये उत्तरदाता आफैले नेतृत्व गरेको घर २६ रहेको छ । यसरी माथि उल्लेख गरिएको पालिकागत विवरणमा हेर्दा अन्नपूर्ण गाउँपालिकामा पुरूषले भन्दा महिलाले नेतृत्व गरेको संख्या बढी देखिन्छ त्यसै गरि रघुगंगा गाउँपालिकामा महिला र पुरूष दुवैको संख्या समान ३/३ रहेको छ भने बेनी नगरपालिकामा सबै भन्दा धेरे उत्तरदाता रहेको पालिकामा घरभित्रको नेतृत्वकर्ता पुरूष धेरै हुनु हुन्छ । यस तथ्याङ्कबाट बढी मगर समुदाय र दलित समुदायमा कहि समान र कहि महिलाको संख्या बढी देखिन्छ भने क्षेत्री ब्रम्हान बढि बसोवास रहेको बेनी नगरपालिकामा पुरूष वर्गले घर परिवारको नेतृत्व गरेको पाइन्छ ।

## ५.६ परिवारको मुख्य पेशा

मानिस जन्मेदेखि बाचुन्जेल सम्म गाँस बाँस र कपास जस्ता आधारभुत आवश्यकताहरू परिपुर्ति गर्न बाध्य भएको हुन्छ । बाच्नका लागि आयआर्जन गर्न जरुरी हुन्छ । त्यसका निम्ती विभिन्न प्रकारमा पेशामा लागिरहेका हुन्छन् । हाम्रो देश जस्तो अविकसित देशमा पेशाको विशिष्टीकरण पाइदैंन । किनकी एउटा मात्र काम गरेर उसको जीविकोपार्जन गर्न कठिन छ । भने हाम्रो समाजमा पेशा अनुसार मानिसलाई हेर्ने दृष्टिकोण र गर्ने ब्यवहार समेत फरक फरक गर्ने गर्दछन् । यस सन्दर्भलाई हेर्नका लागि अध्ययन

क्षेत्रका उत्तरदाताका परिवारहरूको आम्दानीको लागि के कसतो पेशामा आवद्ध छन् भन्ने विषयमा अध्ययन गरिएको थियो । जसलाई तलको तालिकामा निम्नानुसार देखाइएको छ ।

**चित्र ५.१ : परिवारको मुख्य पेशा**




माथिको तालिका अनुसार कुल ८६ जना उत्तरदाता अनुसार कृषि पेशमा ६४ जान जसको प्रतिशतमा ७४.४२ ब्यापार ब्यवसायमा १५ जना जसको प्रतिशतमा १७.४४, जागिरमा ० रहेको छ भने अन्य पेशामा ७ र जसको प्रतिशतमा ८.१४ प्रतिशत रहेको पाइयो । जस अनुसार उत्तरदाताको परिवारको मुख्य पेशा कृषि रहेको देखिएको छ । मुख्य पेशा कृषि रहेको देखिएकोले कृषि पेशाबाट स्थानीय तहको निर्वाचनमा सहभागिता बढी रहेको पाइन्छ ।

## वैयक्तिक अध्ययन–१

मेरो नाम जुनेली पुन मगर (नाम परिर्वतन) हो । मेरो घर धवलागिरी गाउँपालिका वडा नम्वर ४ धवलागिरी हिमालको काखमा पर्दछ । म ४४ वर्षको मगर समुदायको परिवारको महिला हुँ । हाम्रो पुखौलौ बाजे जिजुबाजेको पालादेखि हाम्रो परिवार यहि जिल्लाकै दुर्गम गाउँमा बस्दै आएका छन् । मेरो परिवारमा ६ जना सदस्य रहेका छन् । बुवाले म २६ वर्ष हुदाँ छोडेर जानु भएको थियो भने आमाले ४१ वर्षको उम्मेरमा छोडेर जानु भएको थियो भने ४ दाजुबहिनी मध्येको म एक्ली छोरी हुँ । म सबै भन्दा कान्छो सन्तान हो । म एक अविवाहित सामाजिक क्रियाकलाप सम्हाल्दै, शिक्षिकाको पेशा सम्हाल्दै, आफ्नो शैक्षिक अध्ययनको क्रममालाई संगसंगै अगाडि बढाउदै हाल राजनीतिक क्षेत्रमा होमिएकी सर्घषरहित महिला हुँ । म अविवाहि महिला भएको कारणले मैले घर भित्रको सबै कामको जिम्मेवारी सम्हाल्नु पर्दैन त्यस कारण म हाल सबै क्षेत्र त्यागेर २०७४ सालमा सम्पन्न स्थानीय तहको निर्वाचनमा धवलागिरी गाउँपालिकाको अध्यक्ष पदमा निर्वाचित भई गाउँपालिका बासीको एक अभिभावकको रूपमा जिम्मेवारी सम्हालिरहेकी छु । दुर्गम बस्तीमा जन्मीएकी एक मगर समुदायको छोरी र घरपरिवारकै एकल छोरी हुदाँ जस्ता विभिन्न समस्या र कठिनाईका बाबजुत पनि म एकरूपमा धेरे चुनौटीहरू संग समाना गर्दै आधि जिन्दगी विताइरहेको छु ।

म एउटा स्वास्थ्यकर्मी पनि हुँ । गाउँबासीको माग अनुसार म शहरीया विद्याथीी कालको (अहेव अध्ययन) केहि छणीक बसाई पछि उहि दुर्गम गाउँ फर्किएकि र दुर्गम ग्रामिण गाउँका सिधा साधा जनताहरूलाई सामान्य स्वास्थ्य समस्या हुदाँ मलमपट्टी गर्ने काम गरे त्यस पछि करिव १० वर्ष शिक्षिका पेशामा विताए भने ५ वर्ष जती प्रध्यायन ध्यापक भई मा.वि स्तरको विद्यालयमा अध्यायपनसंगै विद्यालयको जिम्मेवारी सम्हाले त्यसै क्रममा विभिन्न उपभोक्ता समिति, सामाजिक संघ संस्थाहरूमा आवद्धता हुदै जिम्मेवारी निर्वाह गर्द आए । २०५४ सालको पार्टी सदस्यता लिएको थिए । २०५७ सालमा नेपाल कम्प्युष्टि पार्टी एमालेको जिल्ला सदस्य र अखिल महिला संघको सदस्यता लिएको थिए । साथै २०६९ सालमा अखिल नेपाल महिला संघ को जिल्ला अध्यक्ष जस्तो पदको जिम्मेवारी निर्वाह गरे । हाम्रो समाजमा पितृसतात्मक सोचले अझै जडो गाडेको छ । त्यस प्रकारको सोचहरूलाई चिर्न असाधै गारो छ, अझै पनि महिलाहरू पुरूष सरह सामाजिक र राजनैतिक क्षेत्रमा सहभागी हुन सकिरहेको छैनन् । जसको कारण पुरूषबादी सोच हाबी हुनु हो । यस्ता यस्ता समस्याहरू पार गर्दै म सिंगो धवालगिरी गाउँपालिकाको अभिभाकत्व ग्रहण गरि, अवसर दिए महिलाले गर्न नसक्ने काम के छ र ? भन्ने उदाहरण हो रूपमा म उभिएको महशुस गरेकी छु । महिलालाई बच्चा जन्माउने र गृहणी जीवन विताउने, घरायसी काममा दैनिकि विताउने माध्यमको रूपमा नसोचि अवसर दिए समाजमा विभिन्न चुनौतीसंग सामाना गर्दै अघि बढ्न सक्छन् नारी भन्ने ज्वलन्त उदाहरण हो धवलागिरी हिमालको फेदमा चिसो हावापानीमा हुर्केकि म पुन मगरको छोरी । अहिले आएर समाज धेरै परिर्वतन भएको छ । समाज पहिलाको भन्दा धेरै अगाडि बढी रहेको छ जहाँ महिलालाई हेर्न दृष्टिकोण आकाश पाटल फरक भएको छ । महिलाहरूले आफ्नो हक अधिकार खोज्न सक्ने भएका छ । कैयौ महिला दिदिबहिनिहरूलाई सशक्तिकरणको बाटोमा सहजीकण गरिरहेको छु । भने कयौ महिलाहरू समाज सक्रारात्मक परिवर्तसंगै समाज रूपान्तरणतर्फ उन्मुख भईरहेकाछन् । जहाँ पुरूषको जिम्मेवारी आफै सम्हाल्दै घर व्यवहार देखि सामाजिक राजनैतिक कार्य समेत सक्रिय भुमिका खेलिरहेकाछन् ।

## वैयक्तिक अध्ययन–२

बेनी नगरपालिका वडा नम्वर ७ बेनी बजार स्थीत स्थायी घर भएकी म कान्छी श्रेष्ठ (नाम परिर्वतन) हुँ । म अहिले ४४ वर्ष की भए । म एक नेवार समुदायको शहरिया परिवारमा हुर्केकि महिला हुँ। म विवाहित महिला हो । मेरो परिवारमा म, श्रीमान्, १ छोरा, २ छोरी र गरि ५ जनाको सदस्य रहेको छ । मेरो श्रीमान् शिक्षक पेशाबाट  पेन्सन निस्कीएर हाल राजनैतिक पेशामा संलग्न हुनुहुन्छ भने एक छोरीको विवाह भई सकेको र अन्य छोरा छोरी अध्ययनको सिलसिलामा रहेका छन् । म पेशाको हिसावले व्यवसाय गर्दछु, संगसंगै विभिन्न संघ संस्थामा आवद्धता पनि छु भने म एक महिला उद्यमीको रूपमा पनि चिनिन्छु साथै राजनीतिक क्षेत्रमा समेत म सक्रिय रहेको छु । स्थानीय तहको निर्वाचनमा महिला सदस्यमा उम्मेदवारी दिई म पराजय प्राप्त गरेकी महिला पनि हुँ । महिला सदस्यमा पराजय भएता पनि म राजनीतिक क्षेत्रमा अझै सशक्तरूपमा उभिएकिछु भने समाज परिर्वतनको लागि विभिन्न क्षेत्रमा संजाल विस्तार गरि समाज परिर्वतन महिला अधिकारको विषयमा वकालत गर्न थप सशक्तरूपमा लागेकी छु । भने आर्थिक अवस्था मध्यम खालको रहेको परिवारमा हुर्किएको हुनाले मैले आम्दानीको क्षेत्रमा पनि काम गर्दछु । मेरो हातमा हाते सिलाई बुनाई पनि गर्दछु जस्तै सुइटर, पछ्यौरी, सल टोपी जस्ता जाडोमा र गर्मीमा लगाउने कपडा बुन्ने गर्दछु भने जीवन विमाको क्षेत्रमा पनि म सशक्तरूपमा लागि मैले मासिक आर्यआर्जन गर्दछु । संगसंगै मैले फुर्सदको समयमा घरमै बसेर रोटीका परीकारहरू उत्पादन गर्ने गर्दछु । स्पेशल मैले सेल रोटी उत्पादन गर्दछु जसको खपट अत्यधिक मात्रामा रहेको छ । भने आवश्यक परेको बेलामा सुलाई बुनाई र रोटी बनाउने तालिमहरूमा सहजकर्ताको रूपमा पनी सहजीकरण गर्दै आएको छु । जसले गर्दा घर ब्यवहार चलाउन, केटाकेटीहरूलाई पढाइ लेखाई खर्च,चार्डपर्व मनाउने खर्च, पर पाहुँना अन्काउने, गरगहना किन्ने, सिंगारपटार लगायको समाग्रीहरू किन्ने पैसा मैले श्रीमान् संग माग्नु पर्दन । म आफै आत्मनिर्भर भएकी छु । मेरो श्रीमान् शिक्षक पेशामा ब्यतित भएको भए र पनि होला धेरै बुझेको हुनु हुन्छ । मैले घर ब्यवहार र घर बाहिरको कामको नेतृत्व गर्दछु भने श्रीमान्ले घर भित्रको पनि काम गर्नु हुन्छ जसले गर्दा मलाई समाज सेवा लाग्न थप हैसला प्रदान गरेको छ ।

मेरो परिवारमा सबै बुझ्ने मान्छे हुनु हुन्छ जातीय आधारमा म नेवार समुदायको महिला भईकन पनि मलाई घर वाहिरको काममा हिड्न डुल्न एकदमै स्वतन्त्रता रहेको छ । कतिपय महिलाहरूले आफ्नो हक अधिकार लिनका लागि पनि हिचकिचाउने र त्यही अनुसार घरपरिवारबाट पनि सहमती नहुने गर्दछ त्यसका कारण कतिपय महिलाहरू अहम क्षमता हुदाँ हुदै पनि घर भित्र खुम्चिएर पुरूषलाई नै अगाडि  आफू सहयोगी बनेर बस्ने गरेको पाइन्छ । जसको कारण धेरै भन्दा धेरे कार्यबोध महिलाहरूमा भएता पनि उचित मुल्याङ्कन हुन सकिरहेको छैन हाम्रो समाजमा । तर म भने सानै उम्मेर देखि महिला अधिकारको क्षेत्रमा र विभिन्न समाजिक कार्यमा सक्रिय भएको कारण र घरपरिवारको पुरा साथ सहयोगले गर्दा सहजरूपमा सामाजिक र राजनीतिक क्रियाकलापमा लागेकी छु । महिलाहरूमा आत्मबल र सामाजिक तथा राजनैतिक क्षेत्रमा लाग्ने इच्छा शक्ति हुनु पयो आफू पनि सशक्तरूपमा क्रियासिल हुनु पर्या कहि पराजय भएला तर पराजय नै विजयको प्रत्याभुति हो भनि त्यस क्षेत्रमा बाँकि दिनमा अझै थप सशक्तरूपमा लागि अवश्य एक दिन न एक दिन विजय प्राप्ती गर्ने छु भनि आत्मविश्वास बढाउनु त्यो नै महिलाहरूको लागि ठूलो उपलब्धी हो ।

## वैयक्तिक अध्ययन–३

म्याग्दी जिल्ला रघुगंगा गाउँपालिका वडा नम्वर ७ हाल बेनी नगरपालिका वडा नम्वर ८ घर भएको म विजुला तिलिजा मगर (नाम परिर्वतीत)हो । मेरो परिवारमा म श्रीमान्, एक छोरा र बुहारी छन् । मेरो छोरा र बुहारी बैदेशिक यात्रामाको सिलसिलामा अमेरीका रहेका छन् । म र मेरो श्रीमान् मात्र घररहेका छौ । मेरो श्रीमान हाल आएर विरामी पर्नु भएको छ । हाल मेरो दिनचार्य घरधन्दा, श्रीमान्को स्याहार सुसार, अध्ययन र सामाजिक कार्यमा वितेको छ । म अहिले ५५ वर्षको भए र मैले २४ वर्ष देखि गाउँमा स्वास्थ्य स्वयमसेवी हुदैं अहिले दजनै सामाजिक संघ संस्थामा क्रियासिल भई काम गदै आइरहेको छु । पढाई लेखाई कम भएकोले धेरै ठाउँमा दुख र झन्झ ब्यहोरेले मैले विगत ५ वर्ष देखि बैकल्पिक उज्यालो विद्यालयमा म्याग्दीमा भर्ना भई अध्ययन रहेकी छु । भनिन्छ “उमेर बुढो हुन्छ तर मन कहिल्यै बुढो हुदैन” भने झै मेरो उम्मेर बुढेसकालमा ढल्कदै छ अ मेरो अध्ययनको क्रममा भर्खर बालिकाको अवस्थामा रहेको छु । मलाई भित्रै देखि पढ्ने इच्छा जागेर आयो हाल सामाजिक विकास मन्त्री हुनु हुन्छ नरदेवी पुनको भिजनले प्रौढ शिक्षा पढेका र एल एल सी पास नगरेका महिलाहरू विचैमा अल्पत्र परेकालाई पढाउने उद्देश्यले विद्यालय खोलियो त्यस विद्यालयमा मैले पनि पढ्ने अवसर पाए र ५ कक्षामा भर्ना भई हाल प्रत्येक कक्षा उर्तिण हुदै अहिले १० कक्षामा पुगेको छु । एस ई ई पास गरि +२ सम्म पास गर्ने मेरो इच्छा छ । मैले आफ्नो अध्ययन संगसंगै राजनीतिक क्षेत्रलाई पनि संगै अगाडि बढाएको छु ।

२०७४ सालमा सम्पन्न स्थानीय तहको निर्वाचनमा महिला सदस्यमा उम्मेदवारी दिएको थिए म विभिन्न संघसंस्थामा लागेको क्रियासिल व्यक्ति हुदाँ हुदै पनि झिनो पतले पछि परेर पराजय भएको थिए । राजनीतिक क्षेत्रमा म ३५ साल देखि संलग्न रहेको थिए । पार्टीमा संलग्न भएको धेरै वर्ष भएता पनि म  महिला भएकै कारण पार्टीको अंग्रक्तिमा आउन सकिन र हाल पार्टीले दिएको जिम्मेवारी पद जहाँ महिला आरक्षण कोटामा उम्मेदवारी पाएको थिए विभिन्न प्राविधिक समस्याको कारण तहाँ पनि पराजय हुन पुगे । तर पनि पार्टी छोडेको छैन र आफ्नो बुढेसकालमा शुरु गरेको पढाई लेखाई पनि छोडेको छैन भने  महिला मगरसंग, बौद्ध संघ, सहकारीहरू, नेत्रज्योती संघ लगायतका संघ संस्थाहरूमा म अझै पनि आवद्ध रहि सक्रिय सहभागिता जनाइ रहेको छु । म मगरको छोरी भएर पनि होला सानै उम्मेर देखि दुर्गम गाउँबस्तीमा जन्मेको रहुर्केको भएर पनि सामाजिक सेवामा लाग्ने प्रेरणा मिल्यो । म गाउँको सिधा र लगनशिल भएर पनि होला सबै जनाले मलाई स्वास्थ्य स्वयमसेवीका देखि आमा समूह महिला समूहहरूमा अगाडि सार्ने काम गर्नु भयो र म पनि अग्रसर भए काम गर्दै आए अहिले म आमा समूहको अध्यक्षपदको जिम्मेवारी सम्हाल्दै आएको छु । त्यसै गरि समाज सेवा गर्ने क्रममा मेरो घरपरिवार श्रीमान्को पनि उतिकै साथ सहयोग पाएको छु ।

तर पनि म स्थानीय तहको निर्वाचनमा वडा महिला सदस्यमा म पराजय हुन पुगे जसको कारण आर्थिक स्तर मेरो कम्जोर थियो । खासमा हाम्रो समाज पैसा हिडिरहेको हुन्छ, खुट्टा टान्ने प्रबृति मौलाएको छ र इमान्दारीता र लगनसिलता  घट्दो क्रममा रहेको छ । जसको कारण जनताले हेर्ने दृष्टिकोण फरक परेको छ । त्यहीकारणले म पराजय हुन पुगेको हो जस्तो लाग्छ । किन भने म धेरे सामाजिक ब्यक्तित्व हो मैले कसैलाई केहि विराएको थिएन कसैलाई नराम्रो ब्यवहार गरेको थिए तर पनि म पराजयको भागिदार हुन पुगे । तर पनि म पार्टी छाडेको छैन संघ संस्था छोडेको छैन म अझै पार्टीमा सशक्त रूपमा लागेकोछु र आफ्नो योग्यता र क्षमतालाई बढाएको छु । कुनै एक क्षेत्रमा पराजय हुदैंमा कहिले हरेस खान हुदैंन पटक पटकको प्रयास पछि सफल हुन सकिन्छ भन्ने सिद्धान्त बोकेको छु ।

## वैयक्तिक अध्ययन–४

मेरो नाम विजुला श्रीपाली (नाम परिवर्तित) । मेरो घर मालिका गाउँपालिका वडा नम्वर ७ विममा पर्दछ । म अहिले २८ वर्षकी भए । म अहिले जनप्रतिनिधि जिम्मेवारी सम्हाली रहेको छु । मेरो परिवारमा ४ जना सदस्य रहेका छन् । जस मध्ये मेरो श्रीमान् वैदेशिक रोजगारीको सिलसिलामा विदेशमा हुनु हुन्छ । भने एक छोरी र एक छोरा किसानी माध्यमिक विद्यालय विममा अध्ययनरत रहेका छन् । मैले सानै उम्मेरमा विवाह गर्नु परेकोले अध्ययनको क्षेत्रलाई अगाडि बढाउन सकिन मैले एल एल सी समेत पास गर्न सकेको छैन । त्यस कारण छोरा छोरीलाई दुख सुख गरि पठाएको छु । मेरो परिवारको मुख्य पेशा कृषि हो । मैले सुन्तला खेती कागती खेती गर्दै आएको छु । श्रीमान विदेश भएकोले घर भित्र र बाहिरको काम सबै मैले नै सम्हाल्दै आएको छु । करिव ४ वर्ष देखि मैले समाजिक क्षेत्रमा हात हालेकि हुँ । म किसानी माध्यमिक विद्यालयको ब्यवस्थापन समिति आमा समूह लगायतको समूह उप समिति समितिहरूमा आवद्धता भएको छु । २०७४ सालको स्थानीय तहको निर्वाचनमा म स्वतन्त्ररूपमा दलित महिला सदस्यमा उठेका थिए र मैले विजय प्राप्त गरि हाल जनप्रतिनिधिको जिम्मेवारी समेत सम्हालेको छु भने गाउँपालिका वडा कार्यालयमा हुने क्रियाकलापहरूमा सहभागी हुने ब्यवस्थापन गर्ने लगायतको कार्य गर्द आएको छु ।

महिला भएकै कारण श्रीमान् घरमै हुदाँ समाज सेवा लगायतका कार्यहरूमा लाग्ने अवसर प्राप्त हुदैनथ्यो । सधै बालबच्चाको हेरचाह र घर भित्रको काममा मात्र ब्यस्त भइन्थ्यो श्रीमान् विदेश गए पछि छरछिमेकी दाजुभाई दिदिवहिनीहरूले विभिन्न सामाजिक कार्यहरूमा बोलाउने र सहभागी गराउन थाले । त्यस पछि महिलाहरूले पनि समाजमा केही गर्न सकिने रैछ घरभित्र मात्र कति सिमित रहने भन्ने लाग्न लाग्यो र विभिन्न सामाजिक क्रियाकलापमा सहभागी हुने उत्साह जाग्न थाल्यो । त्यस पछि मलाई स्थानीय सरकारको नजिकको निकाय वडा कार्यालयको जनप्रतिनिधि भई काम गर्न मन लाग्यो म स्वतन्त्र प्यानेलबाट उम्मेदवारी दिए र विजय प्राप्त भए पछि म अहिले जनताको सेवा गरि रहेको छु । अहिले मलाइए महसुश हुन थालेको छ जति दुख पाए सानै उम्मेरमा पाए तर अहिले साह्रै खुसी र सन्तुष्टि पनि प्राप्त गरेको छु ।

तर हाम्रो समाज महिलाहरू अधिकारको जतिनै कुरा गरेता पनि पुर्ण रूपमा अधिकार पाइएको पनि छैन र त्यती नै मात्रमा साधुरो सोचाई भएका मानिसहरू पनि भेटिने गर्दछ । घर परिवारकै कुरागर्दा मेरो श्रीमान्ले म घर बाहिरको सामाजिक काममा हिढ्दा दुल्दा संकाको घेरामा राख्नु हुन्छ । मैले कुनै बेला सामाजिक राजनैतिक कामले हिड्दा डुल्दा अर्थात कामको सिलसिलामा जादाँ र गाउँपालिकामा बैठकमा जादाँ राती हुन्छ बास बस्नु पर्ने हुन्छ तर मलाई त्यतिबेला ढुक्कले अर्काको घरमा बास बस्न सक्दैन घर परिवारको, श्रीमान्को र छरछिमेकीको दर त्रासमा बसि रहेको हुन्छु । हामो समाज अझै पनि पूर्णरूपमा परिर्वत भएको छैन । पुरूष बाढी सोचको खाडल अझै पुर्न बाँकी नै छ । त्यसै गरि महिलालाई समाजमा हेर्न दृष्टिकोण अझै परिर्वन भएको छैन । श्रीमान् घरमा नभएको बेलामा घर बाहिर हिड्का नकारात्कम कुराहरू बढी हुने गर्दछ । त्यस खालको समाजलाई पुर्णरूपमा परिर्वर्तित गराउन अझै धेरे समय लाग्न सक्छ तर हामी महिला दिदिबहिनीहरूले महिलाको हकहितको लागि र लिङ्गको आधारमा पुरूषसंग बराबर अधिकार पाउनको लागि अझै निरन्तररूपमा आवाज उठाउन जरूरत रहेको देखिन्छ ।

# अध्याय : छ

# साराशं, निष्कर्ष र सुझाव

## ६.१ सारांश

हाम्रो देश नेपालको जनसंख्या अनुसार आधि आकाश महिलाले धाकिएका छन् । कुल जनसंख्याको ५१.५० प्रतिशत महिलाको बसोवास रहेको देश हो । भने ७७ वटा जिल्लामा मध्ये म्याग्दी जिल्ला ६२.२४६ प्रतिशत महिलाको जनसंख्या भएको जिल्ला हो । यहाँ पुरूषको तुलनामा महिलाको जनसंख्या २४.४९२ प्रतिशतले बढि रहेको छ । तर पनि लिङ्गको आधारमा महिला माथि धेरै खालको भेद्भाव हुने गरेको पाइन्छ । हरेक क्षेत्रमा महिलाको सहभागिता न्युन रहेको देखिन्छ । यसै क्रमलाई मध्येनजर गरि स्थानीय तह निर्वाचन २०७४ को निर्वाचनमा महिलाको सहभागिताको विषयलाई अध्ययन गर्न म्याग्दी जिल्लालाई एक कार्यक्षेत्र बनाई समाजशास्त्रीय अध्ययन गरिएको छ । यस अध्ययनमा निर्वाचनमा सहभागी महिलाहरूको पारिवारीक पृष्ठभूमि, सामाजिक, आर्थिक, लैङ्गिक तथा उनीहरूको समग्र क्षेत्रमा भएको परिर्वतनको खोजि गरिएको छ । भने यस अध्ययनको सामान्य उद्देश्य सहभागी महिलाको सामाजिक र आर्थिक अध्ययन र सहभागी महिलाको पारिवारीक पृष्ठभुमी गर्नु रहेको छ । यस अध्ययनले स्थानीय तहको निर्वाचन अर्थात समग्र राजनीतिक क्षेत्रमा महिलाहरूको सहभागिता बृद्धि गराउने महत्त्व राखेको छ । भने यस शोधपत्रलाई विभिन्न ६ अध्यायमा विभाजन गरि अध्ययन गरिएको छ ।

देशको समग्र विकासलाई डोचाउने राजनैतिक विचार नै हो । यसलाई तल्लातहदेखि नै दह्रो बनाउदै जान सकेमा विकासको गति तीब्र हुन्छ । हरेक क्षेत्रमा पछि रहेका वर्गको लागि मूल प्रवाहीकरण गर्न सकिएन भने सम्बृद्ध समाज निमार्ण गर्न पक्कै पनि सकिदैन त्यस कारण लैङ्गिक रूपमा महिलालाई संगसंगै लिएर जानुपर्ने हुन्छ । हिमाली जिल्लाको रूपमा चिनिने म्याग्दी जिल्लामा बुहसंख्यक रूपमा बसोबास रहेको महिलाहरूको हरेक क्षेत्रमा प्रतिनिधित्व आवश्यक भने जनताको नजिकको सरकार स्थानीय सरकार भएको कारणले गर्दा अझै बढी महिलाहरूको प्रतिनिधित्व स्थानीय सरकारमा हुन जरुरी देखिन्छ ।

२०७४ सालको स्थानीय तहको निर्वाचनका क्रममा प्रत्येक वडामा १ जना दलित महिला, १ जना महिला अनिर्वाय, पालिका प्रमुख/अध्यक्ष वा उप प्रमुख/उपाध्यक्ष मध्ये १

जना महिला अनिवार्य उम्मेदवारी हुनु पर्ने संवैधानिक तथा कानूनी व्यवस्था भएको कारणले गर्दा स्थानीय तहको निर्वाचनमा केही प्रतिशतमा महिलाको सहभागितामा बृद्धि भयो । तर उक्त महिला सहभागिता केवल सहभागितामूलक मात्रै जस्तो देखियो । पालिका स्तरमा अधिकांस महिला जनप्रतिनिधिले राखेको कुराको सुनुवाई नहुनु, पुरूष जनप्रतिनिधिले जे निर्णय गर्न प्रस्ताव गचो त्यसैमा सबै महिलाहरूले सहमती जनाउनु पर्ने, महिला भएकै कारण राम्रो सहित तवरको निर्णय गर्न प्रेणित गर्दा त्यसको सुनुवाई नहुनु, आफूसंलग्न रहेको पार्टीमा समेत आफूले राखेको प्रस्तावको सुनुवाई नहुनु, पार्टी भित्र कस्तो खालको निर्णय हुन्छ भन्ने कुरा समेत सबै महिलाहरूलाई जानकारी नहुनु, बाध्यताबस निर्णय प्रक्रियामा सहमती जनाउनु पर्ने जस्ता समस्याहरू लैङ्गिक हिसावले भन्ल्नु परेको अवस्था अन्तर्वाताको क्रममा आएको छ । भने कानूनी ब्यवस्थाले गर्दा समाजिक तथा राजनीतिक क्षेत्रमा क्रियासिल नरहेका ब्यक्तिहरूको सहभागिता रहेको पाइन्छ । जसको कमजोरी राजनैतिक पार्टीहरूको देखिन्छ । स्थानीय तहको निर्वाचनमा क्रियासिल रहेको राजनैतिक दलहरूले आफ्नो पार्टीमा महिलाको प्रतिनिधित्व कम भएकै कारण २०७४ सालको स्थानीय तहको निर्वाचनमा पार्टीको तर्फबाट उम्मेदवारी उठाउदा राजनैतिक क्षेत्रमा सक्रिय अनुभवी ब्यक्तिलाई टिकट दिन नसकेको र पार्टीमा प्रतिनिधित्व गरेका महिलाहरूलाई समेत क्षमता विकास नगराइएको देखिन्छ । महिलाहरूलाई निर्णायक ठाउँहरूमा पुऱ्याउन  दलहरूको प्रतिवद्धता निकै कमजोर रहेको देखिन्छ ।

त्यस महिलाको क्षमता विकासको लागि उनीहरूको ज्ञान, सीप, क्षमता तथा अवसरको प्रयोगलाई बढाउने मान्यता बोकेको सशक्तीकरण सिद्धान्त साथै विकासमा महिला, महिला र विकास, मार्क्सवादी महिलावादमा आधारित भएर अध्ययन गरिएको छ । वर्णनात्मक र अन्वेषणात्मक ढाँचाको यस अध्ययनमा अन्तर्वार्ता अनुसूची, अवलोकन तथा वैयक्तिक अध्ययन विधिहरूको प्रयोग गरिएको छ । नमूना छनौट विधि  विधि प्रयोग भएको यस शोधपत्रमा अध्ययन क्षेत्रमा स्थानीय तह निर्वाचन २०७४ मा उम्मेदवारी दिई पराजय भएका (३३ जना) र निर्वाचित भई हाल जनप्रतिनिधिको जिम्मेवारी सम्हालिरहेका (५३ जना) गरि  ८६ जना सदस्यहरू उत्तरदाताको रूपमा रहेका छन् । यस अध्ययनमा प्राथमिक तथ्याङ्कको धेरै प्रयोग गरिएको छ भने द्वितीय स्रोत अन्तर्गत म्याग्दी जिल्ला प्रोफाइल, निर्वाचन आयोगद्धारा प्रकाशित किताब/प्रतिवेदन, राष्ट्रिय तथ्याङ्क विभागको प्रतिवेदन, संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय लैङ्गिक समानता तथा सामाजिक

समावेशीकरण स्रोत पुस्तक, महिला अधिकार मञ्चद्धारा प्रकाशित किताबहरू, मानव विकास सूचनाङ्क २०२० सम्बन्धी प्रतिवेदन, निर्वाचन आयोग निर्वाचनमा लैङ्गिक तथा सामाजिक समावेशीकरण, सम्वन्धि किताबहरूको प्रयोग गरिएको छ। अध्ययन क्षेत्रबाट उपलब्ध भएका तथ्याङ्कहरूलाई प्रस्तुतीकरणको लागि तालिकीकरण, स्तम्भचित्र, तथा वर्णनात्मक र विश्लेषणात्मक शैलीको प्रयोग गरिएको छ।

**मुख्य प्राप्तीहरू**

अध्ययन क्षेत्रमा गरिएको अध्ययन पश्चात प्राप्त भएका प्राप्तिहरू निम्न अनुसार रहेका छन् :

- स्थानीय तहको निर्वाचन ०७४ मा उम्मेदवारी दिने महिला ९८.४ प्रतिशत रहेका थिए।
- स्थानीय तहको निर्वाचन ०७४ मा निर्वाचित महिला ४१.२ प्रतिशत रहेका थिए।
- उत्तरददाताहरू मध्ये सबै भन्दा बढि हिन्दु धर्म मान्ने ६५ प्रतिशत रहेको पाइएको छ।
- उत्तरदाताहरू मध्ये सबै भन्दा बढि जाती दलित र जनजाती रहेको पाइयो जस्ता मा जना ३४ जना दलित ३३ जना जनजाती समुदायको रहेको पाइयो।
- उत्तरदाताको उम्मेगत जनसंख्या वितरण (३६ देखि ४५ वर्ष) ३८ जना सबै भन्दा बद्धि रहेको छ।
- ८६ जना उत्तरदाताहरू मध्ये ७४.४२ प्रतिशत कृषि पेशामा संलग्न रहेका पाइयो। कृषि आयमूलक कार्यमा परिणत हुँदै गरेको छ भने ब्यापार ब्यवसायमा लाग्नेहरू पनि बिस्तारै बढ्दै गएको पाइयो।
- ८६ जना उत्तरदाताहरू मध्ये सबै साक्षर रहेको पाइयो। साथै  कक्षा ६ देखि १२ सम्म अध्ययन गर्ने ३८ जना सबै भन्दा बढि रहेको पाइयो।
- निर्वाचित जनप्रतिनिधिहरू मध्ये ९०.५ प्रतिशतलाई घरपरिवारबाट राम्रो सहयोग प्राप्त भएको पाइयो।

- ८६ जना उत्तरदाताहरू मध्ये ५३ जनाले घर भित्रको कार्य र घर बाहिरको कार्य दुवै जिम्मेवारी सम्हालिरहेको पाइयो ।
- उत्तरदाताहरू मध्ये निर्वाचनमा आउनु पूर्व सबै भन्दा बढि ६७ जना कृषि पेशमा संलग्न रहेको र सबै घरभित्रको काममा समय विताएको देखिन्छ भने स्थानीय तहको निर्वाचन पश्चात सामाजिक कार्य संगै राजनीतिक क्षेत्रमा सक्रिय सहभागी हुन लागेको पाइयो ।
- उत्तरदाताहरू निर्वाचनमा आउनु भन्दा पहिला जम्मा २३ जनाले राजनितिकि क्षेत्रमा सक्रिय रहनु भएको थियो भने निर्वाचन पछि ६२ जना राजनितिकमा सक्रिय रहनु भएको छ ।
- उत्तरदाताको पारिवारिक आकार अनुपात ४.६२ रहेको छ ।
- शतप्रतिशत उत्तरदाताहरूमा घुमफिर स्वतन्त्रता रहेको पाइयो ।
- उत्तरदाताहरूको क्षमता विकास हुनुका साथै निर्णय प्रक्रियामा सहभागिता बृद्धि भएको पाइयो ।
- स्थानीय तहको निर्वाचन पश्चात टोल तथा गाउँ स्तरमा हुने कार्यक्रमहरूमा महिलाको सहभागिता बृद्धि भएको पाइयो ।
- उत्तरदाताहरू राजनैतिक तथा सामाजिक क्रियाकलापहरूमा सहभागी भए पश्चात पुरूषहरूले घरायसी कार्यमा सघाउने गरेको पाइयो ।
- हरेक क्रियाकलापहरू सहमति तथा सहकार्यमा नै सञ्चालन गर्नुपर्छ भन्ने भावना विकास भएको पाइयो ।
- उत्तरदातालाई घरपरिवार तथा समाजले हेर्ने दृष्टिकोणमा सुधार आएको पाइयो ।
- वैयक्तिक अध्ययन अनुसार आर्थिक आम्दानीको महत्त्व बुझेका कारण महिलाहरू आयमूलक कार्यमा लागेको पाइयो ।

## ६.२ निष्कर्ष

म्याग्दी जिल्लाको एक नगरपालिका र पाँचवटा गाउँपालिकाहरूमा निर्वाचन हुनु गर्ने कुल २५० कुल पद मध्ये विभिन्न पदमा निर्वाचित भएका सम्पूर्ण महिलाको समग्र आंकडा हेर्दा २४६ उम्मेदवारी मध्ये निर्वाचित संख्या १०३ अर्थात प्रतिशतमा ४१.२ रहेको छ । २०७४ सालको स्थानीय तहको निर्वाचन परिमाण म्याग्दी जिल्लाको इतिहासमा महिलाको लागि उपलब्धीपूर्ण रहेको छ । भने जिल्लाको जनसंख्याको आधारलाई हेर्दा अझै कम प्रतिशत रहेको मान्न सकिन्छ । जनसंख्याको हिसावलाई हेर्दा महिलाको लागि विद्यमान आरक्षित स्थान र उम्मेदवार मनोनयन सम्बन्धी प्रावधानमा दलको दायित्व र महिलाको नेतृत्व विकासमा अझै सुधार हुन जरुरी देखिन्छ ।

महिलाहरूको उम्मेदवारीका विषयमा राजनीतिक दलहरू र मुख्य जानकार व्यक्तिहरूसंग जिज्ञासा राख्दा धेरैले राजनीतिक दलले महिलालाई शक्ति र प्रतिस्पर्धाका दृष्टिकोणले कम आकलन गरेको, पारिवारीक तथा अन्य सामाजिक परिस्थितीका दृष्टिकोणले पुरूषका तुलनामा महिलाहरू सक्रियरूपमा खट्न नसक्ने, आर्थिक हिसावले निर्वाचन खर्च जुटाउने तथा खर्च गर्न गराउन नसक्ने, निर्वाचनको प्रचार प्रसारमा पछिल्लो समयमा देखिएका विकृती, ब्यवहारहरू आदिमा घुलमिल हुन नसक्ने, निर्वाचनका क्रममा महिलाको उम्मेदवरी कम भएको धारण ब्यक्त गरेको पाइयो । समग्रमा राजनैतिक दलमा महिला प्रतिनिधित्व कम हुनु, स्थानीय तहको निर्वाचनमा उम्मेदारी कमी हुनु र उम्मेदवारी मध्ये निर्वाचित महिला कम हुनुमा राजनीतिक दलहरूको महिलाप्रतिको उदार भावनामा कमि नै हो भन्ने देखियो । महिला पहिलो हुन सक्छन्, निर्वाचनमा विजय हासिल गर्न सक्छन् भन्ने कुरामा सबै राजनीतिक दलमा द्विविधाको स्थिति हो कि भन्ने देखिन्छ ।

आ–आफ्नो राजनीतिक दलबाट टिकट पाएर निर्वाचनमा भाग लिएका महिलाले निर्वाचनमा पराजय भोग्नु पर्नाका कारण बारे जिज्ञासा राख्दा धेरै महिला उम्मेदवारले स्थानीय मतादाताको आवश्यकता र दलले लिएको नीति लिएको नीति मेल नखाएको, निर्वाचन प्रचार प्रसारमा आएको भड्किलो र विकृति जस्ता परिस्थितिलाई आफ्नो नियन्त्रणमा राख्ने किसिमले निर्वाचन खर्च ब्यवस्थापन गर्न नसकिएको, योजनाबद्ध रूपमा निर्वाचन प्रचार प्रसारको काम हुन नसकेको जसका कारण महिला संगठन वा अन्य सहयोगी संगठनहरू निर्वाचनका समयमा वडाका तल्लो स्तरसम्म पुग्न नसकेको, उम्मेदवार

भएका महिलाहरूका हकमा दलगत भन्दा ब्यक्तिगत हैसियतका आधारमा मतदाताले हेरेको । ब्यक्तिगत सम्वन्धमा आधारमा मतदाताहरूसम्म जसको पहुँच राम्रो उसको मात्र स्थिती राम्रो देखिएको, आफ्नो दलको धेरै मतदाता नभएका स्थानमा महिलालाई टिकट दिइएको, निर्वाचन प्रचार प्रसार अवधि कम भएको सबै मतदाताहरूका घर आगंनमा पुग्न नसकिएको, निर्वाचन बाहेकको समयमा पार्टीले कुनै विशेष जिम्मेवारी नदिएका कारण महिलाहरू जनतासंग नजिक हुन नसको, राजनीतिक दलको संलग्नता कम भएको, राजनीतिक दलको घोषणापत्रमा उल्लेख गरिएका सबै विषय राम्रोसंग जनतालाई बुझाउन नसकेको, निर्वाचन प्रचार प्रचार समाग्रीको ब्यवस्थापनमा कमजोरी जस्ता प्रमुख कारणका रूपमा उल्लेख भएका छन् । त्यसै गरि निर्वाचित जनप्रतिधिहरू वडापालिका, गाउँपालिका अर्थात कार्यपालिका र न्यायपालिका जस्ता निकायहरूको निर्णय प्रक्रियामा आफ्नो सहज पहुँच नपुग्ने, लैङ्गिकसमावेशीको कुरा गर्दा नसुन झै न बुझे झे गर्ने, क्रम पुराउनका लागि मात्र सहभागी गराउन खोज्ने महिला जनप्रतिनिधिहरूको क्षमता विकासमा चासो नदेखाउने गरेको अन्तरर्वाताको क्रममा जानकारी प्राप्त भएको छ । साथै अन्तरवार्ताकै क्रममा जानकारी हुन आएको उल्लेख्य पक्ष जिल्लामा क्रियासिल राजनैतीक दलहरूले पार्टीको कुनै पनि संगठनमा आफ्नो पार्टीको विधि विधान अनुसारको  लैङ्गिक सहभागिता गराउन न सकेको महिला भएकै कारण राजनितिकमा पछि परेको र पारिएको राजनैतिक दलहरूले महिला सहभागिताको बृद्धि गराउने विषयमा महिलै पनि नसोधे, पार्टी भित्र महिलाको क्षमता विकासको विषयमा छलफल नगरेको र क्षमता विकासको  क्रियाकलापहरू संचालन नगरेको । हाल आएर नेपालको संविधान र कानूनी ब्यवधानका अनुसार आरक्षणमा परेका कारण ०७४ सालको स्थानीय तहको निर्वाचनमा महिलाहरूले सहभागितामा बृद्धि भएको देखिएको छ ।

## ६.३ सुझावहरू

स्थानीय तहको निर्वाचन २०७४ मा सहभागी महिलाहरूको पारिवारिक पृष्ठभुमी, सामाजिक र आर्थिक विषयमा गरिएको अनुसन्धानमा निम्न विषयहरूमा केन्द्रित हुनुपर्ने सुझावहरू प्रस्तुत गरिएको छ ।

- महिलाहरू नेतृत्व तहमा आउन नसक्नुको कारकतत्वहरूको पहिचान गर्दै समान सहभागितात्मक पहलका उपायहरूको पहिचान गर्ने ।

- स्थानीय तहद्धारा संचालन हुने विभिन्न प्रकारका योजना आयोजनाहरूमा महिलाको निर्णायक भुमिका कस्तो रहेको छ भनी पहिचान गर्ने र निर्णायक भुमिकामा सक्रिय सहभागिता हुने वातावरण सृजना गराउन पहल गर्ने ।
- क्रियासिल राजनैतिक दलले आफ्नो पार्टीको जनसंगठनहरूमा महिला सहभागिता बृद्धि गराउन नसक्नु कारण पत्ता लगाई सहभागिता बृद्धि गराउन उत्पेरित गराउने ।
- राजनैतिक दलहरूले महिलाहरूलाई भोट बैंकको रूपमा मात्र प्रयोग गरे छ कि? महिलाहरूको नेतृत्व विकासका लागि विशेष गतिविधिहरू संचालन गरेको छ पत्ता लगाउने र त्यस प्रकारको क्रियाकलाप गर्न थप टेवा पुचाउने ।

# सन्दर्भ सूची


अन्नपूर्ण पाष्ट खवर डटकम (२०७५), *नेपालमा महिला आन्दोलनको इतिहास,* काठमाण्डौं ।

अनलाइन खवर डटकम (२०७५), *नेपाली महिलाको राजनैतिक इतिहास,* काठमाण्डौं ।

खनाल, मथुरा (२०७१), *घरेलु निर्णय निर्माण प्रक्रियामा महिला सहभागिता जामुने गा.वि.स. तनहुँमा गरिएको समाजशास्त्रीय अध्ययन* (अप्रकाशित शोधपत्र), समाजशास्त्र/मानवशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, त्रिभुवन विश्वविद्यालय, पोखरा ।

घिमिरे, समीक्षा (२०७४), *टोल विकास संस्थाको क्रियाकलापमा महिलाहरको सहभागिता र निर्णय प्रक्रियामा भुमिकाः पोखरा लेखनाथ महानगरपालिका-१५, फलेपाटन टोलको समाजशास्त्रीय अध्ययन* (अप्रकाशित शोधपत्र), समाजशास्त्र/ग्रामिण विकास विभाग, पृथ्वीनारायण क्याम्पस, त्रिभुवन विश्वविद्यालय, पोखरा ।

जिल्ला विकास समिति (२०७४), *जिल्ला विकास योजना (आ.व.२०७३/७४) सर्वदलिय जिल्ला परिषद्बाट पारित,* जिल्ला विकास समितिको कार्यालय ।

ढकाल, मिरा (२००७), *सातौ गाउँमा आमा समूहले सामुदायिक विकास तथा शसक्तिकरणमा पुऱ्याएको योगदान* (एम.ए. अप्रकाशित शोधपत्र), समाजशास्त्र/मानवशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, त्रिभुवन विश्वविद्यालय, पोखरा ।

तुलाधर, डा. जानकी (२०७२), *राजनितिमा महिला सहभागिता : चुनौती र सम्भावना,* धनगढी, कैलाली ।

दाहाल, कपिलमणी (२०६६), *कास्की जिल्ला ढिकुर पोखरी गा.वि.स. ठूलाचौरको ब्राह्मीण महिलाहरूको सामाजिक अवस्था* (एम. ए. अप्रकाशित शोधपत्र), समाजशास्त्र/मानवशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, त्रिभुवन विश्वविद्यालय, पोखरा ।

निर्वाचन आयोग (२०७४), *स्थानीय तह निर्वाचन,* जिल्ला निर्वाचन कार्यालय, म्याग्दी, धौलागिरी : अफसेट प्रेस बाग्लुङ ।

निर्वाचन आयोग (२०७४), *स्थानीय तह निर्वाचन,* जिल्ला निर्वाचन कार्यालय, धौलागिरी : अफसेट प्रेस बाग्लुङ ।

निर्वाचन आयोग नेपाल (२०७४), *निर्वाचनमा लैङ्गिकतथा सामाजिक समावेशीकरण,* निर्वाचन आयोग, कान्तिपथ, काठमाण्डौं ।

नेपालको संविधान (२०७२), *एक संङ्क्षिप्त टिप्पणी,* म्याग्दी ।

पुन, नरदेवी (२०६८), *मगर महिलाको राजनीतिक सहभागिता म्याग्दी जिल्ला एक अध्ययन* (अप्रकाशित शोधपत्र), मानविकी तथा सामाजिकशास्त्र अन्तर्गतको राजनितिकशास्त्र, त्रिभुवन विश्वविद्यालय, काठमाण्डौं ।

पुन, थमसरा (२०७७), *विद्यालय तहका छात्राहरको सिकाईमा मासिक श्रावको कारणले पारेको प्रभाव* (अप्रकाशित शोधपत्र), त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संङकाय, धवलागिरी बहुमुखी क्यमम्पस बाग्लुङ ।

बेनी अनलाईन खबर डट.कम (२०७५), *स्थानीय तह निर्वाचन,* म्याग्दी ।

बञ्जरा, सुशिला (२०७३), *एकल महिलाको सामाजिक रूपान्तरणमा संलग्नता कास्की जिल्ला लेखानाथ नगरपालिकामा आधारित समाजशास्त्रीय अध्ययन* (अप्रकाशित शोधपत्र), समाजशास्त्र/ग्रामिण विकास विभाग, पृथ्वीनारायण क्याम्पस, त्रिभुवन विश्वविद्यालय, पोखरा ।

बयलकोटी, सुमन (२०७६), *महिला सशक्तीकरणमा समूहको भूमिका, मौला कास्कीकोट, पोखरा–२४, कास्की जिल्लाको समाजशास्त्रीय अध्ययन* (अप्रकाशित शोधपत्र), समाजशास्त्र/ग्रामिण विकास विभाग, पृथ्वीनारायण क्याम्पस, त्रिभुवन विश्वविद्यालय, पोखरा ।

बराल, अनिता (२०६३), *वुमन रोल इन हाउस होल्ड डिसिजन मेकिङ्ग* (एम.ए. अप्रकाशित शोधपत्र), समाजशास्त्र/मानवशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, त्रिभुवन विश्वविद्यालय, पोखरा ।

बस्नेत, अशोककुमार, सुवेदी, कृष्ण प्रसाद (२०६९), *लैङ्गिकता र विकास, सोपान मासिक,* काठमाडौं ।

भासिन, कमला (१९९३), *आखिर जेण्डर के हो त ?* काठमाडौं : स्त्री शाक्ति ।

भण्डारी, सृजना (२०७५), *महिला खवर अनलाइन डट कममा प्रकाशित लेख,* काठमाण्डौं ।

महिला अधिकार मञ्च, (२०७४), *स्थानीय तह निर्वाचनमा महिला सहभागिता,* ललितपूर, काठमाण्डौं ।

मानव विकास प्रतिवेदन (२०२०), *यु.एन डि. पी.,* काठमाडौं ।

राष्ट्रिय जनगणना (२०६८), *संक्षिप्त नतिजा,* काठमाडौं : थापाथली, केन्द्रीय तथ्याङ्क विभाग ।

रिटजर, जर्ज (१९९६), *मोर्डन सोसियोलोजीकल थियोरी,* न्यू दिल्ली : अग्रहिल कम्पनी ।

लामिछाने, सिता (२०६२), *शहरीया महिलाहरूको सामाजिक तथा आर्थिक क्रियाकलापमा सहभागिता* (अप्रकाशित शोधपत्र), समाजशास्त्र/मानवशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, त्रिभुवन विश्वविद्यालय, पोखरा ।

शाखा तथ्याङ्क कार्यालय बाग्लुङ्ग (२०७२), *जिल्ला बस्तुगत विवरण,* म्याग्दी, तथ्याङ्क कार्यालय बाग्लुङ्ग ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय (२०७०), *लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी जानकारी पुस्तिका,* सिंहदरवार काठमाण्डौँ ।

# अनुसूची १

## अन्तर्वाता अनुसूची

**उत्तरदाताको ब्यक्तिगत विवरणः**

नाम : पालिका : वडा नं.: उमेर :

धर्म : जाती : शिक्षा : पेशाः

**उत्तरदाताको पारिवारिक विवरणः**

| क.स. | नाम थर | लिङ्ग | उमेर | शिक्षा | पेशा |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

१) तपाईको गाउँमा कुन कुन जातीको बसोवास रहेको छ ?

२) तपाई बसोवास गर्ने गाउँमा कुन कुन धर्म मान्ने समुदायको बसोवास रहेको ?

हिन्दु इसाई बौद्ध अन्य

३) तपाईको समुदायमा कुन कुन चाडपर्वहरू मनाउने गर्दछन् ?

४) तपाईको घरपरिवारमा कुन कुन चाडपर्व मनाउनु हुन्छ ?

५) तपाई पहिला के गर्नु हन्थ्यो ?

राजनितिक तथा सामाजिक कार्यकर्ता गृहणी महिला

अन्य केही भए खुलाउने

६) तपाई अहिले के गर्नु हुन्छ ?

राजनितिक तथा सामाजिक कार्यकर्ता गृहणी महिला कृषक

अन्य केही भए खुलाउने

७) तपाई कति साल देखि सामाजिक सेवामा लाग्नु भएको हो ?

८) तपाईको घर परिवारको सदस्यहरू मध्ये को को ले सामाजिक क्षेत्रमा काम गर्नु हुन्छ ?

९) तपाई आवद्ध संघसंगठनको नाम के हो ?

१०) आवद्ध संघसंगठनको कुन समितिमा हुनुहुन्छ ?

११) तपाईलाई समाज सेवामा लाग्ने प्रेरणा कसरी मिल्यो ?

१२) आवद्ध संस्थाको कुन पदमा हुनुहुन्छ ?

१३) तपाई संलग्न संस्थाको नेतृत्व कसले गर्नु भएको छ ?

महिला पुरूष

१४) समितिको बैठकहरूमा महिला प्रतिनिधिले राखेको विचारको सुनुवाई हुन्छ कि हुदैंन ?

१५) तपाई संलग्न संस्थामा महिलाहरूलाई मुख्य पदहरूमा राखेका छन् कि छैनन्

अध्यक्ष पद सचिव पद कोषाध्यक्ष पद अन्यकुनै पद

१६) तपाई कहिले देखि राजनीतिक सम्पर्कमा रहनु भयो ?

१७) राजनीतिक सम्पर्क कसरी भयो ?

१८) स्थानीय तहको निर्वाचनमा उम्मेवार बन्ने प्रेरणा कसरी पाउनु भयो ?

१९) स्थानीय तहको निर्वाचनको उम्मेवार तपाई कसरी हुनु भयो?

स्व इच्छाले परिवारको कुनै सदस्यले भनेर

आफू संलग्न पार्टीको मान्छेले भनेर अन्य कुनै ब्यक्तिले भनेर

२०) स्थानीय तहको निर्वाचनमा उम्मेवार हुदाँ परिवारबाट कतिको सहयोग पाउनु भयो ?

धेरै सहयोग पाए अलि अलि पाए ठिकठिकै

पाए कति पनि पाएन

२१) तपाई बसोवास गर्ने गाउँ टोलमा रहेका महिलाहरू कुनै संघ संस्थामा आवद्धता छन् कि छैनन् ?

२२) तपाईको बस्तीमा हुने टोल भेलाको नेतृत्व वा संचालन कसले गरेको हुन्छ ?

पुरूष   महिला

२३) तपाईले प्रतिनिधित्व गरेको पार्टीमा महिला सहभागिता कस्तो छ ?

धेरै राम्रो   ठिक   चित्त बुझ्दा   चित्तै बुझ्ने छ

२४) स्थानीय तहको चुनावको अभियानमा रहदाँ तपाई संलग्न पार्टीले गरेको सहयोग कस्तो लाग्यो ?

धेरै सहयोग पाए   अलि अलि पाए   ठिकै ठिकै पाए

कति पनि पाएन

२५) तपाई स्थानीय तहको जनप्रतिनिधि भई काम गर्दा सबै भन्दा बढी सहयोग र सद्भाव कस्को पाउनु भएको छ?

घरपरिवारका   छरछिमेकीको   आफन्तजनको

पार्टीको   कसैको पनि पाएको छैन

२६) तपाईको परिवारको मुख्य पेशा के हो ?

कृषि   ब्यापार ब्यवसाय   जागिर   अन्य कुनै

२७) तपाईको परिवारको मासिक आम्दानी कति छ ?

रु. १० हजार भन्दा कमि   रु १० हजार भन्दा माथि   रु २० हजार भन्दा माथि

रु. ३० हजार भन्दा माथि   रु४० हजार भन्दा माथि   रु ५० हजार भन्दा माथि

रु १ लाख भन्दा माथि   रु २ लाख भन्दा माथि

२८) तपाई घर परिवारमा जग्गा जमिन कति छ ?

५ रोपनी भन्दा   ६ देखि १० रोपनी सम्म

११ देखि १५ रोपनीसम्म   १५ रोपनी भन्दा माथि

२९) तपाईको आफ्नो नाममा जग्गा जमिन छ ?

छ   छैन

३०) तपाईको नाममा पेवा गाइबस्तु छन् कि छैन ?

छ   छैन

३१) छन् भने ती पेवा आफू खुसी बेच्न पाउनु हुन्छ ?

पाउँछु पाउदैन

३२) तपाईको परिवारमा घरजग्गा किनबेच गर्ने कार्यको निर्णय कसले गर्दछ ?

महिला पुरूष दुवै

३३) तपाईको नाउमा बैंक निक्षेप छ कि छैन ?

छ छैन

३४) तपाई बसोवास गर्ने समुदायमा महिला बढि छन् कि पुरूष ?

महिला पुरूष

३५) तपाईको परिवारमा घर भित्रको काम कस्ले गर्नु हुन्छ ?

मैले श्रीमान्ले साशुले/आमाले

सशुराले/बाबाले सबैले अन्य कसैले

३६) तपाईको परिवारमा घर बाहिरको काम नेतृत्व कस्ले गर्नु हुन्छ ?

मैले श्रीमान्ले साशुले/आमाले सशुराले/ बाबाले

सबैले अन्य कसैले

३७) घर भित्रको काममा तपाईको मुख्य जिम्मेवारी के होला ?

खाना पकाउने बालबच्चाको हेरचाह गर्ने घर सरसफाई

अन्य केही माथिको सबै

३८) तपाईको परिवारमा छोराछोरीको विवाह लगायत अन्य शुभकार्यमा कसको निर्णय लागु हुन्छ ?

महिला पुरूष दुवैको सल्लाह

३९) तपाईको कहिलेकाही सार्वजनिक भेला उत्सवहरूमा जान पाउनु हुन्छ कि हुदैंन?

पाउछु पाउदिन

४०) स्थानीय तहको चुनाव पछि विभिन्न कार्यक्रमहरूमा महिलाको सहभागिता बृद्धि भएको छ कि छैन?

# अनुसूची २

## मुख्य जानकार व्यक्तिः राजनैतिक पार्टी, नागरिक समाज र महिला अधिकारकर्मीहरूसंग छलफल गरिएका विषयहरू

१) म्याग्दी जिल्लामा स्थानीय तहको निर्वाचनमा कुन कुन पाटीको सहभागिता रहेको थियो ?

२) महिलाहरूलाई स्थानीय तहको चुनावमा सफल बनाउन क कसैको भूमिका हुन्छ जस्तो लाग्छ ?

३) स्थानीय तहको चुनाव पछि विभिन्न कार्यक्रमहरूमा महिलाको सहभागिता बृद्धि भएको छ कि छैन?

४) स्थानीय तहको चुनावमा  महिलाहरू आफै सकिय रहे कि अरु कसैको सहयोगले गर्दा चुनाव चितेका हुन ।

५) स्थानीय तहको चुनाव पछि महिलाहरू कतिको सफल भएको पाउनु भएको छ ?

६) तपाईको विचारमा स्थानीय तहको निर्वाचनमा महिला उम्मेदार बनाउन कसैको करकापले हो कि आफ्नै इच्छाले भएको हो जस्तो लाग्छ ?

७) स्थानीय तहको चुनावमा महिला उम्मेदार चुनावी मैदानमा रहदा कुन विषयले बढि प्रभाव पारेको पाउनु हुन्छ ?

८) जिल्लामा क्रियाशिल पार्टीले महिलालाई उम्मेवार बनाउदा राज्यले गरेको ब्यवस्थालाई परिपालन गर्नको निम्ती मात्र उम्मेदार दिएको हो वा महिलाहरूको सक्रियतालाई मध्येनजर गरेर उम्मेदार दिएको हो ?

९) राजनितिकमा महिलाहरू कत्तिको सफल भएको पाउनु हुन्छ ?

# अनुसूची ३

## मुख्य जानकार व्यक्तिहरूको नामावली

स्थानीय तह निर्वाचन २०७४ मा महिला सहभागिता (म्याग्दी जिल्लामा आधारित एक समाजशास्त्रीय अध्ययन)

| नाम | निकाय र पद |
|---|---|
| श्री नरदेवी पुन मगर | गण्डकी प्रदेश, सामाजिक विकास मन्त्री |
| श्री थममाया थापा मगर | पूर्व महिला बालबालिका तथा  जेष्ठ नागरिक मन्त्री |
| श्री दिवाकुमारी पुन | महिला अधिकार मञ्च जिल्ला शाखा  म्याग्दीको, अध्यक्ष |
| श्री रेखा कैशल रेग्मी | महिला मानव अधिकार रक्षक संजाल म्याग्दीको अध्यक्ष |
| श्री जमुना आचार्य | महिला अधिकार मञ्च जिल्ला शाखा म्याग्दीको सल्लाहकार |
| श्री गंगा शर्मा | बैकल्पिक उज्यालो विद्यालयका शिक्षिका |
| श्री तिलकुमारी राना | मिलन, म्याग्दी कोषाध्यक्ष |

# अनुसुची ४


## म्याग्दी जिल्लाको नक्सा



# अनुसुची ५

## कार्यक्षेत्र फोटो


## बेनी नगरपालिको नक्सा




## धवलागिरी गाउंपालिका नक्सा




# मालिका गाउंपालिका नक्सा




# मंगला गाउंपालिका नक्सा



## अन्नपूर्ण गाउंपालिका नक्सा




## रघुगंगा गाउंपालिका नक्सा

